

## सम्पादकीय



# राजपाको उच्च राजनीतिक परिपक्वता

सप्तरीदेखि पर्सासम्मका आठ जिल्ला समेटिएको प्रदेश नम्बर २ मा स्थानीय तहको चुनावी सरगर्मी तीव्र बनेको छ । संविधान संशोधन र स्थानीय तहको संख्या बढाउनुपर्ने मधेशी दलहरूको अडानका कारण स्थगित भएको प्रदेश नम्बर २ मा तेस्रो चरणमा असोज २ गते स्थानीय तहको निर्वाचन तोकिएको हो ।

दुई चरणको स्थानीय तह निर्वाचनमा ६ वटा प्रदेशमा अग्रता हासिल गरेको नेकपा एमालेले तेस्रो चरणको चुनावमा पनि शीर्षमै रहिरहन कसरतमा लागेको छ । नेपाली कांग्रेसले आफ्नो बलियो जनाधार भएकाले प्रदेश नम्बर २ मा एक सयभन्दा बढी सिट ल्याएर स्थानीय निकायमा ठूलो दल बन्ने दाउमा छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'मधेशसँग लभ' परेको भन्दै दोस्रो ठूलो दल बन्ने ध्येयमा छन् । मधेशको मुद्दा र माग आफूहरूले उठाएको भन्दै मधेशी दल राष्ट्रिय जनता पार्टी र उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरमले पनि प्रदेश नम्बर २ को स्थानीय तह चुनावलाई 'प्रतिष्ठा' को विषय बनाएका छन् । अन्य चरणको चुनाव बहिष्कार गरेको राजपालाई प्रदेश नम्बर २ मा राम्रो परिणाम नल्याए राष्ट्रिय राजनीतिमै आलोचित हुनुपर्ने स्थिति छ भने फोरम प्रदेश २ को चुनावमा सिट संख्या बढाउने दाउमा छ ।

> संविधान संशोधन फेल हुँदा मधेशीहरू हारे वा आत्मसमर्पण गरे र चुनावमा आए भन्ने सोचियो भने मूर्खता हुनेछ ।

प्रदेश नं. २ को स्थानीय निकायमा पाँच दलबीच मुख्य प्रतिस्पर्धा हुने देखिएको छ । राजपा, कांग्रेस, माओवादी केन्द्र, एमाले र संघीय समाजवादी फोरमबीच नै मुख्य प्रतिस्पर्धा हुने अवस्था छ । यद्यपी प्रतिस्पर्धामा को पहिलो, को दोस्रो र तेस्रो हुने, चुनावी परिणामले देखाउनेछ तर अहिलेको अवस्थाले पाँच दलबीच नै कडा प्रतिस्पर्धा हुने देखाएको छ । निर्वाचनमा भाग लिने निर्णय गरेर राजपाले आफ्नो राजनीतिक परिपक्वता र प्रौढताको प्रर्दशन गरेको छ ।

नयाँ संविधानको कार्यान्वयनको जिम्मा पनि यसको काँधमा छ । इतिहासले सुम्पेको जिम्मेवारी पूरा गर्न राष्ट्रिय सहमति अनिवार्य थियो । राजपालाई राष्ट्रिय राजनीतिको मूलधारमा ल्याउन संविधान संशोधन अनिवार्य थियो । हिमाल, पहाड, मधेशबीचको दूरी कम गरेर आन्तरिक राष्ट्रियता सुदृढ गर्न संविधान संशोधन अनिवार्य थियो । साम्प्रदायिक नश्लवादको खतराबाट राष्ट्रलाई जोगाउनु थियो । साम्प्रदायिक दङ्गा भड्काउन उद्दत शक्तिको सक्रियतालाई निस्तेज गर्न जरूरी थियो ।

एमालेले संविधान संशोधन प्रस्तावलाई प्रक्रियामा जान नदिन संसद् अवरोध गरेर आफ्नो अलोकतान्त्रिक र गैरजिम्मेवार हठ प्रदर्शन त गऱ्यो तर विकल्प पेश गरेन । एमालेसित सत्तास्वार्थबाहेक राष्ट्रिय एजेण्डा केही छैन । पछिल्लो पटक पेश भएको संविधान संशोधनको प्रस्ताव एमालेका कारण असफल भयो ।

मधेशको समस्या राष्ट्रिय समस्या हो । त्यसका लागि राष्ट्र एकै ठाउँमा उभिनु अनिवार्य छ । यो समस्या लम्बियो भने भोलिका दिनमा ठूलो सङ्कट उत्पन्न हुनेछ । अहिले संविधान संशोधन फेल हुँदा मधेशीहरू हारेर वा आत्मसमर्पण गरे र चुनावमा आए भन्ने सोचियो भने मूर्खता हुनेछ ।

मधेशी, जनजाति आदिवासी समेतका थाँतिरहेका समस्यालाई सम्बोधन गर्न पनि अग्रगामी शक्तिबीच राम्रो समझदारी र सहकार्य अनिवार्य छ । अहिले पनि अग्रगमन र प्रतिगमन बीचको अन्तर्विरोध पूर्ण रूपमा हल भइसकेको छैन । संघीयता विरोधी शक्ति परिवर्तन उल्टयाउन सधैँ सक्रिय रहनेछन् । परिवर्तनको स्वामित्व परिवर्तनकारी शक्तिले लिनुपर्छ ।

हिजो स्थानीय तहका दुईवटा चुनावमा राजपाको अनुपस्थिति अवश्य पनि सुखद थिएन । एउटा शक्तिलाई निर्वाचन जस्तो राष्ट्रिय अभियानबाट अलग राखेर जानु देशका जिम्मेवार पार्टी र त्यसमा पनि परिवर्तनका सहयात्रीलाई निकै पीडाको विषय भएको थियो । निर्वाचनको यो महाअभियानमा सबै हातेमालो गरेर अगाडि बढ्ने राजपाको पछिल्लो निर्णय राष्ट्रहितको पक्षमा छ ।

## साताको सात बात



वीपीको राजनीतिक साहित्यले मुलुकलाई अघि बढाउन सहयोग पुग्दै आएको छ । वीपीबारे अझै खोज, अनुसन्धान गर्न सरकारले आवश्यक सहयोग उपलब्ध गराउँछ । – **शेरबहादुर देउवा (प्रधानमन्त्री)**



मेरो नेतृत्वको सरकारले मधेश, पहाड र हिमाललाई विभाजित गर्ने षड्यन्त्रलाई परास्त गरेकै कारण मधेशमा पार्टी प्रवेश गर्नेहरूको लहर नै चल्न सफल भएको छ । – **पुष्पकमल दाहाल 'प्रचण्ड' (अध्यक्ष, माओवादी केन्द्र)**



मधेशीको बलिदानपूर्ण संघर्षलाई स्थापित गराउन यो चुनावको उद्देश्य हो । मधेश आन्दोलन क्रममा भएको करिब ६ दर्जन मधेशीको बलिदानलाई मतदाताले बिर्सेका छैनन् । – **महन्थ ठाकुर (अध्यक्षमण्डलीय संयोजक, राजपा नेपाल)**



संशोधन प्रस्ताव संसदमा असफल भएपछि सरकार प्रमुखले नैतिकताको आधारमा राजीनामा दिनुपर्छ । सरकारमा किन टाँसिएर बसेको होलान् ? – **भीमबहादुर रावल (उपाध्यक्ष, एमाले)**



मधेशको मुद्दा स्थापित गराउन राजपाले संविधान निर्माणदेखि दोस्रो संशोधन प्रक्रियासम्म खेलेको भूमिका नै जित्ने आधार हो । हामी मधेशमा ६० प्रतिशत स्थानीय तहमा जित्छौं । – **राजेन्द्र महतो (अध्यक्षमण्डल सदस्य, राजपा नेपाल)**



सुस्तामा नारायणी नदीले गरेको कटान नियन्त्रणका लागि तत्काल रकम विनियोजन गर्ने र सुस्ताका सबै समस्याका समाधानका लागि सरकार संवेदनशील छ । – **सञ्जयकुमार गौतम (सिंचाइमन्त्री)**



राष्ट्रिय जनता पार्टी नेपालले सबै उम्मेदवारको टुंगो लगाइसकेको छ । हाम्रो प्रारम्भिक तयारी र आंकलन ९० सिट जित्ने हो, त्यहीअनुसार तयारी भइरहेको छ । – **केशव झा (महासचिव, राजपा नेपाल)**

*प्रस्तुती : संगीता रेग्मी*

## ओली प्रवृत्ति अन्त्यका लागि

# मधेशबाट जनमत उठ्नुपर्छ



सीके लाल

> यो प्रवृत्तिको अन्त्यका लागि खासगरी मधेशबाट जनमत उठ्नुपर्छ । जनजातिको गोर्खालीकरण भइसकेको हुनाले उनीहरूबाट चुनौती आउन सक्दैन ।

राजनीति कुनै उद्देश्यका लागि गरिन्छ, देश र समाजको रूपान्तरण गर्ने । म के स्पस्ट पार्न चाहन्छु भने, म व्यक्ति खड्गप्रसाद ओलीको कुरा गरिरहेको छैन । म प्रवृत्तिको कुरा गरिरहेको छु । ओली प्रवृत्तिको राम्रो गर्ने उद्देश्य नै छैन । आफू सत्तामा पुगेर शक्तिको उपयोग गर्नेबाहेक कुनै उद्देश्य छैन ।

दोस्रो कुरा, राजनीतिमा नैतिकता बडो महत्वपूर्ण कुरा हुन्छ। तर, ओली प्रवृत्तिमा नैतिकता भन्ने कुरा हुँदैन । किनभने मान्छेको टाउको काटेर सुरू गरेको राजनीति हो, नैतिकता र मूल्य( मान्यतालाई त्यहीँ तिलाञ्जली दिइसकेको हो नि। मान्छेको हत्या गर्नुभन्दा नैतिक पतन अरू के होला र ? त्यो राजनीतिक रूपमा सफल भइदिएको भए अपराध भन्न मिल्दैनथ्यो होला । नभएपछि त अपराध नै हो नि । सजाय पाएका अपराधी हुन् ओली व्यक्तिगत रूपमा । त्यसैले नैतिक मूल्य र मान्यता छैन। त्यो नभएपछि आफ्नो फाइदाको लागि जे पनि गर्न सक्छन् ।

जहाँसम्म अहिले उनले गर्ने राजनीति हो, त्यस्तो प्रवृत्ति समाजमा जहिले पनि धेरै नै हुन्छ। त्यो भनेको अरूलाई घृणा गर्ने । कसैलाई प्रेम गर्न सिकाउन पो गाह्रो छ त, घृणा गर्न सिकाउन त सजिलो छ नि ! त्यसरी ठूलो जमात उत्पन्न हुन्छ । त्यो जमातलाई एक ठाउँमा राखि राख्नको लागि उनको मधेश विरोधी, भारतविरोधी नारा उपयोगी सिद्ध भएको छ । त्यसैले व्यक्तिगत रूपमा उनलाई दोष दिनुभन्दा पनि, त्यो ओली प्रवृत्ति चाहिँ राजनीतिक स्खलनको एउटा प्रमाण हो । त्यहाँ जो भए पनि हुने त्यही नै हो । त्यसैले ओलीलाई गाली गरिराख्नुको जरूरी छैन ।

समाजमा एउटा खलपात्र बनाएपछि मुक्त भइन्छ । त्यसरी मुक्त हुन खोज्नु बेग्लै कुरा नभए त्यो एउटा प्रवृत्ति हो । त्यो समाजमा जहिले पनि रहिरहन्छ । र, त्योसँग निरन्तर संघर्ष गर्न घृणाको शक्तिलाई प्रेमको शक्तिले जित्ने बाटो खोज्नुपर्छ । घृणाको शक्तिलाई घृणाद्वारा जित्न सकिँदैन । त्यसैले म ओली प्रवृत्तिलाई घृणा गर्ने पक्षमा चाहिँ छैन ।

हुन त समाज नै बौलाएको धेरै घटनाहरू छन् । जब राक्षसहरू बौलाए, अनि रावणको जयजय भएको हो नि । पाण्डव र कौरवको लडाइँमा कौरवको पक्षमा सारा महाभारत थियो, एउटा कृष्ण थिएनन् । हाम्रो आत्मसम्मान रक्षा गर्नको लागि हिटलरको उदय भएको हो भनेर जर्मनीको सबै सभ्य समाज हिटलरको पछाडि लागेका थिए। यसरी हिटलरको उदय भएको हो। मुसोलिनीको पछाडि इटलीका सारा जनता थिए । त्यसैले कहिलेकाहीँ 'मास म्याडनेस' हुन्छ । त्यसैले घृणाको खेती गर्ने चलाख नेता पर्योथ भने त्यसले सबैलाई केही कालसम्म मुर्ख बनाउन सक्छ । नेपालमाचाहिँ पछिल्लोपटक यो स्थिति १६ बुँदे सहमतिपछि देखिएको हो । र, त्यसको नेताका रूपमा खड्गप्रसाद शर्मा ओली स्थापित भएका छन्। त्यो त्यति अस्वाभाविक होइन ।

यी सबै उपक्रममा 'राष्ट्रवाद' को आवरणमा जनतालाई भ्रममा राखिएको छ । त्यसैले जनतालाई दोष दिन मिल्दैन । काठमाडौंको सत्ताधारी खास गरेर तथाकथित वामपन्थी र दूर दक्षिणपन्थीलाई भारतमाथि कुनै कुराको दबाब दिएर आफ्नो केही फाइदा लिनु छ भने राष्ट्रवाद उचाल्दिनुपर्छ । राष्ट्रवाद 'एटीएम मेशिन' जस्तो भएको छ, सत्ताधारीको लागि ।

भारतविरोधी भावनालाई नेपालमा जगाइराख्यो भने त्यसलाई हामीले नियन्त्रणमा राखेका छौं भन्ने नाममा काठमाडौंको सत्ताले नयाँ दिल्लीको सत्तासँग जहिले पनि लेनदेनको व्यवहार गर्छ । र, आफ्नो फाइदाको कुरा प्राप्त भएपछि चुप लाग्छ । जस्तो कि कालापानीको मुद्दा हेरौं । महेन्द्रलाई पञ्चायत टिकाउनुथियोस आँखा चिम्लिदिए । केही कुरा लिनु थियो र महाकाली सन्धीका बेला तत्कालिन एमालेबाट माले छुटेर नाराबाजी गर्दै भारतीय दूतावास पुग्यो । अनि, एमालेको मूल प्रवाहीकरण भयो। सत्तासँग जोडियो । त्यसपछि त्यो कालापानी हराएर गयो । दोस्रो जनआन्दोलनपछि एमाले प्राय: सबै सरकारमा छ । तर, त्यसपछि कालापानी, महाकालीको मुद्दा भारतसँग उठाएन । राज्यसत्तालाई दबाब पनि दिएन । तर, सरकारबाट बाहिरिएपछि राष्ट्रवादी मुद्दा फेरि आउन थाल्यो ।

यो व्यवहार लेनदेनको लागि भारतलाई दिने दबाब मात्रै हो । ( हिजोआज यो भन्नु उचित होइन तर) पहिले(पहिले कुनै दलितले 'ए बाजे, दक्षिणा दिन्छस् कि छोइदिऊँ ?' भनेजस्तै नेपालका सत्ताधारी, खास गरेर आफूलाई वामपन्थी भन्ने र दक्षिणपन्थीहरूका लागि भारतसँग लेनदेन गर्न 'दिन्छस् कि राष्ट्रवाद उचाल्दिऊँ' भन्ने सुविधाजनक नारा भएको छ, राष्ट्रवाद ।

यस्तो व्यवहारले उनीहरूलाई फाइदा पनि भएको छ । नत्र, कसरी यत्रो समयदेखि एउटै जमातले निरन्तर शासन गरिरहन सक्थे ? सत्तामा पृथ्वीनारायण शाहको घोडाको लिदले बनाएको बाटो पछ्याउँदै काठमाडौं पसेका परिवारहरूकै हालीमुहाली कायम रहेको छ, अढाइ सय वर्षदेखि । चाहे त्यो राणा, गुरूजी, पण्डित, ज्योतिषी वा व्यापारिक घराना, एउटै जमातको शासन चलिरहेको छ । त्यसैले राष्ट्रवादको सूत्र सफल भइरहेको छ । अढाई सय वर्षदेखि यो देश सधै गरिबको सूचीमा पर्दै आएको छ । यसका लागि दोष त निरन्तर शासन चलाइरहेको शासक वर्ग र समूदायलाई नै जान्छ ।

यो प्रवृत्तिको अन्त्यका लागि खासगरी मधेशबाट जनमत उठ्नुपर्छ । जनजातिको गोर्खालीकरण भइसकेको हुनाले उनीहरूबाट चुनौती आउन सक्दैन । किनकि, भारतमा जति दलित आन्दोलन नेपालमा हुन सकेको छैन । त्यसैले यसलाई चुनौती दिने मधेशले नै हो।

केही खसआर्यमा पनि यो प्रवृत्तिले, यो राष्ट्रवादले हाम्रै पनि खती गर्छ भन्ने महसुस भएको छ । किनभने, यसले केहीलाई त फाइदा हुन्छ तर अस्थिरता रहिरहँदा देश त अगाडि जाँदैन । अहिलेसम्म त देखिएको छैन । प्रदीप गिरी जस्ता दुई(चार जना अपवादहरू बोल्छन्, जसको राजनीतिक आधार मधेशमा छ । देवेन्द्रराज पाण्डे, दमननाथ ढुङ्गाना, पद्मरत्न तुलाधर जस्ता केही बुद्धिजीवीहरू पनि बोल्छन् । तर, ठूल्ठूला चरा काट्ने ठाउँमा सानो भँगेरोले कराएको कसले सुन्छ र ?

*(किशोर दहालसँगको कुराकानीमा आधारित)*

*नेपाललाइभ डटकमबाट साभार*

# गिद्ध संरक्षण : अबको बाटो



हेमचन्द्र महतो

**विषय प्रवेश**

प्रत्येक वर्ष गिद्ध संरक्षणका लागि अन्तर्राष्ट्रिय गिद्ध संरक्षण सचेतना दिवस मनाइन्छ । यो दिवस हरेक वर्ष सेप्टेम्बरको पहिलो शनिवार मनाउदै आइरहेको छ । गिद्ध संरक्षण कार्यलाई थप प्रभावकारी र आम सरोकारको विषय बनाउने उद्देश्यले यस वर्ष भाद्र १७ अर्थात सेप्टेम्वर २ शनिवारका दिन नेपालमा पनि नवौं अर्न्तराष्ट्रिय गिद्ध सचेतना दिवस मनाईयो । यस दिवसको मुख्य उद्देश्य गिद्धको महत्व, लोप हुनुको कारण र गिद्धको संरक्षण सहभागितावारे जनमानसमा जनचेतना जगाउनु नै हो । दक्षिण अफ्रिकामा सन् २००५ देखी नै मनाइदै आएको राष्ट्रिय गिद्ध सचेतना दिवसबाट विकसित भई सन् २००९ बाट अर्न्तराष्ट्रिय दिवसको रूपमा मनाउन थालिएको हो ।

यस दिवसका दिन सरोकारवाला संघ सस्था, सरकारी, गैह्रसरकारी निकायहरू विभिन्न किसिमका जनचेतनामुलक कार्यक्रमहरू जस्तै सचेतनामुलक र्‍यालि, सडक नाटक, क्याम्पस तथा विद्यालयस्तरीय संरक्षण प्रतियोगिताहरू। गिद्ध तस्विर तथा चित्रकला प्रदर्शनी, अन्तर्क्रिया गोष्ठि आदी गरी मनाउने गर्दछ । गिद्धलाई प्रकृतिको कुचिकार भन्ने चलन छ । यो एउटा मांशाहारी चरा हो । यो अग्ला बलिया रूख र पहराहरूमा गुँड बनाइ बस्छन् । मानिसको दृष्टि भन्दा आठ गुणा बढी टाढा सम्म दृष्टि पुग्ने पंक्षि हो । त्यसैले त हाम्रो समाजमा कुनै कुनै मानिसलाई गिद्धे दृष्टि भनी बोलचालमा संज्ञा दिने गरेको सुन्न पाइन्छ । यो पक्षि मरेका गाईबस्तु, जानावरको सिनो खाई बाँच्ने गर्दछ । गिद्ध फोहर, दुर्गन्धित बस्तहरूलाई आफ्नो आहार बनाई वातावरणलाई स्वच्छ एवं सन्तुलन गर्नुको साथै गिद्धले महामारी हैजा, प्लेग, झाडापखाला, रेबिज, एन्थ्राकस आदी जस्ता महामारी फैलन रोक्ने भुमिका खेल्दछ । त्यतिमात्रै नभई यसले धार्मिक तथा सांस्कृतिक महत्व पनि बोकेका एउटा पंक्षि हो । रामायणमा रावणले सीतालाई हरण गरी लंका लैजादा सीतालाई जोगाउन गिद्ध अन्तिम श्वास रहुन्जेल लडेको किवदन्ति छ । विश्वमा गिद्ध २३ प्रजातिका छन् । नेपालमा ९ प्रजातिका गिद्धहरू पाइन्छन् । सो मध्ये ६ प्रजातिका गिद्धहरू नेपालमै गुँड बनाइ बस्छन, बच्चा कोरल्छन् । बाकि प्रजातिहरू आगन्तुक हुन ।

**गिद्ध संरक्षणको स्ट्याटस**

आई.यू.सि.एन. ले सन् २०१६ मा गरेको एक अध्यन प्रतिवेदन अनुसार ४ प्रजाति अति संकटापन्न सूचीमा सुचिकृत भएका छन् । अकल्पनीय र अप्राकृतिक विनासले सानो खैरो, डंगर, लामो ठुडे, र सुन गिद्ध अतिसंकटापन्न र सेतो गिद्ध संकटापन्न अवस्थामा पुगेका छन् । अति संकटापन्न प्रजाति आउने दश वर्षभित्र लोप हुने सम्भावना पचास प्रतिशत हुन्छ ।

नेपालमा सन् १९९० ताका झण्डै ५ लाखको संख्यामा रहेका यो पक्षि अहिले यसको संख्या २० देखि २५ हजार सम्म रहेको अनुमान छ । सन् २००२ देखि २०१० सम्म नेपालमा गरिएको राजमार्ग ट्रान्सेक्ट सर्भे अनुसार डंगर गिद्ध ९० प्रतिशतले घटेको पाइएको छ ।

**गिद्ध विनासका कारणहरू:**

यसको मुख्य कारण हो, वासस्थानको विनास र पशु चौपायाहरूलाई औषधि उपचारको लागि प्रयोग गरिने औषधि डाइक्लोफेनेक युक्त सिनो खानु, स्वच्छ आहारमा कमि, सिनोमा विषको प्रयोग, पर्याप्त संरक्षण शिक्षाको अभाव आदी । दास एट अल ले सन् २०१० अनुसार डाइक्लोफेनेक युक्त सिनो खादा गिद्धको किडनि बिग्रिने र गिद्ध मर्ने प्रमुख कारण भनेर पुष्टि गरेका छन् । हुनत, यदि कसैले डाइक्लोफेनेक मुक्त क्षेत्रमा लुकाएर मानिसलाई प्रयोग गर्ने डाइक्लोफेनेकयुक्त औषधि पशु उपचारमा प्रयोग गरे गराएमा औषधि ऐन, २०३५ अनुसार ३ वर्ष कैद वा रू २५ हजार जरिवाना वा दुवै सजाय हुन सक्ने कानुनी व्यवस्था नभएको होइन । तर कानुनको प्रभावकारी कार्यान्वयन नभएकै कारण गिद्ध संरक्षणमा समस्या देखिएको भन्दा गतल न होला ।

**निष्कर्ष :**

गिद्ध संरक्षणका लागि नेपाल सरकारले २०६३ जेष्ठ २३ गते देखी पशु उपचारमा डाइक्लोफेनेकको प्रयोग, उत्पादन, आयात र बिक्रिवितरणमा प्रतिबन्ध लगाएको छ । डाइक्लोफेनेक नामक पशुमा लगाइने औषधि नेपालमा निषेध भएको ११ वर्ष पछि श्रावण २३ गते महोत्तरी जिल्ला डाइक्लोफेनेक मुक्त जिल्ला भएको घोषण भएको छ । हाल नेपालमा करीब ५८ जिल्ला डाइक्लोफेनेक मुक्त जिल्ला रहेको छ । गिद्ध संरक्षणका लागि दशकौं देखी निरन्तर रूपमा पशु उपचारका लागि डाइक्लोफेनेक को प्रयोग नगर्न सरकारी तथा गैह्रसरकारी निकायहरूले स्थानिय समुदायलाई समेत परिचालन गरिरहेको अवस्था छ । त्यति मात्र होइन, नेपालको सम्पूर्ण भूभागको करिब आधा हिस्सा सैधान्तिक रूपमा गिद्धका लागि सुरक्षित रहेको विभिन्न समयमा घोषणा भएको स्थिति छ । फलस्वरूप गिद्धका संख्यामा विस्तारै वृद्धि भइरहेको अध्ययन प्रतिवेदनहरूले देखिन्छ । यसरी गिद्धको संख्यामा भइरहेका वृद्धिलाइ मध्यनजर गर्दै राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग (सन् २०१५) अनुसार नेपाल सरकारले गिद्ध प्रजनन् केन्द्र, कसरा चितवनबाट केही गिद्धहरूलाइ प्रोभिजनल भल्चर सेफ जोनमा छाड्ने योजना समेत रहको देखिन्छ । अहिले गिद्धको संख्या करिव २० हजार रहेको अनुमान गरिएको छ । जे भए पनि गिद्धको संख्या ज्यादै थोरै रहेकोले यो पंक्षि अस्तित्व जोखिममै रहेको छ ।

**गिद्धको संरक्षणको लागि अबको बाटो**

त्यसकारण डाइक्लोफेनेक को प्रयोग भए नभएको निरन्तर अनुगमनको जरूरी देखिन्छ । विभिन्न अध्ययन प्रतिवेदन अनुसार गिद्धलाई विनास गर्ने अरू पनि एनएसएड औषधिहरू छन् । ति हुन नेमुसलाइड (कुथवर्ट एट अल, २०१५) , केटोप्रोफेन (नाइडो एड अल, २००९), एसिक्लोफेनेक (ग्यालिगन एट अल, २०१६) । तसर्थ गिद्धको विनाश हुनुबाट रोक्न वा नियन्त्रण गर्न गिद्धका लागि हानिकारक माथिका सबै औषधिहरू पशु उपचारको प्रयोगमा प्रतिबन्ध लगाउन सरकारले ठोस नीति ल्याउनु पर्ने देखिन्छ । गिद्ध संरक्षण कार्ययोजनालाई नेपालको पूर्वका जिल्लाहरूमा समेत विस्तार गर्दै लागु गर्नु पर्ने नितान्त आवश्यक देखिएको छ । तब मात्र हाम्रो देश नेपालको सम्पूर्ण भूभाग गिद्ध सुरक्षित क्षेत्रको रूपमा रहेको भनी हामी विश्वमा शिर ठाडो पारी उभिन सक्छौ ।

पछिल्लो दिनमा गिद्धको संख्या घटदोक्रम स्थिर भएको देखिन्छ । गिद्धको गुँडहरूको संख्या रूखहरूमा बढिरहेको पाइन्छ । यद्यपि गिद्ध अझै पनि पूर्ण संकटमुक्त र सुरक्षित भइसकेका छैनन् । हामी सानो हुदा यत्रतत्र सर्वत्र देखिने गिद्ध अहिले दुर्लभ भएको र यसको अस्तित्व नै खतरामा परेको कुरामा शायद हामी सबै सहमत छौं । अत: गिद्ध संरक्षणका प्रयासहरू अझै निरन्तर अगाडि बढाइनै राख्नु पर्ने देखिन्छ ।

डाइक्लोफेनेकको अवैधानिक प्रयोग, सिनोमा विषको प्रयोग, वासस्थान तथा आहारको अभाव, पर्याप्त संरक्षण चेतनाको कमीका साथै पर्यावरण संरक्षण गर्ने आदी अझै पनि हामी माझ चुनौतिको पहाड झै खडा छ । अत: लोप हुन लागेका धार्मिक, साँस्कृतिक र पर्यावरणिय महत्व बोकेका प्रकृतिका अभिन्न प्रजाति गिद्ध र त्यसको वासस्थानको वैज्ञानिक व्यवस्थापन गर्नु, गिद्ध लाई हानी पुऱ्याउने एन एस एड औषधिहरूको प्रयोगमा प्रतिबन्ध लगाउनुका साथ साथै गिद्ध संरक्षण वारे सचेतना अभिवृद्धि गर्न प्रभावकारी कार्यक्रमहरू कार्यान्वयन गर्न सम्बन्धित सबै सरोकारवालाहरू सक्रिय रूपले लाग्न आजको प्रमुख आवश्यक्ता हो ।

# एमालेले राष्ट्र विखण्डन गर्न खोजेको चर्चा छ

उम्मेदवारी दर्ताकै दिन जनकपुरधाममा टिकट नपाएपछि मोहन उपाध्यायले एमालेको झण्डा सडकमै फालेर आगो लगाइदिए । प्रदेश नं. २ को अधिकांश ठाउँमा यस्ता घटनाहरू भएका छन् । संविधान संशोधन विधेयक असफल गराउनुका साथै एमालेले मधेशलाई खुलेरै गाली गरेको छ । यसको प्रत्यक्ष असर यो निर्वाचनमा एमालेलाई पर्छ ।



**महेन्द्रकुमार मिश्र**
**राजनीतिक विश्लेषक**

**० राजपा चुनावमा आउनुलाई कुन रूपमा लिनुहुन्छ ?**

– संविधानमा त्रुटि रहेको कुरा एमालेबाहेक हरेक पार्टीले स्वीकार गरिसकेका छन् । हुन त हस्ताक्षर गर्ने बेलामा एमालेले पनि स्वीकार गरेको थियो । संविधान निर्माणका बेला पनि यो संविधानमा कुनै छुटेका वा त्रुटि भएका विषय छन् भने त्यो संशोधन गर्दै मिलाउने भनिएको थियो । बीच बीचमा संविधान संशोधनको कुरा पनि उठिरह्यो । तर, संसद्मा दुई तिहाइ आवश्यक पर्ने भएकाले अहिलेसम्म पनि संशोधन हुन सकेको छैन । हुन त पछिल्लो समय संशोधन प्रस्तावलाई सदनमा लैजाने सहमति भएको थियो । राजपाले हार जित जे भए पनि अगाडि बढौं भन्ने थालेको थियो । यसले गर्दा सरकार पनि संविधान संशोधन प्रस्ताव सदनमा पेश गर्दा कुनै समस्या नहुने भनेर पेश पनि गऱ्यो । यो संविधान संशोधन प्रस्तावमाथिको मतदानले मधेशका सवाललाई थप स्थापित गरिदिएको छ । किन भने अधिकांश सांसद् संशोधनको पक्षमा मतदान गरेका थिए । यसले प्रमाणित हुन्छ कि मधेशका मुद्दा जायज छन् । एमालेले सहयोग गरेन । राप्रपामा एउटा गुटले गऱ्यो, अर्कोले गरेन । यसले गर्दा आवश्यक संख्या पुगेन । प्रस्तावमाथिको मतदानअघि एउटा शर्त राखिएको थियो । हार जित जे भए पनि चुनाव जाने भन्ने बाटो राजपाले खुला गरेको थियो ।

**० विगतमा मधेशकेन्द्रित दलहरूले संविधान संशोधन नभएसम्म चुनावमा नजाने बताइरहेका थिए । तर, अहिले आएर मन्त्रिपरिषद्बाट सम्बोधन हुन सक्ने केही माग मात्रै पूरा गरी दिँदासमेत राजपा चुनावमा आएको छ । भनेपछि सबै माग पूरा नहुँदै चुनावमा जानु अहिलेको आवश्यकता थियो ?**

– मधेशकेन्द्रित दलमा देखिएको हठबादी सोच मलाई राम्रो लागेको छैन । हरेक आन्दोलनको पछाडि एउटा बाटो छोड्नुपर्छ । जति माग उठाइन्छ, ती सबै माग पूरा हुने अवस्था नदेखिनु र यसका लागि बल पुग्ने सम्भावना नरहेको अवस्थामा केही माग पूरा भए पनि स्वीकार गर्नुपर्ने थियो । त्यसपछि बाँकी मागका लागि संघर्ष त छँदै छ नि । तर, मधेशकेन्द्रित दलले हठ गरेर यी माग पूरा हुनै पर्छ, भएन भने हामी चुनावमा जान्नौं भन्दै आएका थिए । त्यो कुरा कमसेकम बोल्नु हुँदैन थियो । यसले गर्दा फिल्डमा उत्रिएका मधेशकेन्द्रित दललाई अवतरणमा कठिनाइ भयो । २०४२ सालको सत्याग्रह आन्दोलनमा गणेशमान सिंहले प्रष्ट घोषणा गर्नुभएको थियो कि सत्याग्रह कार्यक्रमको बीचमा कुनै अप्रिय घटना भयो भने हामी त्यही बेला आन्दोलन फिर्ता लिन्छौं । यसरी कांग्रेसी आन्दोलनकारीले त्यसबेला अवतरणका लागि एउटा बाटो छाडेका थिए । हो, एउटा बाटो छोडेर आन्दोलन गर्नुपर्ने थियो । तर, मधेशकेन्द्रित दलले सबै माग पूरा नभएसम्म हामी चुनावमा नजाने भनेर सबै बाटो बन्द गरेका थिए ।

**० माग पूरा नहुँदै चुनावमा ल्याएर सरकारले मधेशकेन्द्रित दलको हठ तोड्न सफल भएको हो ?**

– हठ तोड्यो त्यो म भन्दिनँ । हठलाई केही दलले पूर्णता दिन खोजेका हुन् । उनीहरूले संविधान संशोधन हुनुपर्छ भनेर संविधान संशोधन प्रस्ताव सदनमा दर्ता गराएका थिए ।

**० एक किसिमले यो हठ सकारात्मक बाटो तिर पनि गयो ?**

– हो । सकारात्मक बाटोतिर पनि गयो । कमसे कम मधेशकेन्द्रित दलका माग जायज हो, भन्ने कुरा सबैले महसुस गरे । अर्कोतर्फ मधेशवादी दलले पनि महसुस गरे कि अहिलेको अवस्थामा चुनावमा गएनौं भने जनताबाट हामी टाढा हुन्छौं ।

**० चुनावमा गएनौं भने जनताबाट टाढा हुने कुराको आभाष पहिलो र दोश्रो चरणको चुनाव हुँदा किन हुन सकेन ?**

– दोश्रो चरणको चुनावका बेला अलिअलि यो कुराको अभाष भइसकेको थियो । जस्तै पश्चिमतिर हृदयेश त्रिपाठी, सर्वेन्द्रनाथ शुक्ललगायतले स्वतन्त्र उम्मेदवार त खडा गरेका थिए । प्रदेश नम्बर २ मा चुनावको वातावरण बन्न लगेपछि मधेशकेन्द्रित दलका कार्यकर्तामा उकुसमुकुस भइसकेको थियो । होइन भने मधेशवादी पार्टीमा पहिरो जान सक्थ्यो ।

**० विगतमा मधेशकेन्द्रित दलले संविधान संशोधन नभएसम्म चुनाव नजाने भन्दै आएका थिए । तर, अहिले आएर संविधान संशोधन बिना नै उनीहरू चुनावमा गएका छन् । भनेपछि बोली परिवर्तन हुँदा कस्तो प्रभाव पर्छ ?**

– राजनीति नबुझेका मानिसले जथाभावी बोल्छन् । केहीले मधेशवादी दल पछाडि हुनुहुँदैन्थ्यो, मधेशवादी दल अडिग बन्नुपर्दथ्यो भनेर भनिरहेका छन् । मेरो विचारमा मधेशमा विभेद र उत्पीडन रहेको कुरा सबैले अनुभूति गरेका छन् । मधेशवादी दलकै हठका कारण त्यत्रो आन्दोलन हुन सक्यो । तर, आन्दोलनको स्वरूपमा मलाई चित्तबुझेको थिएन । मधेशका हरेक जनता विभेदबाट मुक्ति चाहेका छन् । भोलि गएर यी मागहरू पूरा भएनन् भने के कांग्रेसी चुप लगाएर बस्छन् ? के एमालेभित्र विद्रोह हुँदैन ? के माओवादीभित्र विद्रोह हुँदैन ? के राप्रपाभित्र विद्रोह हुँदैन ? विद्रोह भन्नाले एकैपटक सडकमा उत्रिने भनेको होइन, वितृष्णा त हुन्छ नि । त्यसकारण मधेशकेन्द्रित दल चुनावमा जानुलाई म एकदमै सकारात्मक रूपमा लिन्छु ।

**० तर, अहिले पनि केहीले चुनाव जानु हुँदैन भनेर पनि त भनिरहेका छन् । किन पछि हट्यो भनेर एक किसिमको अविश्वास पनि देखिएको छ नि ?**

– होइन । यो राजनीतिक सोच भएन । राजनीतिमा हाइजम्प गर्दा चार कदम पछाडि हट्नुपर्छ ।

**० भनेपछि मधेशकेन्द्रित दलमाथि अविश्वास गरिहाल्नुपर्ने अवस्था छैन ?**

– यसलाई अन्यथा लिनु हुँदैन । म एउटा घटना भन्छु, पञ्चायतकालमा बीपी कोइरालाको भनाइ आयो कि हामी स्थानीय निर्वाचनमा जानुपर्छ । त्यसबेला गाविस सदस्यदेखि जिला विकास समितिका सभापतिसम्मले चुनाव लडेका थिए । मैले भन्न के खोजेको भने जनताबाट हामी टाढा हुनुहुँदैन । त्यसबेला कांग्रेसले यही सोच राखेर यस्तो निर्णय लिएको थियो । त्यसबेला कांग्रेस केही ठाउँमा हाऱ्यो भने केही स्थानमा जित्यो । यो एउटा प्रयोग थियो । चुनावको एक वर्षपछि कांग्रेसबाट जितेर गएकालाई फिर्ता बोलाइयो । त्यसैले चुनाव जनताको बीचमा गइरहने एउटा बाटो हो । यो बाटो मलाई गलत लागेन । अहिलेकै कुरा गरौं । मधेशका जनता र नेतामा कत्तिको सामिप्यता छ ? मधेशकेन्द्रित दलको कुरा मात्र होइन, अरू ठूला दलको पनि जनतासँग कत्तिको सामिप्यता छ ? कुनै पार्टीले मेरो संगठन जनतासँग धेरै नजिक छ भन्छन् भने त्यो हावादारी कुरा मात्र हो । यहाँका जनता विभिन्न किसिमका समस्यामा छन् । भारतमा प्याजको भाउ बढ्दा अटलविहारी बाजपेयीको सरकार ढलेको थियो ।

**० तर, नेपालमा मानिसको टाउको र छातीमा गोली हान्दा पनि केही हुँदैन ?**

– त्यहि त । यहाँ टाउको र छातीमा गोली हान्दा पनि केही भएको छैन । शहीद घोषणा गरियो । १० लाख दिइएको छ । यसले गर्दा शहीदको पनि अवमूल्यन भइरहेको छ ।

**० मधेशकेन्द्रित दलका नेताहरूले मधेशीले नगरपालिकाका मेयर र गाउँपालिकाका प्रमुख बनाउन शहादत दिएका होइनन् भनेर भन्दै आएका थिए । यसलाई कुन रूपमा लिनुहुन्छ ?**

– शहीदप्रति म नमन गर्छु । मधेशका यी माग पूरा हुनुपर्छ । मधेशमा शोषण भयो, मधेशमा उत्पीडन भयो, मधेशसँग विभेद भयो भनेर लडेका थिए । संविधान संशोधनको मात्र विषयलाई लिएर शहादत दिएका होइनन् । अर्को कुरा मधेश आन्दोलनका क्रममा जुलुसमा धेरै मानिस दर्शक पनि थिए । गोली चलेको हो, गोलीमा आँखा हुँदैन ।

**० शहादत दिनेलाई राजनीतिक वा मधेशका समस्याका विषयमा चेतना थियो कि थिएन त्यो अर्को पाटो हो । तर, शहादत दिइसकेपछि उसको बलिदानीको अवमूल्यन त राज्य वा कुनै दलले गर्नु हुँदैन नि ?**

– यो नेपाल हो । एउटा उदाहरण दिन्छु, शहीद दुर्गानन्द झाको सपना साकार भएको छैन । उहाँलाई फाँसी दिइएको थियो । एकसे एक वीर पुरूषले शहादत दिए । अहिले सबै दल शहीदलाई सत्ताका लागि भऱ्याङका रूपमा प्रयोग गरिरहेका छन् । पहिलो मधेश आन्दोलनका शहीद रमेश महतोको सम्मान गर्दै बलिदानी दिवसका दिन सुरूका केही वर्षसम्म ठाउँठाउँमा कार्यक्रम हुने गरेका थिए । तर, अहिलेको अवस्था हेर्नुस् । एक-स्थान बाहेक अन्यत्र कुनै कार्यक्रम नै हुँदैन । त्यसैले शहादतको सार्थकता पूरा भएको देखिएको छैन ।

**० प्रदेश नं. २ मा नेकपा एमालेको आधार कस्तो छ ?**

– तेस्रो चरणको निर्वाचनमा राजपाले चुनाव लड्ने निर्णय गरिसकेपछि नेकपा एमालेको अवस्था कमजोर भइसकेको छ । साह्रै कमजोर त छैन तर प्रतिस्पर्धामा कमजोर देखिएको छ ।

**० एमालेकै कारण सप्तरी घटना भयो, संविधान संशोधन विधेयक असफल भयो यी र यस्ता घटनाहरू हेर्दा प्रदेश नं. २ मा एमालेको मनोविज्ञान कस्तो पाउनुभएको छ ?**

– एमालेभित्रै विद्रोहीहरू जन्मेका छन् । उम्मेदवारी दर्ताकै दिन जनकपुरधाममा टिकट नपाएपछि मोहन उपाध्यायले एमालेको झण्डा सडकमै फालेर आगो लगाइदिए । प्रदेश नं. २ को अधिकांश ठाउँमा यस्ता घटनाहरू भएका छन् । संविधान संशोधन विधेयक असफल गराउनुका साथै एमालेले मधेशलाई खुलेरै गाली गरेको छ । यसको प्रत्यक्ष असर यो निर्वाचनमा एमालेलाई पर्छ । संविधान संशोधनको पक्षमा ३ सय ४७ मत पऱ्यो तर विपक्षमा दुई ६ मात्र गयो । यसबाट प्रष्ट देखिन्छ कि एमाले अराष्ट्रिय तत्व हो, एमाले राष्ट्रलाई विखण्डन गर्न खोजेको हो भनेर ठाउँ-ठाउँमा चर्चा परिचर्चा भइरहेको छ । एमालेले पहाडमा इमोशनल ब्लैकमेलिङ्ग गरेको छ ।

**० प्रथम र दोस्रो चरणमा जसरी एमाले प्रथम पार्टी बन्यो, त्यसरी नै तेस्रो चरणमा कस्तो अवस्थामा आउँछ ?**

– तेस्रो चरणमा खासगरी कांग्रेस र राजपाबीचमै हुन्छ, एमालेको अवस्था कमजोर भइसकेको छ ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# मधेशमा एमालेको जनाधारमा ह्रास आएको छ

मधेश प्रतिको एमालेको जुन धारणा थियो त्यो मधेशी जनताले मूल्याङ्कनका साथ नियालीरहेका छन् । संविधान संशोधन हुन नदिनका लागि दोषी पार्टीको रूपमा एमालेलाई नै मधेशी जनताले मानेका छन् । त्यसैले एमालेको अवस्था दुई नम्बर प्रदेशमा त्यति राम्रो मान्न सकिदैँन ।



**कासिन्द्र यादव**
**युवा राजनीतिज्ञ**

**० अहिलेको राजनीतिक अवस्थालाई कसरी हेरिरहनु भएको छ ?**

– नेपालको राजनीतिमा एक दशकदेखि संविधान निर्माणको प्रक्रियामा राजनीतिक दलहरू केन्द्रित थियो । र अहिले आएर त्यो चरण मोटामोटी पुरा भएको छ । नेपालले एउटा संविधान पाएको छ । जुन अहिले कार्यान्वयनको प्रक्रियामा पुगेको छ । जसअन्तर्गत पहिलो र दोस्रो चरणमा स्थानीय तहको निर्वाचन भयो र अब तेस्रो चरणमा प्रदेश नं. २ मा स्थानीय तहको निर्वाचन हुन गइरहेको छ । अहिलेको परिप्रेक्ष्यमा राष्ट्रिय जनता पार्टी नेपालले पनि जुन पहिलो र दोस्रो चरणको चुनावमा सहभागिता जनाएको थिएन, त्यो तेस्रो चरणको चुनावमा सहभागिता जनाएसँगै संविधानको कार्यान्वयनको सम्भावना बढेर गएको छ । त्यो सन्दर्भमा संविधान निर्माणको प्रक्रिया एउटा विधिवत रूपमा पुरा भएको छ । तर मधेश जो लामो कालखण्डदेखि विभिन्न चरणमा आन्दोलन गर्दै आइरहेको थियो त्यसका स्टेक होल्डरहरू बाध्यताले वा परिस्थितवश चुनावमा सहभागि भएपनि मूल माग पुरा भएको छैन । जबसम्म मूलभूत एजेण्डा र यथार्थपरक एजेण्डा जीवित हुन्छ, तबसम्म राजनीति कुनै न कुनै हिसावमा विग्रह वा आन्दोलनको राजनीतिक जीवित हुन्छ । अहिले मधेश आन्दोलनको अवसान एवम् स्थगन भएका छन् तर यो कुनै न कुनै रूपमा आन्दोलन बाँचेकै अवस्था छ ।

**० संशोधन विधेयक संसदबाट पास नहुँदै राजपा नेपाल तेस्रो चरणको चुनावमा सहभागी भयो, यो निर्णय कस्तो लाग्यो तपाइँलाई ?**

– हैन, राजपा नेपालको बारेमा हाम्रो पहिलेदेखि स्पष्ट धारणा छ । राजपा नेपाल चुनावमा जानु कुनै अनौठो परिघटना होइन । राजपा नेपाल र मधेशवादी दलहरू सुरूदेखि नै सत्ता र संघर्षको राजनीति गरिरहेका छन् । यिनीहरूको चरित्र, यिनीहरूले बोकेको एजेण्डा र यिनीहरूले लिएको संकल्पहरूको अध्ययन गर्दा राजपा नेपालसँग धेरै विकल्प बाँकी थिएन । या त राजपा नेपाल जे जसरी भएपनि समर्पण भावले चुनावमा सहभागी हुनु पर्थ्यो या सहादत दिनु पर्थ्यो । त्यसकारण राजपा नेपाल अन्तोगत्वा चुनावमा सहभागि हुनु पर्थ्यो । किनभने संघीय समाजवादी फोरम नेपाल आफूलाई चुनावी शक्तिको रूपमा स्थापित गरिसकेका छन् । त्यसकारणले अबको राजनीतिकमा मधेशमा राजपा नेपाल वा फोरमको राजनीतिक औचित्य छैन भन्नु अतिवाद हुन्छ । यिनीहरूको महत्व हुन्छ । तर मधेशका मूलभूत माग जो अहिले पनि बाँकी छ त्यो पुरा गराउने क्षमता यिनीहरूसँग छैन । तर यिनीहरूको उत्प्रेरक शक्तिको भूमिका निर्वाह गर्न सकिन्छ ।

**० टिकट वितरण प्रक्रियाप्रति असन्तुष्टि जनाउँदै पार्टीभित्रै नेताहरूले आलोचना गरेका छन्, शहिदहरूको सहादतको कुनै कदर नभएको गुनासाहरू पनि छन् । यसमा तपाइँको के प्रतिक्रिया छ ?**

– आजको राजनीतिको समान्य ट्रेन्ड के देखिन्छ भने प्रत्येक पार्टीले पुराना कार्यकर्ताको योगदानभन्दा पनि को चुनाव जित्न सक्छन्, को बढीभन्दा बढी रूपैयाँ खर्च गर्न सक्छन् त्यसमा बढी ध्यान दिएको छ । समग्रमा चुनाव जित्ने प्रक्रियामा केन्द्रित भएको छ । किनभने सत्ता प्राप्तिको सबभन्दा उपयुक्त बाटो नै चुनाव जित्नु हो । तर, यसको नकारात्मक प्रभाव के छ भने चुनाव जितेपछि राजनीतिक सेटअप लिएपछि जुनसुकै रूपमा चुनाव जित्नु भनेको लोकतन्त्रको मूलमन्त्र नष्ट भएको छ । टिकट नपाएर कार्यकर्ता पार्टी छोडिरहेका छन् । त्यस हिसाबले के भन्न सकिन्छ भने क्रान्ति र आन्दोलन यदि असफल भयो भने त्यसको जगमा स्वार्थवाद र अवसरवाद जन्मिदो रहेछ । किनभने सार्वजनिक मूल्यमा सबैले जोखिम लिएको हुन्छ त्यो पुरा भएन भने सबै व्यक्तिगत रूपमा केन्द्रित हुन्छ । अहिलेको प्रक्रिया पनि राजनीतिक मूल्य भन्दा पनि व्यक्तिगत स्वार्थ पुरा गर्नमा हावी भएको छ । आजको दिनमा टिकट पाउनु, चुनाव लड्नु र चुनाव जित्नु नै त्यसको मूख्य एजेण्डा भयो । यो मधेशवादीमा अलि बढि नै देखिन्छ । अर्को कुरा के छ भने आजको बजारवादले के कुरा स्थापित गरेको छ भने हाम्रो अर्थव्यवस्थामा जुन परिवर्तन आएका छन् त्यसमा यो दलाल अर्थतन्त्र र रेमिटान्सको भरमा टिकेका अर्थतन्त्रको मनोविज्ञानको विकास भइरहेको छ । हिजोको दिन जमिन, जागिर र पेशाले स्टाटस निर्धारण गरिन्थ्यो त्यो आज रहेन । आज मूख्य विषय पैसा जसरी पनि कमाउनु नै रहेछ । त्यसकारणले वडाध्यक्षमा भएपनि यसमै चुनाव लड्न मरिहत्ते गरेका छन् ।

**० प्रमुख ठूला दलसहितको राजनीतिक दलहरूले जुन प्रकारको रणनीति बनाएर चुनावी मैदानमा गएका छन् त्यसलाई हेर्दाखेरी प्रदेश नं. २ को राजनीतिक कुन कोर्सतिर गइरहेको जस्तो लाग्छ ?**

– नेपालको राजनीति एउटा चरण पुरा गरेका छ, संविधान निर्माण र यसको कार्यान्वयन । यसलाई हेर्दाखेरी त्यसरी नै मधेशवादी दलको एक दशकको आन्दोलनको पनि एउटा कोर्स पुरा भएको छ । अहिलेसम्म सत्ता र संघर्ष समानान्तर रूपमा मधेशवादी दलले अघि बढाउँदै लगिरहेका थिए त्यो अब चुनावी राजनीतिमा सीमित भए । मधेशको राजनीतिमा सद्भावनाको राजनीति थियो त्यो फेरि अहिले सुरू भएको छ । मधेशको मुद्दालाई बोकी राख्ने चुनाव लड्ने र राजनीति गरिराख्ने यिनीहरूले गरिरहेका छन् । अब यिनीहरूमा मधेशको मुद्दालाई पुरा गराउने हैसियत छैन । त्यसैले नयाँ निर्माणको मनोविज्ञान जो अहिलेसम्म बाँकी छ त्यसमा टिकेर मधेश मुद्दालाई गम्भिरतापूर्वक पुरा गराउनका लागि एउटा नयाँ शक्ति जन्म लिनुपर्छ ।

**० अहिले सबै मधेशवादी भनाउँदा दलहरूले आफ्ना पार्टीबाट 'मधेश' शब्द हटाइसकेका छन् । फेरि तराई मधेशको राजनीतिमा प्रमुख ठूला पार्टीहरू नै हाबी भएको देखिन्छ । अब तराई-मधेशको भविष्य के हुनेछ ?**

– यो चिन्ताजनक विषय हो । अहिलेको परिस्थितीमा नेपालको राजनीतिमा हित गर्ने र मधेशको हित गर्ने मध्यम धारको निर्माण भएको थियो, जसको प्रतिनिधित्व मधेशवादी दलहरूले गरिरहेका थिए । तिनीहरूको अवसानले मधेशमा दुइओटा ट्रेन्डको विकास गरेको छ । एउटा मधेशमा तीन प्रमुख पार्टीहरू हाबी भइरहेको छ । अर्को युथहरूको ठूलो तप्का अब यो देशमा मागेर हुँदैन यो देशसँग छुट्नु पर्छ त्यो प्लेटफर्ममा जाने तीव्र रूपमा विकास भइरहेको छ । यी दुबै मधेशलाई अझै संकटमा पार्नेतिर लगिरहेको छ । २००८ सालदेखिको मधेशको मागमा गुणात्मक रूपमा केही फरक आएको छैन । अहिले इतिहास आफूलाई दोहोऱ्याइरहेको छ । प्रतिरोधी शक्तिको रूपमा लामो समयसम्म आफूलाई कायम राख्न सकिएन । आजको दिनमा इतिहास दोहोऱ्याइरहेको छ र यो त्रासदी हो । मूलधारको राजनीतिक शक्ति नै मधेश समस्याको समाधान हो । त्यसकारणले त्यो शक्ति जन्मिनु पर्दछ । सुरूदेखि नै मधेश राजनीतिमा समस्या छ । मधेशको मुद्दा अहिले पनि पहुँच, प्रतिनिधित्व र पहिचानमा केन्द्रित छ । यो मुद्दालाई सहभागितामूलक लोकतन्त्रमा समावेश गर्न सकिएन । त्यो सिद्धान्त सफल पनि हुँदैन । किनभने राज्यको जुन मनोविज्ञान छ त्यो आन्तरिक रूपमा मधेशलाई शत्रु ठान्ने र बाह्य रूपमा भारतलाई दुश्मन ठानेर बिम्ब राष्ट्रिय मनोविज्ञानको निर्माण भएको छ । यो राष्ट्रलाई पुनर्निर्माण नगरेर वा मधेशमा अलग राष्ट्रियताको परिकल्पना नगरेर समस्याको समाधान हुँदैन । जुन एकात्मक राष्ट्रियता छ त्यसलाई बहुराष्ट्रिय नबनाएसम्म र फरक युनिट तयार नपारेसम्म मधेशको समस्याको समाधन हुन सक्दैन । त्यसकारण एकात्मक राज्य व्यवस्थालाई अन्त्य गरी बहुराष्ट्रियको परिकल्पना गरि समस्या समाधान गर्नुपर्छ । त्यसरी समस्याको समाधान गरियो भने मधेशले समाधान पनि पाउँछ र मधेशको समस्या मूलभूत रूपमा सम्बोधन पनि हुन्छ । यसमै केन्द्रित रहेर काम गर्नुपर्ने आवश्यकता छ ।

**० नेकपा एमालेको दुई नं. प्रदेशमा कस्तो जनाअधार रहेको छ ? एमाले प्रति तराई मधेशको जनताले कस्तो दृष्टिकोण बनाएको छ ?**

– प्रदेश नं. दुईको परिप्रेक्ष्यमा एमालेको जनाअधारको कुरा गर्ने हो भने त्यो निश्चित रूपमा ह्रास आएको भन्न सकिन्छ । किनभने मधेश प्रतिको एमालेको जुन धारणा थियो त्यो मधेशी जनताले मूल्याङ्कनका साथ नियालीरहेका छन् । संविधान संशोधन हुन नदिनका लागि दोषी पार्टीको रूपमा एमालेलाई नै मधेशी जनताले मानेका छन् । त्यसैले एमालेको अवस्था दुई नम्बर प्रदेशमा त्यति राम्रो मान्न सकिदैँन ।

*(मधेशवाणीका लागि विजय यादवले गरेको कुराकानीको सम्पादित अंश)*

# काशीप्रसाद श्रीवास्तव र लोकतान्त्रिक आन्दोलन-३



डा. जगतप्रसाद पराजुली

पिताजीको निर्ममतापूर्वक हत्या भएपछि काशीबाबूको परिवारमा ठूलो बज्राघातको असहनीय एवं अकल्पनीय पीडा उत्पन्न भयो । माताले पैसीया नबस्ने निधो गरेर माइततर्फ जाने इच्छा प्रकट गरिन् । उनको विछिप्त अवस्थालाई केही सान्त्वना आफ्नै माइती पक्षबाटमात्र प्राप्त हुन सक्ने परिस्थितिलाई दृष्टिगत गरेर उनलाई दुल्हा स्टेटस्थित मामाघर पुऱ्याइएको थियो । दुल्हा स्टेटका स्थानीय अंग्रेज मेनेजर लाइनल हिल पेपे, अन्य अंग्रेज नागरिक भन्दा भिन्न थिए । अंग्रेज अफिसर भएर पनि आर्थिक लाभ कुनै पनि भारतीय सर्वसाधरणबाट लिदैनथे । उनको श्रीमती जसलाई स्थानीय व्यक्तिहरू मेम साहिवा, वेगम साहिवा भनेर सम्बोधन गर्दथे । उनी आफ्ना जुम्ल्याहा दुईवटा छोराहरू साथमा लिई घोडामा सवार भै तीर्थराजीको पीडामा महलम लगाउन आएकी थिइन । उनले माताजीलाई अंकमाल गरेर सान्त्वना प्रदान गर्दै हत्यारालाई जसरी पनि पक्राउ गरेर कानूनको कठघरामा उभ्याउने वचन दिइन र काशीबाबूलाई पनि यो हृदयविदारक घडीबाट रत्तिभर विचलित नभै आगामि दिनमा अध्ययन र पारिवारिक रेख-देखमा दिलचस्पी दिन सुझाइन् । केही फलफूल र मीठाई काशीबाबूको हातमा राखिदिइन् । शीरमा हात राखी आशिर्वाद दिएको सन्दर्भ निकै प्रेरणादायी थियो ।

हत्यारा पक्राउ :

मेम साहिवाले वचन दिए जस्तै लाइनल हिल पेपे ले आफ्नो इलाकाको क्षेत्राधिकारभित्र र सीमावर्ती ईलाकासम्म वारण्ट (पक्राउ पूर्जी) जारी गरिदिए । सुरक्षा निकायले अपराधीलाई धुँइपताल तलाश गर्‍यो र पक्राउ गर्न सफल भयो । उसमाथि फौज्दारी अभियोग अनुरूप कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ज भयो र आजीवन कारावासको सजाय पायो । मुद्दाले किनारा पाए पनि काशीबाबूको परिवारमा दुःखका दिन टरेका थिएनन् ।

काशीबाबूको वनारस प्रस्थान :

काशीबाबूले वस्ती इलाकाको एङ्ग्लो संस्कृत हाईस्कूलबाट मेट्रिक पास गरेका थिए । उच्च शिक्षा आर्जन गर्न अगाडि बढ्नुपर्ने अवस्था थियो । अध्ययनकै चाँजोपाँजो मिलाउदै गर्दा घरमा उक्त दुःखदायी घटना घटेको थियो । मामाघरमा आमालाई सुरक्षित राखेर राम्ररी सम्झाई-बुझाई काशीबाबू वनारसलर्फ प्रस्थान गरे । वनारस हिन्दू विश्वविद्यालयमा भर्ना हुन मामाका छोरा सन्तप्रसाद र आफ्ना हितैसी मित्र शितलप्रसाद उनका साथमा थिए । वनारस त्यसताका शिक्षा आर्जनको पावन भूमि थियो । स्थानीय नरेशले दान दिएको जमिनमा मदनमोहन मालवीयको ठूलो अनुकम्पाले उक्त विश्वविद्यालयको स्थापना सम्भव भएको थियो । भारतका ख्यातिप्राप्त नेताहरूले उक्त पवित्र स्थलमा प्रवेश गरेर स्वतन्त्रताको शंखनाद गरेका थिए । भारतीय भूमिमा अंग्रेज विरूद्ध छेडिएका जनजागरण अभियानमध्ये सबैभन्दा सशक्त आन्दोलनको उभार त्यहीबाट विस्तारित भएको थियो । यहाँ पनि काशीबाबूले महात्मा गान्धी, जवाहरलाल नेहरू, शुभाषचन्द्र वोस, जयप्रकाश नारायण, प्रेम चन्द्र, राहूल सांकृत्यापन, मदनमोहन मालवीय, हरहरानन्द करपात्री, राजेन्द्रप्रसाद जस्ता साहसिक, होनहार, कर्मठ राजनेताहरूसँग प्रत्यक्ष सम्पर्क गर्ने मौका पाए । उनका सारगर्भित सम्बोधन, निर्देशन, अपिल, विज्ञप्ति, पत्राचार, लेख/रचना तथा बहूमुल्य कृतिहरूसमेत अध्ययन गर्ने मौका पाए । वनारसबाट आइ.ए. को परीक्षामा उत्तीर्ण भएको समाचार सुनाउन मामाघर प्रस्थान गरे ।

माताजी तीर्थराजीको मृत्यु :

नानाजी (वासुदेवलाल) समक्ष उपस्थित हुने शिलशिलामा तत्कालिन दुल्हा स्टेट आइपुग्दा उनले अर्को दुःखद खबर पाए । उनकी आमा तीर्थराजी विछिप्त अवस्थाबाट सामान्यीकरण नभै मृत्युवरण गर्न बाध्य भएकी थिइन् । नाना-नानी, मामा-माइज्यूहरूले माताजीको निकै स्याहार-सुसार तथा औषधोपचार गर्दा पनि रोग बिसेक नभै झन-झन बढ्दै जादा यो हृदयविदारक घटना हुन गएको जानकारी उनलाई दिइएको थियो ।

अभिभावक नहुदाको पीडा :

शिक्षा-दीक्षा आर्जन गर्ने कठिन परिश्रमको बेला माता-पिताको संरक्षकत्व सदाका निमित्त गुम्न जानु ज्यादै विश्मयकारी परिवेशमात्र थिएन, भविष्य झन अन्धकारमय हुन गएको दूरगामी परिणामको द्योतक पनि थियो । आफू शिक्षाको ज्योतिपुञ्ज वनारस प्रवेश गरेर सुनौलो सपना बुन्न लागेकै समयमा अभिभावकको संरक्षण, अभिभावकत्व, वात्सल्य, स्नेह, भरणपोषण सबै गुमाउनु पर्दाको क्षण साह्रै कष्टकर, अव्यक्त एवं वियोगान्तक थियो । एकपछि अर्का घटनाले काशीबाबूको मनमा भगवान, ईश्वर, धर्म, अध्यात्म, भाग्य यी सबैका बारेमा विश्वास, आड, भरोषा टुटिसकेको थियो । भावी जीवन, एकाएक नैराश्यपूर्ण, अन्धकारयुक्त, दिशाविहिन बन्न पुगेको उक्त परिघटनाले उनको अन्तरमनमा ठूलो ज्वालामुखी उत्पन्न भयो । विवशतापूर्ण, विलखवन्धन र किंमकर्तव्यविमुढको परिस्थितिबाट गुज्रिनु परेको मौजुदास्थिति भयानक र असाध्यै अस्वभाविक बनेको थियो ।

मानवीय जीवन सधैं सरल रेखाबाट सहज किसिमले अग्रगमन उन्मुख हुँदो रहेनछ । सामाजिक प्राणी भएको नाताले समाजमा घटेका सबैखाले सुख-दुःखका घटनाहरूलाई स्वभाविक किसिमले आलिंगन गर्दै जीवनपद्धति संचालन गर्नु पनि जीवन भोग्नु र बाँच्नुको औचित्यभित्र नै पर्ने रहेछ । हासो र रोदनसँग अनोन्यास्रित बनेर जीवन, आफै बसेको समाजमा खोजिदो रहेछ । दुःखै दुःखको सन्तापबाट पिरोलिएर विलखवन्दमा पर्दा पनि जीवन जीउनु पर्ने र सुखै-सुखैको माहौलभित्र रहेर समेत जीवन निर्वाह गर्दै जानुपर्ने समाजिकीकरणको स्वभाविक चरण त्यहि खोजिदो रहेछ ।

अभिभावक गुमाउदाको क्षण काशीबाबूका निमित्त काबूभन्दा बाहिर थियो । जिन्दगी भत्काइदिएको मर्मस्पर्शी वेदना थियो । विरक्तिएर कतै हामफालिहालौं जस्तो लाग्ने दर्दनात्मक अवस्था थियो ।

नानाजीको संरक्षकत्व :

माथि उल्लिखित परिस्थितिलाई उनका नानाजीले सम्हालिदिए । शिक्षा-दीक्षाको सम्पूर्ण जिम्मेवारी आफूल लिए । माता-पिता, बन्धु-बान्धव, मित्र सबैको रूप धारण गरेर काशीबाबूलाई उनलेनै पथप्रदर्शन गरे । एक दिनमा ३०-४० किलोमीटर पैदल हिडेर तोकिएको सरकारी दस्तुर बमोजिम जागिर रकम बुझेर आफ्ना सन्तान सरह काशीबाबूलाई संरक्षकत्व प्रदान गरे । पुनः उनलाई वनारस गएर आफ्नो अध्ययन कार्य सुचारू गर्न मार्गनिर्देशन मात्र दिएनन्, उनले सरकारी सन्यन्त्रले भ्याएसम्म आफ्ना सन्तान सरह सबैखाले सुविधाहरू प्रदान गरी बि.ए. तथा एम.ए. को उच्च शिक्षा प्राप्त गर्न सक्ने सबै किसिमका उपायहरू अबलम्बन गरेरै भएपनि शिक्षा प्राप्तिको राम्रो प्रवन्ध मिलाई दिए ।

काशीबाबूले पनि शोकलाई शक्तिमा र शक्तिलाई शिक्षा आर्जनमा लगाए । बि.ए. मा भर्ना भएपछि अध्ययन-अनुशीलनको कार्य सँगसँगै राजनैतिक चेतनाजन्य गतिविधिमा उनको संलग्नता दिनानुदिन बढ्न थाल्यो ।

स्वामी करपात्रीजीको प्रभाव :

स्वामी हरहरानन्द करपात्री अर्धनग्न, क्षीणकाय शरीर भएका सन्यासी प्रवृत्तिका व्यक्ति थिए । योगी, सदाचारी, वैराग्य र त्यागीपना उनका विशिष्टता थिए । कुशबाट बनेको लगौटी लगाएर उनी सम्पूर्ण भारत घुम्न सक्थे । उनको ज्ञान, विद्वता, विज्ञता विलक्षण किसिमको थियो । दोप्रहर एक छाक भोजन ग्रहण गर्दथे । खुट्टामा जुत्ता-चप्पल धारणा गर्दैनथे । उनका विलक्षण प्रतिभाका लेख-रचना, कृतिहरू प्रकशित थिए । देशभर भ्रमण गरेर सारगर्भित उपदेश दिन्थे । त्याग, समर्पणको भाव सदैव प्रकट गर्दथे । देशको राष्ट्रियता, धर्म, दर्शन, भाषा, संस्कृति, अध्यात्म जस्ता अपरिहार्य साधनहरूको संरक्षण तथा सम्वर्धनमा आफ्नो सम्पूर्ण जीवन अर्पण गरेको सन्दर्भ व्यक्त गर्दथे । करपात्री थाल, कचौरा, बोहता, टपरा, पला आदिमा खाद्य पदार्थलगायत अन्न सेवन गर्दैनथे । खानका लागि उनलाई दुवै हातको ‘कर’ मा खाद्य सामाग्री प्रदान गर्नु पर्दथ्यो र दुवै हात उठाएर उनी त्यहाँ भएको सामाग्री ग्रहण गर्दथे । त्यसैले उनलाई करपात्री भन्ने गरिन्थ्यो ।

काशीबाबूलाई शुरू-शुरूमा स्वामी हरहरानन्द करपात्रीको निकै प्रभाव परेको थियो । निराशापूर्ण जीवनलाई करपात्रीको त्यागपूर्ण सदाचारिताले सकारात्मक सोचमा रूपान्तरण गर्न सघाएको अनुभवको पनि आभाष हुन्थ्यो । सन्त र शितल उनका दौंतरी र आफन्त पनि थिए । उनीहरूले विरक्तपूर्ण निराशाको मार्ग भन्दा राजनैतिक द्रष्टा र श्रष्टाहरूको अनुशरण सबैभन्दा उपयुक्त बाटो हो भन्ने विषयमा आफ्ना अभिमत प्रकट गरेर संन्यासीपनबाट बाहिर उतार्न उनलाई खुबै सम्झाउँथे । तर उनी भने चप्पल नलगाई यत्रतत्र हिड्ने, एक छाकमात्र शाकाहारी भोजन ग्रहण गर्ने, प्रवचन दिएर हिड्ने जस्ता कृयाकलाप गर्न थाले । सन्तप्रसाद र शितलप्रसादले काशीबाबूको सोही सन्यासीरूपमा उनलाई नानाजीसमक्ष उपस्थित गराए । नानाजीले उनको सन्यासी सदाचारिताको उद्देश्य, लक्ष्य र आकांक्षा प्रष्ट्याउन भने । काशीबाबूले पनि जीवन भोगाईमा प्राप्त गरेको नैराश्यताले शान्तिको याचना गरेको र त्यो तलास गरिएको शान्ति, त्याग, समर्पणभाव करपात्रीजीकै सनिध्यताबाट मात्र सम्भव छ भन्ने कुरा प्रष्ट राखे । दुवैका बीच दर्शनमय व्याख्यान केहीदिन चलिनै रह्यो ।

नानाजीद्वारा प्रशीक्षित :

देशको परिवेश, लौकिक-अलौकिक अध्यात्म दर्शनको विश्लेषण जस्ता सन्दर्भलाई लामो बहस, छलफल, परामर्श र विचारमन्थन गरेर नानाजीले काशीबाबूलाई राम्ररी सम्झाए । यथार्थवादी र वस्तुनिष्ट धरातलीय वास्तविकतामा रहेर बुद्धिमतापूर्ण ढंगले पाइला चाल्न सम्झाए । “करपात्रीको अभियानबाट देशले स्वतन्त्र अस्तित्व पाउछ कि माहात्मा गान्धीको अहिंसात्मक आन्दोलनका विविध चरणले स्वाधिनता ग्रहण गर्न सघाउँछ । त्यसलाई प्रष्ट धारणा बनाएर बाटो पर्गेल/मार्ग प्रशस्त गर” भनेर उनले “दबाबमा नपरी, निर्भिकतापूर्वक विकल्प रोज” भनेर सहि मार्गको छनौटमा स्वतन्त्रतापूर्वक विवेक पुऱ्याउन आदेश दिए । केही दिनको आन्तारिक अन्तरमनको द्वन्द्वबाट काशीबाबूले निष्कर्ष निकाले । अब आइन्दा स्वामीजीको मार्ग भन्दा गान्धीजीको अभियान नै मुलुक र मुलुकवासीको हितमा रहेको निर्णय स्वीकार गर्नुका साथै स्वाधिनताको लडाईमा लाग्ने निश्चय गरे ।

गान्धीवादी यात्रा अनुशरण :

महात्मा गान्धीले भारतको भूमिबाट अंग्रेजहरूलाई पलायन हुन बाध्य पार्ने हिसावले अनेक अभियान सँगसँगै सविनय अवज्ञा आन्दोलन संचालन गरिरहेका थिए । गान्धी, नेहरू, मालवीय, विनोवा भावे, राजेन्द्रप्रसाद, जयप्रकाश नारायण, मोरारजी देशाई, जिन्ना साहव, अम्वेडफर, शुभाषचन्द्र वोस जस्ता त्यसबेलाका उच्चकोटीका नेताहरूले जनतालाई स्वतन्त्रता, समानता, प्रजातन्त्र तथा कानूनीराज्य जस्ता लोकतान्त्रिक मुल्य र मान्यता अनुरूपको शासकीय प्रणाली रोज्न जनतालाई आन्दोलित तुल्याइरहेका थिए । वनारस विश्वविद्यालयमा महात्मा गान्धीको सम्बोधन थियो । उनको समसामायिक र सान्दर्भिक सम्बोधन पश्चात पंडित मदनमोहन मालवीय जो वनारस विश्वविद्यालयका संस्थापक थिए । उक्त संस्थामा विद्वान राधाकृष्णनन् तत्कालीन उपकुलपति थिए । उनीहरूले संयुक्त रूपमा गान्धीलाई कानूनमा महाविद्यावारिधिको मानर्थ उपाधि स्वीकार त गरे तर आफ्नो सम्बोधन भावनामा व्यक्त गरेको प्रसंग निकै रोचक थियो । “मलाई यो उपाधिको के काम ? म त अव्यवहारिक र अमर्यादित कानून सधैं तोड्ने वाला व्यक्ति हूँ ।” त्यसबेला अंग्रेजद्वारा बनाइएका औपनिवेसिक कानून, नियम र पद्धतिले मुलुक चलेको थियो । व्यापार गर्न आएका अंग्रेज व्यापारीहरूले भारतको अथाह सम्पत्ति दिनानुदिन दोहन गरिरहेका थिए । मुलुकभित्रको सम्पूर्ण समसामयीक पक्षमाथि चरम शोषण भैरहेको थियो । ब्रिटिश इस्ट इण्डिया कम्पनीको माध्यमबाट भएको जनतामाथिको थिचोमिचो सभ्य संसारमा सुहाउने किसिमको थिएन । सहायक सन्धी र राज्य हडप नीतिको प्रयोग गरेर भारतीय रियासतहरू कम्पनीको अन्तर्गत नियन्त्रित भैसकेका थिए । साम-दाम-दण्ड-भेद जस्ता सबैखाले हत्कण्डा प्रयोग गरेर देश र जनतालाई आफ्नो सिकञ्जाभित्र पारेका थिए । “भारतीयहरूमाथि विभाजन गर र शासन गर” भन्ने उनीहरूको सामरिक रणनीति प्रयुक्त थियो । निरंकुशता, अधिनायकवादीपन, औपनिवेशिकता जस्ता कठोर नीतिले गर्दा जनता पिरोलिएका थिए । देशको विद्यमान परिस्थितिलाई नेताहरूले विश्लेषण गरेर जनतालाई आन्दोलित गरिरहेका थिए ।

गान्धीले सम्पूर्ण विदेशी समानको वहिस्कार गर्ने र सरकारी संयन्त्र, संघ-संस्था, संगठनबाट अलग्गिएर आन्दोलनमा सहभागी हुन जनतालाई आकर्षित गरिरहेका थिए । शैक्षिक संस्थाबाट छात्र-छात्राहरूले ठूलो जोखिम मोलेर स्वतन्त्रता संग्राममा आ-आफ्नो किसिमले सहभागिता बढाउँदै लगे । मजदूर, किसान, श्रमिक वर्ग, विचारक, लेखक, साहित्यकार, पेशाकर्मी, व्यवसायी, उद्यमी, विद्यार्थी, शिक्षक सबै वर्गमा गान्धीको अनुयायी बन्ने होड चल्यो । काशीबाबू पनि स्वतन्त्रता संग्राममा मन, वचन र कर्मले दत्तचित्त भएर लागे । गान्धीवादी भेषभूषा, आचरण, प्रवृत्ति र अहिंसात्मक आन्दोलनमा सक्रियतापूर्वक सहभागिता जनाए । क्रमश.....

## रौतहटमा शान्तिपूर्वक मनोनयन दर्ता

राकेश यादव, रौतहट । आगामी आसोज २ गते हुने तेस्रो चरणको स्थानीय तहको निर्वाचनका लागि रौतहटमा शान्तिपूर्वक मनोयन पत्र दर्ता भएको छ । निर्वाचन आयोगले निर्धारण गरेको मिति समय अनुसार १८ वटा स्थानीय तहमा कडा सुरक्षाबीच मनोनयनपत्र दर्ता भएको हो । गौर नगरपालिकाको प्रमुखमा नेकपा एमालेबाट शम्भू साह, नेकपा माओवादी केन्द्रबाट टैटी देवी, संघीय समाजवादी फोरम नेपालका गौरीशंकर यादव, राष्ट्रिय जनता पार्टी नेपालबाट अजय कुमार गुप्ताले उम्मेदवारी दर्ता गराएका छन् ।

गौर नगरपालिकाको मेयरमा १७, उपप्रमुखमा १८ गरी ३४० जनाले उम्मेदवारी दिएका छन् । राजदेवी नगरपालिकामा नेपाली कांग्रेसबाट धीरेन्द्र सिंह, नेकपा एमालेबाट भिखारी प्रसाद यादव, नेकपा माओवादी केन्द्रवाट राजेश साह, फोरम नेपालबाट रामेश्वर प्रसाद यादव, राष्ट्रिय जनता पार्टी नेपालबाट अनिल कुमार सिंह, नेपाल लोकतान्त्रिक फोरमबाट अभिनव सिंह, स्वतन्त्रबाट लालबाबू राय यादव, अलोक कुमार राय, ललन यादव गरी १३ जनाले उम्मेदवारी दिएका छन् । उपप्रमुखमा ७, वडा अध्यक्षमा ६४, महिला सदस्यमा ३९, दलित महिला सदस्यमा ४५, वड़ा सदस्यमा १०४ गरी २७२ वटा मनोनयनपत्र दर्ता भएको निर्वाचन अधिकृत प्रकाश आचार्यले जानकारी दिएका छन् ।

ईशनाथ, राजपुर, परोहा, बौधिमाई, मौलापुर, फतुआ विजयपुर, कटहरिया, गरूडा, बृन्दावन, गुजरा, चन्द्रपुर, माधवनारायण, दुर्गा भगवती गाउपालिका, यमुनामाई गाउँपालिका शांतिपूर्ण रूपमा मनोनयन पत्र दर्ता भएको जिल्ला निर्वाचन अधिकारी राजन श्रीवास्तवले बताएका छन् । २० वर्षको लामो अन्तराल पछि हुन लागेको स्थानीय निर्वाचनमा आम मतदाताहरू निकै उत्साहित देखिएका छन् । बाजागाजाको साथै जुलुस सहित उम्मेदवारहरू निर्वाचन अधिकृतको कार्यालय पुगेर आफ्नो उम्मेदवारी दर्ता गराएका थिए ।

## महोत्तरीमा ४ हजार ४ सय १० मनोनयन दर्ता

जलेश्वर । महोत्तरी जिल्लामा स्थानीय तह निर्वाचनको लागि असोज २ गते हुने निर्वाचनमा २ सय ७० स्थानको लागि ४ हजार ४ सय १० जनाले विभिन्न पदमा उम्मेदवारी दर्ता गराएका छन् । मुख्य निर्वाचन अधिकृत किरण कुमार पोखरेलले जिल्लाको १० नगरपालिका र ५ गाउँपालिका गरी १५ स्थानीय तहमा विभिन्न पदको लागि यत्तिको संख्यामा उम्मेदवारी परेको जानकारी गराए । अधिकृत पोखरेलले बर्दिवास नगरपालिकामा ३ सय १४ जना, लोहारपट्टी नगरपालिकामा २ सय २० जना, औरही गाउँपालिकामा २ सय ७६ जना, पिपरा गाउँपालिकामा २ सय ६९ जना, जलेश्वर नगरपालिकामा ४ सय ६६ जनाले विभिन्न पदमा उम्मेदवारी दिएको जानकारी दिए । त्यसैगरी, एकडारामा २ सय २३ जना, भंगहामा २ सय ७६ जना, बलवामा ३ सय ६३ जना, मटिहानीमा २ सय ३६ जना, गौशालामा ३ सय ९५ जनाले मनोनयनपत्र दर्ता गराएका छन् भने महोत्तरी गाउँपालिकामा २ सय ३६ जना, सम्सीमा २ सय ६० जना, रामगोपालपुरमा २ सय ३६ जना, सोनमामा २ सय ७३ जना र मनरासिस्वामा ३ सय ५७ जनाले विभिन्न पदमा उम्मेदवारी दिएको अधिकृत पोखरेलले दावी गरे । उनले उत्साहका साथ स्थानीय तहको तेस्रो चरणको निर्वाचनको लागि स्थानीयहरू लागेका कारणले यत्तिको संख्यामा उम्मेदवारी परेको बताए । अहिलेसम्म पनि विभिन्न नगरपालिका र गाउँपालिकको दर्ता नामावली आउन नसकेको अधिकृत पोखरेलले बताए । उम्मेदवारी दर्ता दिएकामध्ये सबैभन्दा बढी जलेश्वर नगरपालिकामा ४ सय ६६ जनाले मनोनयन दर्ता गराएका छन् भने सबैभन्दा कम लोहारपट्टी नगरपालिकामा २ सय २० मनोनयन दर्ता भएको हो । मुख्य निर्वाचन अधिकृत पोखरेलले १५ जना प्रमुख, उपप्रमुख र अध्यक्ष, उपाध्यक्ष पदको निर्वाचनको लागि क्रमशः २ सय ९ र १ सय ४१ जनाले उम्मेदवारी दर्ता गराएको जानकारी दिए । त्यसैगरी, १ सय ३८ पदको लागि वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य पदमा क्रमशः १ हजार ११, ७ सय ७८ र ७४५ उम्मेदवारी परेको मुख्य निर्वाचन अधिकृत पोखरेलले जनाए । अन्य दुई पदको सदस्य २ सय ७६ मा १ हजार ५ सय २६ ले उम्मेदवारी दर्ता गराएको अधिकृत पोखरेलले स्पष्ट गराए । मुख्य अधिकृत पोखरेलले रातभरि नै उम्मेदवारी दर्ताको काम भएको बताउँदै फाराम भर्न, रसिद काटने लगायतका अन्य काममा समय लागेको र बिहीबार बिहानसम्म पनि काम भइरहेको जानकारी दिए । यसैबीच, महोत्तरीमा तिनजना पत्रकारहरूले पनि स्थानीय तहको निर्वाचनमा आफ्नो उम्मेदवारी दर्ता गराए । उम्मेदवारी दर्ता गराउनेहरूमा मटिहानी नगरपालिकाबाट नेपाल पत्रकार महासंघ महोत्तरीशाखाका पूर्व सभापति तथा केन्द्रीय पार्षद हरिप्रसाद मण्डल, पत्रकार महासंघ महोत्तरी शाखाका प्रदेश पार्षद बैद्यनाथ चौधरी तथा महासंघका कार्यसमिति सदस्य घनश्याम भगतले उम्मेदवारी दर्ता गराए । मण्डलले राजपाको तर्फबाट मटिहानी नगरपालिकाको प्रमुखमा, चौधरीले फोरम लोकतान्त्रिक पार्टीबाट पिपरा गाउँपालिकाको वडानं. ७ को वडाअध्यक्षमा तथा भगतले राजपाको तर्फबाट जलेश्वर नगपालिका वडानं. १ को वडा सदस्यमा उम्मेदवारी दर्ता गराए ।

## मधेश अपडेट

### संयुक्त अभ्यास निरीक्षण

रूपन्देही । का.मु. प्रधान सेनापति बलाधिकृत रथी बलदेव राज महतले भाद्र १८ गतेबाट रूपन्देही जिल्लाको सालझण्डीस्थित नेपाली सैनिक व्याट्ल स्कूलमा सञ्चालन भईरहेको नेपाली सेना र भारतीय सेनाको संयुक्त अभ्यास ‘भ्म्(क्ष्च्ष्ठ प्क्च्ष्ब्ल(ह्क्ष्क्ष’ को निरीक्षण गरेका छन् । निरीक्षण भ्रमणको दौरान का.मु प्रधान सेनापति महतलाई अभ्यास निर्देशक सहायक रथी शैलेन्द्र शम्सेर थापाले अभ्यास सूर्य किरण संचालन सम्बन्धी जानकारी गराउनुको साथै का.मु. प्रधान सेनापति महतले दुवै देशका सहभागी फौजद्वारा प्रदर्शन गरिएको प्रतिविद्रोह तथा प्रतिआतंकवाद सम्बन्धी प्रदर्शनी लगायत फायरिङको अवलोकन गरेका थिए । सोही क्रममा उनले सहभागीहरूसँग अभ्यास सम्बन्धी अन्तरक्रिया समेत गरेका थिए । उक्त निरीक्षण भ्रमण टोलीमा सैनिक तालिम तथा डक्ट्रिन महानिर्देशक उपरथी देब कुमार सुवेदी र मध्यपश्चिम पृतनापति उपरथी राजेन्द्र कार्कीको समेत उपस्थिति रहेको थियो । उक्त निरीक्षण भ्रमण पश्चात का.मु. प्रधान सेनापति बलाधिकृत रथी बलदेव राज महत बुधबारे काठमाण्डौ फिर्ता भएका छन् ।

### एमालेद्वारा आचार संहिताको व्यापक उल्लंघन

धिरेश दत्त, जनकपुरधाम । जनकपुरधाममा निर्वाचन आचारसंहिताको व्यापक उल्लंघन भएको देखिएको छ । तेस्रो चरणअन्तर्गतका निर्वाचन आश्विन २ गते हुने प्रदेश नम्बर २ को चुनावका लागि धनुषाका केही उम्मेदवारहरू मनोनयन दर्ता गराउने क्रममा विभिन्न तामझम, बाजागाजाको साथै डिजे प्रयोग समेत गरिएको देखिएको छ । खासगरी जनकपुरमा नेकपा एमालेले आफ्नो उम्मेदवारी दर्ता गराउने क्रममा पार्टी चिन्ह अंकित टि-सर्ट, टोपी तथा डिजेको प्रयोग गर्नुको साथै १५ बर्ष मुनिका बालबालिकाहरूलाई पनि प्रयोगमा ल्याईएको देखिएको छ । निर्वाचन आयोग पार्टी चिन्ह अंकित कुनै पनि पोशाक पहिरणमा रोक लगाए पनि धनुषामा यसको खासै प्रभाव परेको छैन । १५ बर्ष मुनिका बालबालिकाहरूलाई पार्टीका झण्डा बोकाई नाराबाजी गराउनुको साथै अगुवा नेता कार्यकर्ताहरूले पनि उनीहरूलाई प्रयोग गरेका छन् ।

### बुटवललाई राजधानी बनाउने : पौडेल

रूपन्देही । नेकपा एमालेका उपमहासचिब बिष्णु पौडेलले बुटवललाइ प्रदेश न ५ को राजधानी बनाइछाडने बताएका छन् । बुटवलललाइ राजधानी बन्न नदिने कोको हुन् मैदानमा आउन चेतावनीसमेत दिएका छन् । बुटवल उपमहानगरको बजेट, नीति तथा कार्यक्रम सार्बजनिक कार्यक्रममा बोल्दै उनले यस्लाइ रोक्ने को हुन्–ँदल,ब्याक्ती,नेता,मन्त्री वा प्रधानमन्त्री ? बुटवलको मैदानमा आएर बुटवल केन्द्र बन्न सक्दैन भन्ने हिम्मत गर भन्ने चेताबनी समेत दिए । ‘उनले आक्रोशीत हुदै बुटवल केन्द्र बन्दैन भन्ने हिम्मत बुटवलमै आएर गर्न चेताबनी दिदै भने बुटवल हरेक हिसाबले प्रदेशको राजधानी बन्ने संभाबित ठांउ हो । यसलाई रोक्ने कोशिषलाइ हामीले असफल वनाई छाडने बताए ।’

### नेपाल-भारत मैत्री पत्रकार महासंघ गठन

सप्तरी । पत्रकारहरूको एक भेलाले नेपाल-भारत मैत्री पत्रकार महासंघ गठन गरेको छ । राजविराजस्थित नेपाल पत्रकार महासंघमा सम्पन्न भेलाले धीरेन्द्रप्रसाद साहको अध्यक्षतामा सात सदस्यीय महासंघ गठन गरेको हो । नवगठित अध्यक्ष साह गोरखापत्रका सप्तरी जिल्ला समाचारदाता हुन् । नवगठित महासंघको उपाध्यक्षमा माला कर्ण, सचिवमा सतिश दत्त, सहसचिवमा संजिव विक्रम शाह, कोषाध्यक्षमा शुभचन्द्र झा छन् । यस्तै सदस्यमा मनोहर पोखरेल र विनयलाल कर्ण छन् । त्यस्तै सल्लाहकारमा वरिष्ठ पत्रकार शिवहरि भट्टराई, मुरलीप्रसाद यादव, व्याशंकर उपाध्याय, अवधेश झा र जितेन्द्र खड्का रहेका छन् ।

### बाढीपीडित विद्यार्थीलाई राहत वितरण

मोरङ । संघीय समाजवादी फोरम नेपालको भ्रातृ संगठन समाजवादी युवा फोरम नेपालले दुई सय जना बाढीपीडित विद्यार्थीहरूलाई राहत वितरण गरेको छ । रतुवामाई नगरपालिका वडा नं. ५, लारीकट्टामा एक सय जना विद्यार्थी र रतुवामाई ६, कादुपाडा सरस्वती माविका एक सय जना विद्यार्थीहरूलाई दुई सय थान विद्यार्थी पोशाक वितरण गरिएको हो । मंगलबार लारीकट्टा र कादुपाडामा दुई छुट्टाछुट्टै आयोजित कार्यक्रममा युवा फोरमले सत्तरी हजार बराबरको राहत सामाग्री विद्यार्थीहरूलाई वितरण गरिएको छ । यसका साथै रतुवामाईस्थित सिद्धकाली माविका विद्यार्थीहरूलाई पनि शैक्षिक पोशाक बाडिएको छ । नेपाली संघीय समाज जापानले बाढीपीडितका लागि ७० हजार नेपाल पठाएको थियो, जसलाई समाजवादी युवा फोरमले रतुवामाईको दुई वटा विद्यालयमा सो रकम बराबरको राहत सामग्री वितरण गरेको हो ।

### कांग्रेसका बुथ समिति अध्यक्ष फोरममा प्रवेश

वीरगन्ज । नेपाली कांग्रेस र एमाले पार्टी लगायत विभिन्न पार्टी परित्याग गरी सय जना भन्दा बढिले संघीय समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् । पर्सा गढी नगरपालीका अन्तरगत बागेश्वरी तितरौनाका बुथकमिटी अध्यक्ष काशी प्रसाद यादवको नेतृत्व रामजी साह, धुरूप गीरी, चन्द्रका यादव, नरेन्द्र हास लगायत डेढ दर्जन कांग्रेसका क्रियाशिल सदस्यहरू फोरम नेपालमा प्रवेश गरेका हुन् । यसैगरी नरेन्द्र प्रसाद पटेको नेतृत्वमा दिपेन्द्र प्रसाद पटेल, राजिन्द्र प्रसाद पटेल, ढोलन पटेल, शिव सहनी ओमप्रकाश पटेल, नन्दु पटेल , अर्जुन पटेल रघुपती यादव लगाय ७५ जना स्थानि नेपाली कांग्रेस ,एमाले लगायत विभिन्न पार्टी परित्याग गरी फोरम नेपालमा प्रवेश गरेका छन् । फोरम नेपाल बागेश्वरी गाउ समितीले आयोजना गरेको पार्टि प्रवेश कार्यक्रममा फोरम नेपालमा प्रवेश गर्ने सबैलाइ जिल्ला अध्यक्ष प्रदिप यादव, पार्टीका जिल्ला प्रवक्ता रामनरेश यादव, मधेश प्रदेश सदस्य महराज यादव, मनोज यादव लगायतका नेताहरूले अबिर लगाएर स्वागत गराएका थिए ।

### कांग्रेस परित्याग गरी फोरम नेपालमा प्रवेश

रौतहट । स्थानीय तहको तेस्रो चरणको चुनाव नजिकिँदै गर्दा नेपाली काँग्रेसको ठुलो गढ मानिने परोहा न.पा.३ तेजापाकडको धेरै पुरानो नेताहरू परित्याग गरी संघीय समाजवादी फोरम नेपालमा प्रवेश गरेका छन् । परोहा नगरपालिका हाल वडा नं ३ साविक गाविक तेजापाकड निवासी काँग्रेस रौतहटको पूर्व सभापति स्व.नारद सिंहको भतिजो रंजन कुमार सिंह उर्फ टुन्नु सिंह फोरम नेपालमा प्रवेश गरेका छन् । काँग्रेसले स्थानीय निवार्चनमा जातीवाद, कृपावाद र नातावाद हाबी भएको नेतृत्व र नीतिप्रति असन्तुष्टि जनाउँदै पार्टी परित्याग गरेको सिंहले बताएका छन् । नेपाली काँग्रेस पार्टीको संस्थापक र शेख इद्रीशसँगै सबै आन्दोलन देखि हरेक दुखमा साथ दिएको यो सिंह परिवारलाई जिल्लाका केही गलत निती र एक्लौटी शासन चलाउने नेतृत्वका व्यक्तिकै कारण धेरै पुरानो नेता कार्यकर्ताहरूले आज मसागै फोरम नेपालमा प्रवेश गरेको युवा नेता सिंहले बताए ।

### लुम्बिनीमा भण्डाफोर तथा जनप्रदर्शन

बुटवल । संसदीय व्यवस्थाको विरोध गर्दै वैज्ञानिक समाजवादको विकल्पसहित स्थानीय चुनाव खारेजी गरेको नेपाल कम्युनिष्ट पार्टीले ३ महिने संगठन सुदृढिकरण तथा प्रतिरोध अभियान सञ्चालन गर्ने भएको छ । संगठन निर्माण तथा सुदृढिकरण, संसदीय व्यवस्थाको भण्डाफोर तथा प्रतिरोध, जनवर्गीय संगठन तथा मोर्चाहरूको बैठक, भेला र सम्मेलन एवंम विभिन्न संघर्षका कार्यक्रमहरूसहित संगठनलाई सुदृढ गर्दै लैजाने नेकपाको योजना रहेको स्रोतले बताएको छ ।

### असहाय मञ्चद्वारा राहत वितरण

जनकपुरधाम । असहाय मञ्चद्वारा धनुषाको औरही गाउँपालिकामा मङ्गलबार राहत सामग्री वितरण गरेको छ । धनुषाको औरही गाउँपालिका वार्ड नम्बर १ मा असहाय मञ्चद्वारा बाढीपिडितहरूका लागि चामल १० केजी, दाल १ केजी, नून १ केजी, च्यूरा २ केजी, खाने तेल १ लिटर, आलु ५ केजी वितरण गरेको छ । मञ्चका अध्यक्ष बैजनाथ साहको अगुवाईमा उक्त राहत सामग्री वितरण कार्यक्रमा लायन्स क्लबका चेयरपर्सन ललित कुमार साह, लायन्स क्लबका पूर्वाध्यक्ष लक्ष्मी नारायण साह, कैलाश जैन, जनक पटेल, विजेता झा लगायत पत्रकार धिरेश दत्त, दिपक कर्ण, प्रमोद रंगीले, ओमप्रकाश साहहरूको उपस्थिति रहेको थियो । राहत पाएपछि बाढीपिडितहरू चुनावका समयमा नेताहरू खाली भोट माग्न आएको तर अहिलेसम्म कुनैपनि खोजखबर लिन नआएकाले स्थानीयहरू आक्रोशित थिए ।

### बिना कुनै निर्णय काठमाडौं फर्कियो

चन्द्रकान्त खनाल, रूपन्देही । सिंहदरवार बाहिर पहिलो पटक रूपन्देहीको भैरहवामा बसेको व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिको बैठक बिना कुनै निर्णय काठमाडौं फर्केको छ । बैठकमा सम्बन्धित मन्त्रालयका मन्त्री तथा सचिव र योजना प्रमुखको अनुपस्थितिले निर्णय लिन समस्या भएको सार्वजनिक लेखा समितिका सभापति डोरप्रसाद उपाध्यायले बताए । उनले उनीहरूले व्यबस्थापिका संसदको बैठकलाई अपहेलना गरेको भन्दै बैठकले खेद प्रस्ताव पारित गर्नुका साथै प्रधानमन्त्री कार्यालय मार्फत उनीहरूसंग स्प्रष्टिकरण सोधिने वताए । बैठकमा पर्यटन मन्त्री जितेन्द्र देव, भौतिक पूर्वाधार मन्त्री बिरबहादुर बलाल तथा ती मन्त्रालयका सचिव र योजना प्रमुखलाई बोलाईएको थियो । उनीहरूले व्यबस्थापिका संसदको बैठकलाई अपहेलना गरेर गम्भिर त्रुटी गरेको सभापति उपाध्यायले वताए ।

### कांग्रेसका सांसद यादवमाथि कुटपिट

सिरहा । नेपाली कांग्रेसका सांसद रामचन्द्र यादव आफ्नै कार्यकर्ताबाट कुटिएका छन् । स्थानीय चुनावको टिकट वितरणलाई लिएर सांसद यादवमाथि आफ्नै पार्टीका कार्यकर्ताहरूले कुटपिट गरेका छन् । सिरहा नगरपालिकाको टिकटलाई लिएर कांग्रेसमा डा. सुभाषचन्द्र यादव र उपेन्द्र यादव समूहबीच विवाद थियो । बुधबार विहान भएको छलफलमा डा. सुभाषचन्द्रलाई मेयर र उपेन्द्र यादव समूहबाट उपमेयरको उम्मेदवार तय भएको थियो । दुई समूहबीच रडका साथै खुकुरी हानाहान भएको थियो । झडपका क्रममा क्षेत्रीय सभापतिसहित १० जना घाइते भएका थिए ।

### कैलालीमा स्मार्ट लाइसेन्स वितरण

कैलाली । सेती अञ्चल यातायात व्यवस्था कार्यालयले बुधबारबाट विद्युतीय प्रविधिको स्मार्ट कार्ड ( लाइसेन्स) वितरण गर्न थालेको छ । हाल शुरूवाती चरणमा नवीकरण गर्नेलाई यो लाइसेन्स वितरण गरिने भए पनि केही सातामा नयाँ लाइसेन्स लिने सेवाग्राहीलाई पनि वितरण गरिने जनाइएको छ । यसको अवधि ५ वर्षको हुनेछ भने बनाउँदा पनि ५०० राजश्व तिर्नुपर्ने व्यवस्था छ ।

# स्थानीय तह निर्वाचनका लागि राजपाको घोषणापत्र

राष्ट्रिय जनता पार्टी नेपाल यो घोषणापत्र मार्फत देशवासीको हित र कल्याण प्रति आफूलाई समर्पण गर्दै सबैखाले विभेदका विरुद्ध र सम्मान, पहिचान एवं अधिकारका लागि भएको मधेश विद्रोह, लोकतन्त्र र परिवर्तनका लागि भएका सम्पूर्ण आन्दोलन र संघषका क्रममा आफ्नो प्राणको आहुति दिने तमाम वीर सहिदहरू प्रति श्रद्धाञ्जलि अर्पण गर्दछ। हामी राजपा नेपालका नेता, कार्यकर्ता तथा समर्थकहरू शहीदहरूको सपना साकार पार्नका लागि अनवरत सङ्घर्षरत रहने सङ्कल्प व्यक्त गर्दछौं। सम्मान, पहिचान, अधिकार, सङ्घीयता, स्वायत्तता, समानुपातिक समावेशीकरण एवं लोकतन्त्रका लागि आन्दोलनमा योगदान दिएका सम्पूर्ण सपूतहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दै तीनको अभिनन्दन गर्दछौं र शहीदहरूको सपना साकार पार्ने आन्दोलनमा दृढ संकल्पित रहने बाचा गर्दछौं

स्थानीय तहको तेश्रो चरणको चुनाव प्रदेश नम्बर दुई मा २०७४ असोज २ गते सम्पन्न हुदैछ। वर्षौ देखि विभेद र बहिष्करणमा पारिएका मधेशी, थारू, आदिवासी जनजाति, दलित, मुस्लिम, पिछडावर्ग, अतिपिछडावर्ग तथा आधा जनसङ्ख्याका रूपमा रहेका महिलाको सम्मान, अधिकार र पहिचानका लागि सङ्घर्षरत पार्टीलाई मतदान गरी आफ्नो भावी सन्ततिको भविष्य सुरक्षित गर्नु हामी सबैको कर्त्तव्य हो। विभेद, उत्पीडन र बहिष्करणमा पारिएका समुदाय तथा वर्गका व्यक्तिको पक्षमा सङ्घर्षरत पार्टीका उम्मेदवारलाई निर्वाचित गराई स्थानीय तहमा पठाउनु तपाँईको अधिकार मात्र नभई कर्त्तव्य पनि हो। राष्ट्रिय जनता पार्टी नेपाल यस्तै विभेद,उत्पीडन र बहिष्करणमा पारिएका मधेशी,थारू,दलित,मुस्लिम,महिला,तथा आदिवासी जनजाति लगायत सम्पूर्ण उत्पीडित जात, जातिको मुक्तिका लागि स्थापित सङ्घर्षशील एवं प्रतिबद्ध पार्टी हो।

**पार्टीका मान्यताहरू :**

☐ मधेशमा बस्ने सबैखाले सांस्कृतिक एवं भाषाभाषी समुदायका व्यक्तिहरूको ऐक्यबद्धता र एकीकृत प्रयासबाटै समृद्ध मधेशको परिकल्पनालाई साकार गर्न सकिन्छ। यसका लागि सबैको भाषा, संस्कृति, मनोभावलाई स्थान र सम्मान दिनुपर्दछ र सबैको भाषा सबैको भेष सबै नेपाली सबैको देश भन्ने मुल नारालाई अंगिकार गरिनुपर्दछ।

☐ मधेश कृषिप्रधान भूभाग भएकै कारण नेपाल कृषिप्रधान देश भएको हो। वास्तवमा नेपाल मधेश प्रधान देश हो। मधेशविनाको नेपाल कल्पना गर्न सकिदैन। मधेश समृद्ध भए मात्र देश सम्पन्न हुन सक्दछ। समृद्ध मधेश नै देशको सम्पन्नताको आधारशीला हो।यसैले यो पार्टी मधेश आधारित राष्ट्रिय पार्टी हो। अर्थात् राजपा नेपाल मधेश प्रधान वा मधेश केन्द्रीत राष्ट्रिय पार्टी हो।

☐ मधेशमा विद्यमान विविधता नै मधेशको शक्ति हो, यसको विशिष्ट पहिचान हो। मधेशमा बस्ने सबै मधेशी हुन्।

☐ भाषिक विविधताले एकातिर बहुलताको बोध गराउँछ भने राष्ट्रिय सम्पर्क भाषाले राष्ट्रिय एकतालाई प्रगाढ बनाउँछ। राष्ट्रिय सम्पर्कका लागि हामीसंग दुई भाषाहरू क्रमश : नेपाली र हिन्दी छन्। यी दुवै भाषा अब देशको स्वाभाविक सम्पर्क भाषाका रूपमा प्रयोग भईरहेका छन्।

**संविधान संशोधन सम्बन्धमा :-**

हाम्रो निरन्तरको संघर्ष र आन्दोलनको फल स्वरूप ९० प्रतिशत भन्दा वढीको अंकगणितीय वहुमत बाट बनाइएको संविधान जसलाई प्रमुख तीन दलले संसारकै उत्कृष्ट संविधान भनेका थिए र जसमा कमा र पूर्णविराम पनि परिवर्तन नगर्ने अड्डी कसेका थिए। त्यस संविधानमा जारी भएको मितिले महिना दिन नबित्दै २ वटा संशोधन पहिलो सामाजिक न्यायको हक समबन्धमा र दाश्रो जनसंख्या र भुगोलको आधारमा निर्वाचन क्षेत्रको निर्धारण गर्न वाध्य भए। तर पनि हाम्रो आन्दोलन नरोकिए पछि पुष्पकमल दहाल प्रचण्डको सरकारले फेरी सिमाङकन सहितको दाश्रो संशोधन प्रस्ताव ल्याउन बाध्य भए र त्यसमा पनि सहमति हुन नसके पछि पुनः भाषा, नागरिकता, राष्ट्रियसभाको प्रतिनिधित्व र धारा २०७४ सम्बन्धमा अर्को प्रस्ताव सदनमा प्रस्तुत भयो र जुन संविधान अधुरो छ भनेर हामीले भनिरहँदा सरकारले देश दुनियालाई १० प्रतिशतको मात्रै असन्तुष्टि छ भनेका थिए त्यस संविधानमा यो संशोधन पश्चात ५८ प्रतिशतले संविधान अपूर्ण, अधुरो र विभेदकारी रहेको वैधानिक रूपमै प्रमाणित गरेको छन्। र अब संविधान संशोधन गर्न झन् दवाव वढेको छ भन्ने हाम्रो मागहरू वैधानिक रूपमै स्थापित भएका छन्। त्यसर्थ स्थानीय तहको चुनावपश्चात् तत्कालै फेरि संविधान संशोधन गर्न दवाव दिनको निम्ति हाम्रा संघर्षको कार्यक्रम निरन्तररूपमा चलिरहनेछ र स्थानीय तहको चुनावको दौरान पनि हाम्रो सांकेतिक विरोध जारी नै रहनेछ। तर संसोधन प्रस्ताव नेपाल सरकारको प्रस्ताव भएको हुनाले त्यसको अस्वीकृति पश्चात अहिलेको कांग्रेस-माओवादी गठबन्धनको सरकार माथि प्रश्न चिन्ह खडा भएको छ र जुन रूपमा प्रस्ताव पास गराउन कांग्रेस-माओवादीले प्रयास गर्नु पऱ्यो, त्यस्तो गरेको देखिएन। अझ यस प्रस्तावको विपक्षमा मतदान गर्ने एमाले-राप्रपाले तीनिहरू मधेशी, आदिवाशी जनजाति, थारू, मुस्लिम लगायत सम्पूर्ण उत्पीडित र उपेक्षितहरूको विरोधी भएको वैधानिकरूपमै प्रमाणित गरेको छ। यी पार्टीहरूको लोकतन्त्र विरोधी, राष्ट्रिय एकता नचाहने र मुलुकमा द्वन्द सिर्जना गरी राजनीति गरिरहने अभिष्ट देखियो। जसको जवाफ यी पार्टीहरूलाई जनताले ब्यालेटको माध्यमबाट दिनु जरूरी छ।

**अन्य पार्टीहरूबारे राजपा नेपालको दृष्टिकोण :**

राष्ट्रिय जनता पार्टी नेपाल सबै पार्टीहरू भन्दा नितान्त भिन्न प्रकारको वैकल्पिक सङ्गठित शक्तिको रूपमा स्थापित एवं मधेशका मुद्दामा प्रतिबद्ध पार्टी राष्ट्रिय जनता पार्टी नेपाल हो। यो पार्टी विखण्डनबाट नभई आम मधेशी जनताको दवाव र प्रयासका बाबजुद मधेशी मोर्चाभित्रको ७ वटा पार्टी मध्ये ६ वटा पार्टी एकिकृत भई नवीन सोचाईका साथ गठन भएको हो। मधेश आन्दोलनबाट प्राप्त जनादेश प्रतिको प्रतिबद्धतालाई यस पार्टीले व्यवहारमै सिद्ध गरेको छ। यो पार्टी देशमा व्याप्त विभेदको अन्तय गरेर सामाजिक सदभाव , आपसी एकता, आर्थिक विकास, सामाजिक न्याय,राष्ट्रिय सम्पदाको संरक्षण एवं विकास गर्दै राष्ट्रिय समुन्नतिको मार्ग प्रशस्त गर्ने अभियानका साथ अग्रसर छ।

स्थानीय तहको तेस्रो चरणको चुनावको लागि तपाइँको प्रतिनिधिको रूपमा हाम्रो सशक्त उपस्थिति भए मात्रै हामी सबै तहमा विगतका आन्दोलनहरूमा अभिव्यक्त जनभावनालाई कार्यरूप दिन सक्नेगरी सशक्त भूमिका निर्वाह गर्न सक्दछौं। यसका लागि राष्ट्रिय जनता पार्टी नेपाल मधेश र पहाडका सबै समुदायलाई ऐक्यबद्ध गरी “एकतामै शक्ति छ”भन्ने भावनाबाट काँधमा काँध मिलाई हिँडदै नेपाली जनताको विजय हुने प्रकृतिको यात्रामा साथ दिन हार्दिक आहबान गर्दछ। आउनुहोस्, हामी सबै सँगै मिलेर **समृद्ध मधेश र सम्पन्न** देशको निर्माणका लागि एकजुट भएर लागौं।

**वन नीति तथा चुरे तराई मधेश संरक्षण विकास :**

नेपालमा उपलब्ध प्राकृतिक साधन श्रोतले देश विकासमा निकै महत्वपूर्ण भूमिका खेलेको छ। नेपालका प्राकृतिक साधन वन, माटो, पानी र खनिज हुन। प्राकृतिक साधनको सदुपयोग हुन जनशक्ति र प्रविधिको खाँचो पर्दछ।

तराई मधेशमा परम्परा देखि नै मधेशको उत्तरमा रहेको वन लगायतका प्राकृतिक श्रोतको उपभोग गर्ने गरेका जनताहरू यि श्रोत उपभोग गर्नबाट बन्चित भएका छन् किनभने वन अतिक्रमण गरि बसेका प्राकृतिक श्रोत नजिकका उपभोक्ताहरूले प्राथमिकता र अग्राधिकार पाएको छ।

यस अवस्थामा प्राकृतिक श्रोतमा सवैको समान अधिकार कायम गर्न“ राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक श्रोत साधनको संरक्षण, सम्बर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानिय समुदाय तथा परम्परागत उपभोक्तालाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने” व्यवस्था राष्ट्रिय जनता पार्टीको प्रमुख वन नीति छ।

वर्तमान अवस्थामा पहाडमा सामुदायिक वनको रूपमा सवै जनताको कानूनी अधिकार कायम भएको र तराईमा वन अतिक्रमण गरी वन नजिक वस्ने उपभोक्ताले सामुदायिक वन पाएका छन् भन्ने तराई मधेश कै राजमार्ग दक्षिणका जनता वन उपभोग गर्नबाट बन्चित छन्। तसर्थ तराईको हकमा साझेदारी वनको माध्यमबाट दिगो वन व्यवस्थापन गरी साझेदारी वनको प्रवर्धन गरी सवै जनताको प्राकृतिक श्रोत तथा राष्ट्रिय सम्पति माथि समान अधिकार, वातावरणीय संतुलन गर्न प्राकृतिक श्रोतको संरक्षण र उपयोगमा आम नागरिक सहभागी भएमा मात्र राष्ट्रिय हित अनुकूल हुने छ भने मान्यताका साथ राष्ट्रिय जनता पार्टीले प्राकृतिक श्रोतको उपभोगमा देखिएको विभेदको अन्त्य गर्न सक्रिय रूपमा पहल गर्ने छ।

मधेशको शिर भाग चुरे पर्वत श्रृंखला हो। चुरे संरक्षण अहिले मधेशको सन्दर्भमा सवैभन्दा प्रमुख माग हो। चुरे वन विनास, ढुगां गिट्टीको अनियन्त्रित निकासीले वातावरणमा प्रतिकुल प्रभाव पर्नाले समयमा वर्षा नहुने जाडोयाममा शित लहरको समस्या संगै ग्लोबल वारमिङ वढनाले ठूलो समस्या उत्पन्न भएको छ, जसको मानव जीवनमा प्रत्यक्ष प्रभाव परिरहेको छ। यति मात्रै होईन चुरे क्षेत्रमै पनि र आसपासका दक्षिणी गाउँहरूमा समेत हयाण्ड पम्पमा खाने पानी नआउने, कुवांहरू सुक्नेजस्ता विकराल समस्या उत्पन्न भएको छ। अझ वर्षायाममा त हरेक वर्ष खोलामा आएको वालुवाले हेक्टरको हेक्टर मधेशको उर्वर भुमि मरूभुमिमा परिणत भैरहेको छ। झन यस पालिको विनाशकारी वाढीले मधेशमा खेती योग्य जमिनदेखि भौतिक संरचना र व्यापारिक सामाग्रीहरू गरी अर्बौको क्षति गरेको अवस्था छ। तसर्थ यी विकराल समस्याहरू बाट मुक्ति पाउनु अहिलेको सवैभन्दा ठूलो चुनौती हो जसअनुसार राष्ट्रपति चुरे तराई मधेश संरक्षण अभियानलाई तीब्र बनाउदै विदेशिएका युवाहरूलाई मधेश मै फर्काई वन जोगाउनेदेखि, नगदे वृक्ष ब्यापारलाई बढावा दिदै छिटो हुर्किने प्रकारको वृक्षारोपन गरी चुरे भावर क्षेत्रमा पानी संकलन गर्न ड्यामहरूको निर्माण गर्ने, खोलाहरूमा चुरे क्षेत्रदेखि वोर्डरसम्म दुवै साईडमा तटवन्ध गर्ने र प्रत्येक २ वर्षमा खोलाहरूलाई खनि गहिरो बनाउने, ढुगां गिट्टी पैठारी रोक्ने कार्य नगरेसम्म मधेशलाई जोगाउन सकिदैन। यस कार्यलाई पार्टीले प्राथमिकता साथ अगाडी वढाउनेछ। तराई मधेशको जनताको काठ-दाउरा सुलभ आपूर्तिको लागि पार्टीले साझेदारी वन व्यवस्थापन प्रणालीलाई प्राथमिकताका साथ अगाडी बढाउनेछ। साथै यस वर्ष वाढीले भएको क्षतिको पूर्तिको लागि **वाढी पीडित पुनर्निर्माण प्राधिकरणको** गठन गरी कृषिमा भएको नोक्सानी, व्यापारमा भएको नोक्सानी भौतिक संरचनाको क्षति लगायतको लागत संकलन गरी प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयण गर्न पहल गरिनेछ।

**मधेस आन्दोलनका शहीद परिवार, घाइते तथा झुठा मुद्दाहरू :**

☐ शहीद परिवारका व्यक्तिहरू अति नै गरिब र विपन्न भएका कारण तिनका परिवारका सदस्यहरूको शिक्षा, स्वास्थ्य र रोजगारका लागि समुचित व्यवस्था गरिनेछ।

☐ मधेसमा भएका हत्या हिंसाका घटनाहरूको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसहरू अविलम्ब सार्वजनिक गरियोस्। साथै दोषी किटान गरेका व्यक्तिहरू माथि कानुनबमोजिम कारवाही गर्न माग गरिने छ।

☐ तराई मधेस थरूहटमा भएका घटनाको छानबिन गर्न सर्वोच्च अदालतका पूर्व न्यायाधीश गिरीशचन्द्र लालको संयोजकत्वमा गठित उच्च स्तरीय छानबिन आयोगको प्रतिवेदन अविलम्ब सार्वजनिक गरी दोषी किटानी गरिएका व्यक्तिहरूमाथि कानुनबमोजिम कारवाही र पीडितरूलाई न्याय दिलाउनका लागि पार्टिले संघर्ष गर्ने छ।

☐ मधेस आन्दोलनका क्रममा शहादत प्राप्त गरेका व्यक्तिहरूको सम्मानमा जिल्ला जिल्लामा स्मारक स्थल निर्माण गरिने छ।

☐ राज्यद्धारा शहीद परिवारहरूलाई क्षतिपुर्ति स्वरूप प्रदान गरिएको रू. १० लाखलाई उपयोग गर्नमा लगाइएका अनावश्यक प्रतिन्धहरूलाई फुकुवा गरी सोको सहज उपयोग गर्ने वातावरण मिलाइने छ।

☐ स्थानीय तहमा नियुक्ति हुने कर्मचारीहरूको लागि शहीद परिवारका सदस्यहरूलाई प्राथमिकता दिनुका साथै स्थानीय तहबाट खर्च हुने बजेटमा शहीद परिवारको बालबच्चाको शिक्षा स्वास्थ्यको लागि बजेट छुट्याइने छ।

☐ मधेस आन्दोलनको क्रममा घाइते भएका व्यक्तिहरूका लागि निशुल्क औषधी उपचारको व्यवस्था गर्नुको साथै उचित क्षतिपूर्ति तथा भरन पोषणको व्यवस्था गरिने छ।

☐ आन्दोलनमा लागेकाहरू माथि राजनीतिक आस्थाका आधारमा लगाइएका झुठा मुद्दाहरू तत्काल फिर्ता गराउन राजपाले आफनो सम्पूर्ण शक्ति परिचालन गर्ने छ।

**महिला तथा बालबालिकाका मुद्दाहरू :**

☐ आगामी स्थानीय तहमा न्यूनतम ४० प्रतिशत महिला समानुपातिक प्रतिनिधित्वको सुनिश्चतता।

☐ महिलाको समान नागरिकताको हकको सुनिश्चतता।

☐ महिलाको समान र वंश र अंशको अधिकारका लागि सदैव संघर्षरत रहने।

☐ दाइजो प्रथालाई फौजदारी अपराधको दायरामा ल्याउने।

☐ महिला उद्यमी कोषको स्थापना गरी महिलाहरूलाई व्याजरहित सहुलियती ऋणको व्यवस्था एवं महिला कृषकहरूका लागि महिलामैत्री प्रविधिको व्यवस्था।

☐ जग्गा जमीन तथा अन्य अचल सम्पतिमा महिलाहरूको संयुक्त स्वामित्वको व्यवस्था तथा हस्तान्तरणमा सहुलियत एवं सरकारी स्वामित्वको बाँझो जग्गामा एकल,गरीब तथा वृद्ध महिलाहरूको सामूहिक बसोबास एवं जीवन निर्वाहका लागि व्यवस्थापन।



चुनावी घोषणापत्र सार्वजनिक कार्यक्रममा राजपाका शीर्ष नेतागण।

☐ महिला विरूद्धको हिंसालाई सम्बोधन गर्न शून्य सहिष्णुताको नीतिको प्रबर्द्धन गर्दै दण्डहीनताको अन्तयका लागि कानूनको तर्जुमा तथा प्रभावकारी कार्यान्वयन,महिला तथा बालबालिकाहरू माथि हुने हिंसाका अभियुक्तलाई कानुनको दायरामा ल्याउने हिंसाबाट पीडित महिला तथा बालबालिकालाई क्षतिपूर्ति तथा न्यायको सुनिश्चितता।

☐ महिला तथा बालबालीका हिंसाबिरूद्ध सबै समुहका पुरूष तथा युवाहरूको परिचालन गरी लैङ्गिक समानता तथा सहकार्यको वातावरण बनाई महिला विरूद्धको हिंसा अन्त्यका लागि पर्याप्त स्रोत जुटाउन आवश्यक स्रोतको आँकलन तथा अनुगमन गर्ने।

☐ लैङगिक उत्तरदायी संविधान, कानून तथा नीतिहरूको व्यवस्था एवं कार्यान्वयनका लागि पर्याप्त स्रोतको व्यवस्था गर्ने।

☐ राष्ट्रिय स्तरमा **महिला सशक्तिकरणका विकास** लक्ष्य सहितको समय निर्धारित लैङ्गिक नीतिको तर्जुमा तथा कार्यान्वयन गर्दै राष्ट्रिय महिला आयोगलाई संवैधानीक निकायका रूपमा पर्याप्त क्षेत्राधिकार पहुँच तथा स्रोतको व्यवस्था गर्ने।

☐ वृद्ध महिला, गैरआर्थिक क्षेत्रका महिला कामदार तथा सीमान्तकृत महिलाको लागि सामाजिक संरक्षणको व्यवस्था गर्ने।

☐ बालिकाहरूका लागि कक्षा १२ सम्म निःशुल्क तथा उच्च शिक्षाका लागि छात्रवृतिको व्यवस्था एवं हरेक २ किलोमिटरको दुरीमा प्राथमिक तथा ४-५ किलोमिटरको दूरीमा माध्यमिक विद्यालयको व्यवस्था गर्ने।

☐ स्थानीय तहका हरेक गाँउमा बालिकाका लागि विशेष कार्यक्रमको व्यवस्था जस्तै : शिशु स्याहार तथा बालबालिका कक्ष,यातायात सुविधा,स्वास्थय वीमा तथा मातृशिशु कल्यान सेवा,मातृत्व तथा बाल बचाउ,पोषण एवं समग्र स्वास्थयको गुणस्तरीय सेवाको व्यवस्था गर्ने।

☐ लैङ्गिक आधारमा हुने भ्रूण पहिचान तथा भ्रूण हत्याका लागि कठोर कानूनको निर्माण तथा कार्यान्वयन गर्ने।

☐ पश्चिम नेपालमा अभिशापका रूपमा रहेको कम्लरी समस्याबारे पार्टी गम्भीर छ। सामाजिक न्यायको सिद्धान्तविपरीत जाने यस्ता सामाजिक कुरीतिको अन्त्यका लागि पार्टी राहतको प्रबन्धन गर्नुका साथै कानूनै बनाएर यसको अन्तय गर्ने प्रतिबद्धता व्यक्त गर्दछ।

☐ महिला माथि हुने ज्यादति र हिषां विरूद्ध आत्मरक्षा गर्न विद्यालय स्तरमै मार्सल आर्ट सिकाउन प्रबन्ध गर्ने।

**मुस्लिम समुदायका मुद्दाहरू :**

☐ धर्म निरपेक्षतालाई व्यवहारमा कार्यवन्यन गर्न निरन्तर खवरदारी गर्ने।

☐ संघ, प्रदेश र स्थानीय तीनवटै स्तरमा सीमा निर्धारण गर्दा (स्थानिय तह,प्रदेशसभा, प्रतिनिधिसभा) मुस्लिम समुदायको बाहुल्यता रहेको क्षेत्रलाई जनघनत्व नबिग्रिने गरि निर्धारण गराइने छ।

☐ राज्यका सबै अंग र निकाय (संवैधानिक निकायहरू समेत) मा मुस्लिम समुदायको जनसंख्याको आधारमा समानुपातिक समावेशी गराइने छ ।

☐ राज्यको निकाय खासगरी सुरक्षा निकाय तथा कूटनीतिक निकायमा मुस्लिम समुदायको जनसंख्याको अनुपातमा प्रतिनिधित्वको व्यवस्था हुनुपर्दछ। न्याय परिषदले सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा अन्य न्यायिक निकायहरूमा मुस्लीमको समानुपातिक प्रतिनिधित्व गराउन माग गरिने छ।

☐ अधिकार सम्पन्न उच्चस्तरीय स्थायी केन्द्रिय हज कमिटी गठन गराइनेछ र हजसम्बन्धी सम्पूर्ण कार्य गर्न गराउन एउटा छुटै हज भवनको व्यवस्था गराईनेछ।

☐ उच्चस्तरीय स्थायी मदरसा शिक्षा समिती गठन गराउन प्रयत्न गरिनेछ। साथै मदरसाबाट प्राप्त प्रमाणपत्रलाई समकक्षी स्कूल,कलेज र विश्वविद्यालयहरूको प्रमाणपत्र सरह मान्यता प्रदान गराईनेछ। हजरत मोहम्दको जन्मदिन,सबै बारात तथा मोहर्रमका अवसरमा सार्वजनिक विदा घोषणा गाराईनेछ।

☐ मुसलमानहरूको इदगाह, मदरसा, कब्रिसतान लगायत अन्य सार्वजनिक सम्पतिको संरक्षण र सम्बर्द्धनमा राज्यलाई पनि सरिक गराइने छ।

**दलित समुदायका मुद्दाहरू :**

☐ राजा सलहेस, दीनाभद्री, बण्ठा चमार, बलदेव राम लगायत दलित समुदायबाट समाजमा विशिष्ट योगदान दिएका त्यस्ता व्यक्तिहरूको गाथालाई आधुनिक सदर्भमा प्रचार गरी दलितहरूको मनोवल बढाउनमा उपयोग गरिनेछ भने मिथिलाका लोकनायक सलहेसलाई राष्ट्रिय विभूति घोषणा गराउने पहल गरिनेछ।

☐ जातीय विभेद तथा छुवाछुत अत्यधिक प्रभावित एवं मानव विकास सूचकाङ्कमा पछाडि रहेका जिल्लालाई छुवाछुत प्रभावित विशेष क्षेत्र घोषण गरी स्वदेशी तथा वैदेशिक सहयोगमा विशेष कार्यक्रमहरू संचालन गर्ने नीति बनाईनेछ।

☐ छुवाछुत मुक्त राष्ट्रको घोषणालाई रूपान्तरण गर्दै दलित समुदायको समृद्धि र विकासका लागि दलित अधिकार दशक घोषणा गरि छुवाछुतजन्य व्यवहार गर्नेहरू उपर कडा कारवाही तथा छुवाछुत मुक्त गाउँ, नगर एवं जिल्लालाई विशेष अनुदान राशीले पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

☐ छुवाछुत र जातीय विभेदविरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ र पीडितहरूलाई सहज सुलभ न्याय दिलाउन अदालतमा दलित इजलाशको व्यवस्था गरिनेछ।

☐ दलितहरूको अधिकार सुनिश्चित गर्नको लागि राज्यको हरेक निकायमा मधेसी दलित तथा दलित महिलाका समूह विशिष्ठकृत गरी समानुपातिक समावेशी आधारमा सहभागिता गराइनेछ।

☐ पार्टीभित्र र बाहिर छुवाछुत तथा जातीय विभेदजन्य कार्यलाई कुनै पनि हिसाबले प्रश्रय दिइने छैन, त्यस्तो कार्य गर्नेलाई विभागीय कारवाहीसमेत गरिनेछ।

☐ अधिकार सम्पन्न राष्ट्रिय दलित आयोगको व्यवस्था गरिनेछ। हरेक किसिमलाई दलित र महिलाको पूर्ण स्वाभित्व हुने संरचना निर्माण गरिनेछ।

☐ दलित समुदायलाई निः शुल्क शिक्षा (आधारभूत तथा उच्च) र स्वास्थ्य सुविधा उपलब्ध गराइनेछ।

☐ दलित समुदायलाई राजनीतिक सचेतना अभिवृद्धि गर्न तथा राजनीतिमा पहुँच बढाउन विभिन्न कार्यक्रम गरिनेछ।

**नेपाली सेना तथा सुरक्षा निकायको सन्दर्भमा**

☐ नेपाली सेना र प्रहरीमा मेधेशीको जनसंख्याका आधारमा सामुहिक प्रवेशका साथै समानुपातिक समावेशी गराइने छ।

☐ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र प्रादेशीक प्रहरीको संरचना प्रदेशको जनसंख्या प्रतिनिधित्व सरहको हुने छ।

☐ सेनालाई पूर्ण लोकतान्त्रीकरण र गणतान्त्रीक चरित्र सहित विविधतायुक्त वनाइने छ।

☐ नेपाल प्रहरीको सरूवा, बढुवा, अनुशासन तथा मानव अधिकार उल्लंघन सम्बन्धी उजुरीको अनुसन्धानका लागि प्रहरी आयोग बनाइने छ।

☐ मधेशमा ठूलो संख्यामा रहेका सशस्त्र प्रहरीको फिर्ता गरी प्रादेशिक प्रहरीको संख्या बढाइने छ।

☐ प्रादेशिक प्रहरी भर्ना प्रक्रिया पारदर्षि र समानुपातिक आधारमा गरिने छ।

☐ संघीय प्रहरीको भूमीका तालिम र अन्तर प्रदेशीय अपराधको कार्यमा मात्र संलगन हुने गरी अन्य शान्ति सुव्यवस्थाको कार्य प्रादेशिक प्रहरीबाट गरिने छ।

**कर्मचारीतन्त्र तथा आयोगहरूको सन्दर्भमा**

☐ प्रादेशिक लोकसेवा आयोग मार्फत प्रदेश र स्थानीय सतरमा चाहिने कर्मचारीको भर्ना समानुपातिक समावेशीको आधारमा गरिने छ।

☐ संघीय स्तरमा समेत अहिले विद्यमान रहेको एकल जातीय केन्द्रीकृत कर्मचारीको संरचनालाई क्रमश समानुपातिक समावेशी र प्रादेशीक मोडलमा लगिने छ।

☐ कर्मचारीको हकहित संरक्षणका साथै दायित्व र जिम्मेवारी समेत बढाइने छ।

☐ महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग, मधेशी आयोग, दलित आयोग, आदिवासी जनजाती आयोग, मुस्लिम आयोग, थारू आयोग, निर्वाचन आयोग लगायतका सम्पूर्ण आयोगहरूको प्रादेशीक कार्यलय समेत राखिने छ।

☐ **पार्टीका लोककल्याणकारी नीति एवं कार्यकमहरू**

☐ मधेशमा सम्पन्नताका बीच पनि विपन्नता छ,जसको मुख्य कारण सरकारको गलत नीति नै हो। यो विपन्नता समाप्त पार्नका लागि नेपाल भारत सीमाक्षेत्रका बासिन्दालाई रू ५०,०००/ सम्मको आवश्यक उपभोग्य वस्तु जस्तै मलखाद, अन्न, तेल, कपडा आदि सीमाक्षेत्रबाट एक देशबाट अर्को देशमा ल्याउन-लैजान कुनै प्रकारको भन्सार दस्तुर लगाईने छैन। यस प्रकार मुक्त व्यपारको सुविधा सीमावर्ती जिल्लाका नागरिकले मात्र पाउनेछन। यस व्यवस्थाले मधेशका नागरिकहरूको आर्थिक स्तर उठाउन सकिन्छ।

☐ स्थानिय स्तरमा सञ्चालन हुने सिँचाई, सडक, खानेपानी, वन, विद्युत्, शिक्षा, स्वास्थ्य, कृषि आदिसँग सम्बन्धित काम र आर्थिक सामाजिक विकासमा स्थानीय समुदायको सहभागिता र स्वामित्वलाई प्रोत्साहित गरिनेछ।

☐ नेपाल-भारत सीमावर्ती क्षेत्रका जिल्लामा बसोबास गर्ने समुदायलाई कृषि, सिँचाई, बाढी-नियन्त्रण तथा अन्य क्षेत्रमा सुविधा बढाउने उद्देश्यले उच्चस्तरीय नेपाल-भारत सीमा प्राधिकरण स्थापनाका लागि पनि राजपा नेपालले पहल गर्नेछ, जसबाट,उल्लिखित क्षेत्रमा देखिएका समस्याको निराकरण सम्भव छ।

☐ **पूर्वाधार विकास : शहरीकरण, यातायात र सञ्चार नीति**

☐ कुनै पनि क्षेत्रको आर्थिक विकासमा पूवाधारको विशेष महत्व हुन्छ। यस तथ्यलाई दृष्टिगत गर्दै राजपा नेपाल सम्पूर्ण मधेशलाई जोडने हुलाकी सडक निर्माण सँगै मधेशमा रेलमार्गको विकास तथा जयनगर, जनकपुर, बर्दिबास खण्डमा ब्रोडगेज रेलमार्गको निर्माण कार्यलाई शीघ्रातिशीघ्र कार्यान्वयनमा ल्याउन लागिपर्नेछ। पूर्व पश्चिम राजमार्ग र हुलाकी मार्गको समानान्तरमा रेलमार्ग सम्भावना माथि समेत पार्टीको ध्यान केन्द्रित हुनेछ।

☐ मधेशमा हुलाकीमार्गमा पर्ने थुप्रै यस्ता बजारहरू छन् ,जसको सांस्कृतिक, ऐतिहासिक, राजनीतिक दृष्टिले कुनै समयमा निकै ठुलो स्थान थियो। तर हुलाकी मार्गमा पर्ने अन्य स-साना बजारहरूलाई योजनाबद्ध नगरका रूपमा विकसित गर्ने तथा ऐतिहासिक शहरहरूको गौरवगाथा उजागर गरेर त्यसतर्फ आम जनताका साथै विदेशी पर्यटकहरूलाई समेत आकर्षित गर्ने ठूला- ठूला ग्रामीन बस्ती र बजारलाई शहरीकरण गर्नुका साथै प्रत्येक जिल्लामा एक नयाँ सुविधासम्पन्न योजनाबद्ध शहरको निर्माणको आधार तयार गरिनेछ। यसबाट पञ्चायत कालमा महेन्द्रीय राष्ट्रवादको शिकार भएर ओझेलमा परेका मधेशका थुप्रै गौरवशाली स्थानहरूले पुनर्प्रकाश तथा पुनर्पहिचान प्राप्त गर्नेछन्।

☐ यसबाहेक मधेश तराईका सबै गाउँपालिका लाई सडक सुविधासम्पन्न बनाउने उद्देश्यले ग्रामीण सडकको निर्माणको लागि पनि पार्टी प्रतिबद्ध छ। नेपाल भारत क्षेत्रलाई जोडने अन्य सडकको निर्माण कार्यलाई कार्यान्वयन गर्न पनि पार्टीले निरन्तर पहल गर्नेछ। काठमाण्डौँलाई मधेश तराईसँग जोडने द्रुतमार्ग ९ँबकत त्वबअप० निर्माण कार्य यथाशीघ्र सम्पन्न गराउन पार्टी प्रयत्नशील रहनेछ। मधेश तराईको निजगढमा आधुनिक अन्तर्राष्ट्रिय विमानस्थल तथा जनकपुर, सिमरा, विराटनगर, धनगढी-महेन्द्रनगरमा सुविधासम्पन्न विमानस्थल निर्माण गर्ने प्रयास गरिनेछ। नेपाल वायु सेवा निगमको सेवामा वृद्धि, विस्तार र गुणात्मक सुविधाका लागि यसलाई निजी क्षेत्रको साझेदारीबाट सञ्चालन गर्ने पक्षमा पार्टी छ। खुल्ला आकाश नीतिका माध्यमबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय हवाई सेवाको विस्तार गरिनेछ। साथै विभिन्न सञ्चार माध्यमको विकासका लागि पार्टी सदैव प्रयासरत रहनेछ।

**श्रमिक नीति :**

☐ श्रमसम्बन्धी अधिकांश चासोका विषयहरू श्रमिकको मौलिक अधिकारभित्रका विषय भएकाले तत्सम्बन्धमा नेपाली श्रमिकहरूको अधिकार रक्षाका लागि पार्टी प्रयत्नशील रहनेछ।

☐ हरेक वर्ष श्रमबजारमा झण्डै चारलाखको हाराहारीमा जनशक्ति थपिने र तदनुसारको रोजगारी प्राप्त हुन नसकेकोले वैदेशिक रोजगारीमा जानेको सङ्ख्यामा देखिएको वृद्धिलाई न्यूनिकरण गर्न स्वदेशमै रोजगारीका नयाँ क्षेत्रहरूको खोजी तथा व्यवस्थापन, बन्द कलकारखाना सञ्चालन, विकास निर्माणका योजना सञ्चालन सहकारीमार्फत कृषि क्षेत्रमै रोजगारीको वातावरण सिर्जना गर्नमा पार्टीको विशेष ध्यान रहनेछ।

☐ श्रमसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धि र सम्झौता अनुमोदन तथा कार्यान्वयनको पक्षमा पार्टीले विशेष पहल र सक्रियता देखाउनेछ। मर्यादित श्रम र श्रममैत्री कार्यथलोका लागि पार्टीको प्रयास रहनेछ। श्रम क्षेत्रमा देखा परेका लैङ्गिक असमानता, ज्यालामा देखिएको असमानता, कार्यथलोमा हुने यौनजन्य हिंसा, बालश्रम, घरेलु श्रम र हिंसा, महिला श्रमिकहरूको अधिकार, पहिचान, प्रतिनिधित्व, महिला श्रमिक मैत्रि संविधान, सामाजिक सुरक्षा कोषको सँचालन , कार्यविधि र एनको तर्जुमालगायतका विषयमा पार्टीले विशेष ध्यान पुऱ्याउनेछ।

☐ वैदेशिक रोजगारका लागि विदेशिएका श्रमिकको अधिकार, सुरक्षा तथा रोजगारीको सुनिश्चितता एवं वैदेशिक रोजगारमा देखिएका विसङ्गति र विकृतिलाई हटाउन पार्टी क्रियाशील रहनेछ।

☐ यसका साथै पार्टीले श्रमिकका विषयमा निष्पक्ष श्रमको अध्यास, राष्ट्रिय मजदुर आयोगको गठन, रोजगार दाताको हस्तक्षेपमुक्त श्रमिक हितका कियाकलाप सञ्चालन तथा व्यवस्थापन गर्न र महासङ्घ-परिसङ्घहरूमा आवद्ध हुन पाउने अधिकार प्रत्येक ट्रेड युनियनलाई दिलाउन पार्टी क्रियाशील रहनेछ

☐ । राज्यको नीतिअन्तर्गत समावेशी, समानुपातिक सहभागिताको सिद्धान्तका आधारमा मुलुकको र राज्य संरचना तथा सार्वजनिक सेवामा श्रमिक वर्गलाई पनि सहभागी गराउँदै जाने व्यवस्था गराउन पार्टी प्रतिबद्ध छ।

**वैदेशिक रोजगार नीति :**

☐ विक्रम संवत २०४६ सालको राजनीतिक परिवर्तनपछि वैदेशिक रोजगारमा भएको वृद्धिकै परिणामस्वरूप देशमा अरबौंको राशि रेमिट्यान्सका रूपमा प्रतिवर्ष भित्रिरहेको छ।

☐ यस महत्वपूर्ण राष्ट्रिय आयमा अरू थप वृद्धिका लागि वैदेशिक रोजगारीमा जाने नागरिकको सिपवृद्धि र श्रमसुरक्षाको प्रत्याभूतिलाई उच्च प्राथमिकता दिएर सबै आवश्यक व्यवस्था गरिनेछ। प्रवासी तथा गैरआवासीय नेपाली सबैको सिप, क्षमता र पूँजीलाई देश विकासमा लगाउने विशेष व्यवस्था मिलाइनेछ। मधेशी यूवा वैदेशिक रोजगारका क्रममा ठगिने तथा शोषित हुने अवस्थाको अन्तय गरिनेछ।

**पर्यटन नीति :**

पर्यटन पूवाधारको राष्ट्रिय सञ्जाल निर्माण एवं विकास गरी वर्षैभरि देशमा विदेशी पर्यटकहरूलाई आकर्षित गर्नका लागि तराई मधेश पर्यटनको छुटै अवधारणा विकास गरिनेछ।

☐ यसका लागि तराई पर्यटन संजालको परिकल्पना गरी मधेशका धार्मिक एवं सांस्कृतिक पर्यटकीय स्थलको संरक्षण सम्बर्द्धन, हिमाल पहाडी क्षेत्रमा सगरमाथा,मुक्तिनाथलगायत्का प्राकृतिक एवं सांस्कृतिक धरोहरलाई दृश्यावलोकन तथा पदयात्रा पर्यटन, पर्वतारोहण, रिभर ऱ्याफ्टिङग र नेपालको सांस्कृतिक विविधतमसँग सम्बन्धित प्राचीन गौरवमय पर्यटकीय स्थलको प्रवर्द्धन गर्न प्रयास गरिनेछ।

☐ लुम्बिनी जनकपुरधाम, धनुषाधाम क्षेत्र, सलहेस फुलबारी, मिथिला मध्य परिक्रमामार्ग ,पशुपति क्षेत्र, मुतिनाथ क्षेत्र आदि महत्वपूर्ण धार्मिक एवं सांस्कृतिक क्षेत्रको विकासमा उच्च प्राथमिकता दिइनेछ। नेपाल आउने पर्यटकहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि गराई रोजगारीका अवसर बढाउने प्रयास गरिनेछ।

☐ मधेशको आर्थिक विकाससँग पर्यटन क्षेत्रको प्रत्यक्ष सम्बन्ध भएकै कारण राजपा नेपालले नेपाल भारत सीमावर्ती क्षेत्रमा विभिन्न धार्मिक स्थलहरूको परिकमा सडक बनाएर जोडने काम गर्नेछ।

☐ नेपालस्थित विराट एवं बराह क्षेत्र, सलहेस, मिथिला विदेह ,जनकपुरधाम, सिमरौनगढ तथा लुम्बिनी समेत देवदह र तिलौराकोटलाई भारतीय राज्य बिहार एवं उत्तरप्रदेशस्थित गया कुशीनगर, अयोध्या आदि धार्मिक स्थलहरूलाई पनि सडकले जोडेर भारतीय सीमावर्ती क्षेत्रमा आएका पर्यटकहरू हिमाली क्षेत्रसम्म पुग्ने वातावरणको निर्माण गरिनेछ।

☐ सलहेस फुलवारी, सखडा वा जनकपुरधाम आएका तीर्थालुहरू हलेसी महादेवको दर्शन गर्न पनि पुग्न सकुन् भन्नका लागि आवश्यक पुर्वाधारको विकासमा जोड दिइनेछ।

☐ लुम्बिनी र जनकपुरलाई अन्तराष्ट्रिय आध्यात्मिक केन्द्रका रूपमा विकास गर्न पनि पहल गरिनेछ। जनक, सीता र बुद्धका यी जन्मभूमिहरूमा मठ, मन्दिर, तलाउ, सडक, ढल एवं अन्य सार्वजनिक स्थानहरूको योजनाबद्ध विकास गरिनेछ।

☐ यससँगै मधेश तराईलाई पहाड र हिमालसँग जोडेर दुवै क्षेत्रका पर्यटकीय स्थलहरूलाई आपसमा जोडन उत्तर दक्षिण मार्गको परिकल्पना गरेर यस क्षेत्रका नागरिकहरू बीचको भावनात्मक सम्बन्धलाई अझ प्रगाढ बनाउनमा राजपा नेपाल दत्तचित्त भएर लाग्नेछ।

☐ मधेशको विभिन्न समुदायका सांस्कृतिक विशिष्टता तथा विविधताहरूलाई पर्यटकीय आकर्षणका दृष्टिले समेत प्रबर्द्धन गरेर संस्कृति संरक्षणमा टेवा पुऱ्याउने कार्यक्रमहरू अघि सारिनेछ।

☐ यस क्रममा मिथिला परिकमा, सलहेस फुलवारी मेला, विवाह पञ्चमी, गढीमाई मेला, कमला मेला, वाणगङ्गा मेलालगायतका धार्मिक भावका उत्सवहरूलाई संस्कृतिनिष्ठ बनाइनुका साथै होली, छठि, जुडशीतल, मधुश्रावणी, गबलग्गी, कदपखार, लबान, सामाचकेवाजस्ता सांस्कृतिक पर्वहरूलाई विशेष भव्य एवं लोकरञ्जन पार्दैलैजाने कियाकलाप बढाईनेछ।

**भाषा साहित्य संस्कृतिबारे :**

भाषा,साहित्य,संस्कृति भनेको कुनै पनि जीवन्त समुदायको चिनारी हो भाषा साहित्य, बोली चाली, भेष-भूषा,कला संस्कृति आदिको विविधता नै राष्ट्रिय विशिष्टताको परिचायक हो र यी सबै कुरा देशका अमूल्य सम्पदा हुन्। भाषा,साहित्य र संस्कृति सम्पर्क विस्तार तथा सम्बन्ध प्रगाढताका सबैभन्दा सशक्त माध्यम पनि हुन। यस विषयमा राजपा नेपालले निम्न नीति अँगालेको छ

☐ मधेशसंग मैथिली जस्तो आर्य भाषाहरूमध्ये प्राचीनतम र समृद्ध साहित्य परम्परायुक्त भाषाको उपलब्धता र स्वामित्व छ भने भोजपूरीजस्तो व्यवसायिक भाषा तथा लोकजीवनमा रचे बसेका आध्यात्मिक ग्रन्थहरू रामचरितमानस हनुमान चालीसा अवधी भाषाका साथै विशिष्ट सांस्कृतिक परम्परायुक्त थारू भषाको बहुलता छ। यी लगायत यस भूभागमा प्रयोगमा रहेको भाषाहरूलाई समृद्ध बनाएर मधेशको र देशको भाषिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन गरिनुपर्दछ।

☐ विश्व प्रसिद्ध भाषा वैज्ञानिकहरूद्धारा विश्वकै मधुरतम भाषामध्येको एक विशिष्ट भाषाका रूपमा पहिचान र सम्मान पाएको मैथिली भाषा मधेशमा सबैभन्दा बढी व्यक्तिले बोल्ने मातृभाषाको रूपमा रहेको छ। मैथिलिको मधुरतालाई चिरस्थायी राख्दै यसको सुगन्धले सिङ्गो मधेश र देशलाई सुवासित पार्ने संयन्त्रका रूपमा राष्ट्रिय स्तरमा मैथिली एकेडेमी गठन गराउने पहल गरिनेछ।

☐ मनोरञ्जनको संसारमा भोजपूरी भाषाले आफ्नो स्थान दरहोसँग सुरक्षित गरिसकेको र भोजपुरी सिनेमाले नेपाली सिनेमाकर्मीलाई पनि विस्तृत बजार र अवसर प्रदान गरेको परिपेक्ष्यमा भोजपुरी फिल्मको प्रसार तथा गुण नियन्त्रणका लागि भोजपुरी सिने प्रतिष्ठान गठनमा जोड दिइनेछ।

☐ मधेशको जनजीवन तुलसीकृत रामायण, हनुमान चालीसाजस्ता अवधी भाषाको आध्यात्मिक साहित्यले घर घरमा तुलसीमोठ झै स्थापित हुने अवसर पाएका छन्। त्यसै गरी भोजपुरीमा रहेका कबिर दासका दोहाहरूले शताब्दियौं देखि मधेशी जनजिवनलाई मार्गनिर्देश गर्ने गरेका छन। यस्ता विशिष्ट पक्षहरूलाई थप उजागर गर्दै लोककल्यानकारी आध्यात्मिक साहित्यको संरक्षण तथा प्रवर्द्धनमा टेवा पुर्याउने राष्ट्रिय स्तरमा तुलसी कबीर अध्यात्म चिन्तन केन्द्र स्थापनाको पहल गरिनेछ।

☐ नेपाल तराई मधेशका पूर्व मेचिदेखि पश्चिम महाकालिसम्म थारू जातिको घनिभूत उपस्थिति छ। स्थानअनुसार तिनको भाषामा एकरूपताको अभाव देखिए तापनि सांस्कृतिक सम्पदा र विशिष्टतामा यो अग्रणी रहेको छ। यस वैशिष्टयबाट सिङ्गो देश र मधेश लाभान्वित भई थारू संस्कृतिले पनि टेवा पाइरहोस भन्ने हेतुले थारू सांस्कृतिक सङ्ग्रहालय निर्माणमा पार्टीले जोड दिनेछ।

☐ मधेशमा बोलिने सबै समृद्ध भाषाहरूको संरक्षण गर्ने र अविकसित, अल्पविकसित वा निर्माणको क्रममा रहेका भाषाहरूको विकासको वातावरण बनाउने हेतुले मधेश साहित्य संस्कृति प्रतिष्ठान स्थापना गराउने पहल यस पार्टीले गर्नेछ। यस प्रतिष्ठानद्धारा विकासको बाटोमा बामे सर्न लागेका मधेशका भाषाहरूको साहित्य तथा संस्कृतिमा आफुलाई विशेष केन्द्रीत गरी प्राज्ञिक कार्यहरू अघि बढाईनेछ।

☐ चौधौं शताब्दीमै लेखिएका आफ्ना कालजयी रचनाहरूका कारणले महाकवि विद्यापति मिथिला क्षेत्रमा देवतातुल्य पूजित छन। उनको साहित्यबाट प्रभावित भएर बङ्गाल, आसाम, उडिसा, नेपाल आदि सबैतिर उनकै शैली र प्रभावमा व्यापक रूपले काव्य रचना गरियो र सबैले विद्यापतिलाई आफ्नो कवि भन्ने गरे। यस्ता कालजयी महाकवि विद्यापति नेपाल र मधेशसँग जोडीएका हुनुको गौरव बोध गर्दै विद्यापतिलाई राष्ट्रिय विभूति घोषणा गराउन पार्टीले अभियान थाल्नेछ।

☐ **शिक्षा नीति :**

☐ शिक्षाको माध्यम व्यक्तिले रोजेको भाषाको आधारमा राज्यले उपलब्ध गराउनु पर्ने प्रावधानको संवैधानिक सुनिश्चितता हुनुपर्दछ। स्नातक तहसम्म निःशुल्क शिक्षा र समाजका अति पिछडिएका वर्गहरूका लागि निःशुल्क उच्च शिक्षा र गरिबहरूलाई विशेष छात्रवृति उपलब्ध गराईनु पर्दछ। प्राविधिक एवं व्यवसायिक शिक्षालाई विशेष ग्राहयता प्रदान गरिनुपर्दछ। निजी तथा सरकारी विद्यालयहरूको पाठ्यक्रमहरूलाई समन्वित रूपमा विकास गरिनु पर्ने आवश्यक देखिन्छ।

☐ **स्वास्थ्य नीति :**

☐ देशका प्रत्येक नागरिकको लागि राज्यकोषबाट सहज, सरल एवं निःशुल्क प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराइनुपर्दछ। सामुदायिक स्वास्थ्य सेवालाई आत्मनिर्भर र सर्वसुलभ बनाउनका लागि आयुर्वेद, सिद्धयुनानी, होमियोपैथिक र प्राकृतिक चिकित्सा पद्धतिलाई प्रोत्साहित गरिनु पर्दछ। स्वास्थ्य संस्था र अस्पतालमा उत्पन्न असन्तुलनलाई कम गर्ने उद्देश्यले चिकित्सक र स्वास्थ्यकर्मीको सेवालाई सम्मानजनक बनाउने र मातृशिशु सम्वन्धि तथा जीवनदायी औषधीहरूलाई करमुक्त गरिनु पर्दछ।

**पार्टीका महत्वपूर्ण संकल्पहरू :**

☐ हरेक वर्ष वाढी बाट हुने क्षतिलाई दिर्घकालिन रूपमा समाधान गर्न तीव्र गतिमा चुरे क्षेत्रमा वृक्षारोपन गर्ने, वन कटानीलाई रोक्ने, चुरे वनदेखि सीमासम्म खोलाहरूमा दुवै तर्फ तटवन्ध गर्ने, प्रत्येक दुई वर्षमा सबै खोलाहरूलाई खन्ने र यस वर्ष वाढी बाट भएको क्षतिको यकिन गरी तत्काल वाढीपिडित पुनर्निमाण प्राधिकरण गठन गरी मधेशमा आधुनिक भवनहरू निर्माण गर्ने।

☐ मधेशको भूमि कृषिजन्य भएको हुनाले प्रत्येक गाउँपालिका/नगरपालिका मा मलखाद, बीउबिजन सेन्टर, बाली पशु चिकित्सक र चिकित्सकको निम्ति भेटनरी सेवा उपलब्ध गराउने।

☐ प्रत्येक गाउँपालिका, नगरपालिकाको प्रत्येक वडा कार्यालयमा लाईब्रेरी, इन्टरनेट र वाईफाईको सेवा उपलब्ध गराउने।

☐ मधेशमा खेतिपाती गर्न सबैभन्दा ठूलो समस्या सिंचाई भएको हुनाले नहर, डिपवेल र सेलो टयुववेलको व्यवस्था गर्ने।

☐ सवै सरकारी विद्यालयहरूमा छात्रछात्राको लागि पौष्टिक आहारको व्यवस्था गर्ने।

☐ गरीबीको रेखामुनि रहेका र दलित परिवारहरूलाई शहीद आवास योजना अन्तर्गत आवासको व्यवस्था गर्ने।

☐ विदेशिएका युवाहरूलाई स्वदेशमै फर्काउन घर-घर रोजगारअन्तर्गत आफ्नो कुशलता अनुसार रोजगार गर्न केही अनुदान र ब्याजरहित ऋण उपलब्ध गर्ने।

☐ आमा र शिसु मृत्यूदर घटाउन प्रत्येक गाँउपालिका नगरपालिकाके प्रत्येक वडाहरूमा वर्थिङ्ग सेन्टरको स्थापना गर्ने।

☐ दहेजविरूद्ध अभियान चलाउन विनालेनदेन आदर्श विवाह गर्ने जोडीलाई २५ हजार सहायता प्रदान गर्ने।

☐ खानेपानिको समस्या भनेको मुख्य समस्या हो। आर्सेनिक, आईरन र म्यागनिज भएको पानि जुन कल ज्वलम एफउ बाट आउने गर्छ त्यस बाट मुक्त गर्न उपायहरू अवलम्बन गर्ने।

☐ शारिरिक ब्यायाम र स्वास्थ्यको निम्ति खेलकुद आवश्यक भएको हुनाले प्रत्येक गाउँपालिका र नगरपालिकाहरू को वडामा खेलकुद मैदानको व्यवस्था गर्ने र हरेक वर्ष शहीद कपको आयोजना गर्ने।

☐ लामखुटेबाट विभिन्न रोगहरू लाग्ने हुनाले त्यसको न्यूनीकरणको निम्ति स्प्रेको व्यवस्था गर्ने।

☐ लोडसेडिङमुक्त मधेश हाम्रो संकल्प हो।

☐ प्रत्येक वडा स्तरमा पोलहरूमा सोलर लाईटको व्यवस्था गर्ने।

**अतः राष्ट्रिय जनता पार्टी नेपाल नै तपाईहरूको आफ्नो पार्टी हो। त्यसर्थ स्थानीय तहको तेश्रो चरणको २०७४ असोज २ गते हुन गैरहेको निर्वाचनमा चुनाव चिन्ह साईकल रहेको ७ वटै कोठामा आफ्नो अमूल्य मतदान गरी विजयी गराऔं।**

*(राजपा नेपालले केन्द्रीय कार्यालयमा बिहीबार सार्वजनिक गरेको चुनावी घोषणापत्र)*

# मुद्दादेखि थाकेका मधेशका क्रान्तिकारी दलहरू

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३८०



❖ उपेन्द्र झा

विकल्पको क्रान्तिकारी धारलाई जन्माउने युवा पुस्ताको प्रयत्न सराहनीय छ । राज्यले मधेशसँग गरिने व्यवहारले मधेशलाई नयाँ सिराबाट सोच्न बाध्य गरेको छ । परिवर्तनका संवाहक युवा पुश्ताले एउटा सक्षम नेतृत्वको विकास गरोस् । मधेशको अपेक्षा यही हो ।

शदियौंदेखि सामन्ती राज्यसत्ताको शोषण, उत्पीडनलाई झेल्दै आएका मधेशी समुदाय परिवर्तनको विकाससंगै ढिलै भएपनि राजनीतिक चेतना प्राप्त गरेपछि विद्रोह गर्‍यो । यही विद्रोह खसवर्गीय सामन्ती राज्यसत्ताको लागि ठूलो सबक थियो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको मधेशको अखण्ड एकता त्यो बेला परिलक्षित भएको राज्यसत्ताका लागि डरावना दृश्य थियो । यहींबाट मधेशको विरूद्ध तीनवटै पार्टी राज्यसत्ताको सुरक्षार्थ खटिए । एउटाले मधेशलाई आहत गर्ने अर्को चाहिं घावलाई सुम्सुम्याउने खेल शुरू भयो जो अद्यावधि चालू छ ।

राज्यमा सहभागिता, समान अधिकार तथा पहिचानको मुद्दा लिएर गरिएको शान्तिपूर्ण आन्दोलनलाई विद्यमान परिवर्तनकारी दल भनाउँदाहरूले भारतको ईशारामा आन्दोलन गरिएको अर्थ्याए । आन्दोलनको उँचाईलाई बडो बुद्धिमानीपूर्वक तह लगाउन राष्ट्रिय नीति नै बन्यो । यही नीति तहत तीनवटै पार्टीले गरम र नरम भूमिकाको बाँडफाँड गरे । शुरूका दिनमा यी दलहरू मधेशप्रति नरम रवैया अपनाएपनि पछि ओलीसम्म आई पुग्दा आक्रामक बने ।

मधेश आन्दोलनले काठमाण्डौंसम्म पहुँच बनाई दिएकोमा मधेशलाई धन्यवाद दिनुको साटो "मैले मधेशलाई पहिचान दिलाएको" भनेर आत्मरतिमा लीन मधेशका नेतृत्ववर्ग आन्दोलन विरूद्धको खसवर्गीय सूक्ष्म रणनीति बुझ्ने ज्ञान कहाँबाट ल्याउने ? मधेशको धोती फुस्काउने रणनीतिलाई बेवास्ता गर्दै राज्यसत्तामा पहिलो पटक समूहगत रूपमा प्रवेश गर्दा आनन्दको चकाचौंधमा आफ्नो साजसज्जाबाहेक नेतृत्व मण्डलीलाई अरू केही दृष्टिगोचर भएन । जिम्मेवारी बाँडफाँडका साथ मधेशको विरूद्ध लागि परेका तीन दलको पहिलो र दोश्रो संविधान सभामा यथेष्ठ दृश्यहरू प्रमाणका लागि सुरक्षित छन् ।

२४३ वर्षदेखि मधेशलाई भारतीय भनेर बुझ्ने निरंकूश सामन्ती राज्यव्यवस्थाका शासकदेखि उदारवादी लोकतान्त्रिक शासकहरूसम्मको एउटै दृष्टिकोण देखिनु भनेको देशमा पटक पटक आन्दोलनमा मधेशको सहभागिता र शहादतको कुनै अर्थ नरहेको प्रष्ट हुन्छ । मधेशी अढाई शताब्दिसम्म नेपाली बन्न नसक्नुको मूल कारण भारतीय बुझ्ने खसवर्गीय शासकहरूको कट्टर चिन्तन हो । बाहिरी रूपमा मधेशीसंग जस्तोसुकै आत्मीयता देखाएपनि शासकीय मनोवृतिमा अहिलेसम्म परिवर्तन नहुनु वर्गीय सामन्ती कट्टरताको यस्तो नमूना विरलै पाईन्छ । कथित लोकतान्त्रिक व्यवस्थामा शासकहरूको मधेशप्रतिको यस्तो कट्टरता लोकतान्त्रिक पद्धतिको नै उपहास भएको लाग्छ । वर्गीयहितमा प्रयोग गरेको लोकतन्त्रको नवीन प्रयोग कुनै बेला राजाले पनि पंचायती प्रजातन्त्र भनेर गरेका थिए जसमा आफ्नो र आसेपासेको स्वेच्छाचारिताबाहेक अरू केही थिएन ।

परिवर्तनको नाममा राजालाई हटाएको, प्रजातन्त्र ल्याएको, देशलाई संघीय संरचनामा लगेको आदि अनेक उदाहरण यिनी दिन्छन् । तर सामन्ती खसवर्गीय राज्यसत्ताको स्वरूप भने कायमै राखिएको गाँठी कुरा खोल्दैनन् । एकल वर्चस्वको राज्यसत्तामा कुनै फेरबदल नगर्नु, लोकतन्त्रलाई जनमुखी बन्न नदिएर वर्गीय स्वार्थमा कैद गरि राख्नु, चुनौती दिने मधेशलाई टुक्रा टुक्रा पारि ८ जिल्लामा सिमित गरिनु, ७ वटा प्रदेशमा आफ्नै हूकुमत हुने गरि प्रदेशको विभाजन गरिनु, बकम्फुसे संशोधन प्रस्तावलाई "तिलको ताड" बनाउनु वर्गीय कट्टरताको उदाहरण हो ।

मधेश आन्दोलनको चुनौती स्वीकारेर एक दशक लगाएर भएपनि मधेशलाई पुनश्च: सिमान्तीकृत बनाउन राज्य सफल भएको छ । साधन स्रोत सम्पन्न मधेशलाई आफ्नै धरातलमा भिखारी बनाएर सिमित क्षेत्रभित्र कैद गर्न सफल भएको छ । कोचिला, मिथिला, बज्जिका, भोजपुरा, अवधिको संयुक्त आवाज उठ्न नसकोस् भनेर ठेगान लगाउन जरूरी थियो, राज्य सफल भयो । थारू, जनजाती, मधेशीहरूको एकल स्वरको आन्दोलनलाई सधैंका लागि समाप्त पार्ने राज्य रणनीति सफल भएको छ । समग्र मधेश लिने चाहना राखेको मधेशीहरूलाई ४ टुक्रामा बाँडिएको छ । संयुक्त आवाज उठ्न नदिन प्रान्तीय स्वार्थमा अल्झाई राख्ने, एक अर्काप्रति लडाउने, भिडाउने, यहाँ मधेश छैन मिथिला, भोजपुरा, अवधि र थारू जनजाती छन् भन्ने देखाउन पनि पारस्परिक वैमनष्यताको बीजारोपण गरिएको छ ।

पूर्व पश्चिम सबै मधेशीको पीडा समान रहेकोले नै विभिन्न भाषाभाषी मधेशीहरू राज्यको विरूद्ध एकजूट भई विद्रोह गरेका थिए । समग्र मधेश एक प्रदेशको चाहनाबाट शुरू भएको मधेश राजनीतिलाई जनपक्षीय रहन नदिएर नेतृत्ववर्गले व्यक्तित्व वर्चस्व विकास गर्न प्रयोग गर्न शुरू गरे । व्यक्तिगत स्वार्थको विकास गर्न राज्यले पनि निकै प्रोत्साहन गरे । समग्र मधेशको राजनीति व्यक्तिगत बन्यो । यही बेला नेतृत्वले "मधेशलाई मैले पहिचान दिलाएको" भनेर व्यक्तिवादी चरित्र प्रदर्शन गर्न थाले । पार्टीभन्दा पनि व्यक्तिगत समृद्धि आवश्यक छ भनेर सबै पार्टी विभाजन गरि अध्यक्ष बन्ने होड नै चल्यो । पार्टी विभाजन गरि ज-जसले पार्टी बनाए, सबैले पद पैसा मनोबाँछित रूपमा कमाए । व्यक्तिगत स्वार्थमा रमिएका मधेशका नेतृत्व मण्डलीले यी क्रियाकलापहरूका कारण मधेश प्रतिक्रियात्मक रूपमा अलग भई रहेको थाहै पाएन । परिणामत: ०७० को दोश्रो संविधान सभाको चुनावमा मधेशले नेपाली काँग्रेसलाई ५५, एमालेलाई ४० र माओवादीलाई १२ सीट दिएर मधेशका दलहरूलाई यसरी आफ्नो घृणा पोखेका थिए । सबै मधेशी दलहरू १२ वटा सीट मात्र पाएका थिए । एकपल्ट व्यक्तिगत स्वार्थमा डुबेका मधेशका दलहरू त्यस दलदलबाट निस्कन सकेन । पद र पैसाको पछाडि अन्धो भएर कुदे पछि समग्र मधेशको राजनीतिमा चिरा पर्न थाल्यो । मधेशको विश्वास घट्न थाल्यो । पश्चात् लोकप्रियता प्राप्त गरेका दलहरू संकुचनमा परेर नामको पार्टीमा परिणत भए । पार्टीलाई संख्यात्मक रूपमा सबल बनाउन एक अर्कासंग एकीकरण गर्न थाले । जनतामा आकर्षण जगाउन फेसबुक मार्फत पार्टी प्रवेश कार्यक्रमलाई तीव्रता दिए तर चुनावसम्म आई पुग्दा स्थिति भने पहिले कै जस्तो देखियो ।

मधेशको आन्दोलनलाई नेतृत्व गर्ने फोरम नेपाल संविधान घोषणाको विरूद्धमा संयुक्त रूपमा गरेको नाकाबन्दी आन्दोलनका अगुवा नेतृत्वकर्ता थियो । यहाँसम्म आई पुग्दा व्यक्तिगत राजनीतिमा सिद्धहस्त भै सकेका उपेन्द्र यादब उत्कर्षमा पुगेको आन्दोलनलाई देववाणीमार्फत बिना निस्कर्ष टुँग्याएको रहस्यबारे कसैले बुझ्न पनि चाहेन । नाकाबन्दी आन्दोलन टुँग्याउने अर्का पात्र राजेन्द्र महतो हुन् । "राजनीतिमा कोही मित्र र दुश्मन हुँदैन" भन्ने महामन्त्र प्रयोग गरि मधेशसंग चर्को अन्तर्विरोध राख्ने दुश्मनसंग पनि यिनीहरूको आन्तरिक सम्बन्ध बन्ने गरेकोले मधेश आन्दोलनले दुर्दशा भोग्नु स्वाभाविक हो । शासकहरूलाई आच्छू आच्छू पार्दासम्म आन्दोलन चर्काउने र त्यसलाई स्वार्थपूर्तिको माध्यम बनाएर छोडि दिने राज्यसंगको प्रतिस्पर्धात्मक खेलमा सिकेका दाँवपेचबाट राज्यबाट त फायदा भयो तर मधेशसंगको सम्बन्ध नराम्ररी तवरले बिग्रियो । मुट्ठीमा बालुवा च्यापे जस्तै मधेशको मुद्दा विस्तारै यिनीहरूको हातबाट अलग भई सकेको छ । एक दशकमा यही काम राज्यको थियो । पूरा भयो ।

समग्र मधेशको महत्वाकाँक्षी आन्दोलनलाई विस्तारै रूपान्तरण गर्दै संशोधन प्रस्तावमा ल्याएर सिमित गरि ठूला ठूला डिङ्ग हाँक्ने उपेन्द्र यादब मधेशको संघर्षलाई राजपाको जिम्मा लगाई बिना शर्त चुनावमा भाग लिए । "राज्यसत्ता होईन, प्रभूसत्ता लिने" बिना शिर पैरको डिङ्ग हाँक्ने राजपाका नेताहरू मधेशी जनतालाई उचाल्न जति खप्पिस छन् संघर्षलाई गन्तव्यमा पुर्‍याउने चरित्र नै छैन । संशोधन प्रस्तावलाई टुँगोमा पुर्‍याई बिना शर्त चुनावमा जाने राजपाको शर्मनाक निर्णयबाट मधेशले राजपासंग गरेको आश मरेको छ । यथास्थितिवादी चरित्रले क्रान्तिकारी अभिभारा बोक्न नसक्ने यथार्थलाई राजपाले पुष्टि गरि दिएको छ । चुनावमा भाग लिएर जो हविगत उपेन्द्र यादबले भोगे, त्योभन्दा बदतर अवस्था राजपाको हुनेमा शंका छैन ।

त्रेताका रावणको दश मुख भएपनि बोल्ने मुख एउटा थियो । कलियुगी रावणको रूपमा रहेको राजपाका ६ वटा मुख एकै पल्ट बोल्छ, बोल्छ, जहर घोल्छ । आन्तरिक किचलो यति मात्रामा बढेको छ कि राजपा सबैको पछाडि उभिने स्थिति आउन सक्दछ । कपिलवस्तु, नवलपरासी र रूपन्देहीलाई बहिष्कारमा राखि दिएर पूर्वमा चुनाव लड्ने निर्णयले पूर्व पश्चिमको अन्तर्विरोध चर्किने सम्भावना बढि छ । राज्य यही सब कमजोर पक्षलाई उपयोग गर्न प्रतिक्षा गरि रहन्छ ।

जेहोस् मधेशको मुद्दाको अवसान भएको छ । मधेश मुद्दा उठाउने अब कुनै कारण छैन । मधेशलाई अधिकार दिलाउने पार्टीहरू जन्मिदा आदर्शका कुरा गरे पनि कालान्तरमा सबै ठेकेदार भई सके । ठेकेदारको काम पैसा कमाउने हो । तर मधेशका दलहरू चुनावमा पनि सबैभन्दा पछाडि छन् । चुनावमा जाने निर्णयसंगै राजपाले मधेशको मुद्दालाई लिएर राखेको अडानबाट कमाएको प्रतिष्ठा घूलमा मिल्नेमा कुनै शंका छैन । गुमेको प्रतिष्ठा र पार्टीभित्रको किचलोले जित्नेभन्दा अरूलाई हराउने उद्देश्यका साथ उमेदवारी दिनेको परिणाम के होला ?

यी ठेकेदारहरूलाई लिएर मधेशले अधिकार लिन गरेको असफल यात्रा करिव करिब टुँगिएको छ । एक दशक यिनीहरूको क्रियाकलाप हेरि मधेश विकल्पको खोजीमा अगाडि बढेको छ । पात्रो हेरेर आन्दोलन गर्ने र माल कमाउनृ परिपार्टीलाई मधेशले तिलाञ्जली दिएर विकल्पको बाटो अपनाउने प्रयासमा लागेका छन् । विकल्पको क्रान्तिकारी धारलाई जन्माउने युवा पुस्ताको प्रयत्न सराहनीय छ । राज्यले मधेशसँग गरिने व्यवहारले मधेशलाई नयाँ सिराबाट सोच्न बाध्य गरेको छ । परिवर्तनका संवाहक युवा पुश्ताले एउटा सक्षम नेतृत्वको विकास गरोस् । मधेशको अपेक्षा यही हो ।

*क्रमश:*

janukjha24@gmail.com

## जिल्ला समाचार

### साल्ट ट्रेडिङ्गको सुपथमूल्य पसल सञ्चालन

कैलाली । वडादशैं तथा तिहार पर्वलाई लक्षित गरी साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड सेती अञ्चल कार्यालय, धनगढीले सुदूरपश्चिम ७ नम्बर प्रदेशका सात ठाउँमा सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको छ । कार्यालयले कैलालीको धनगढी र टीकापुर, डोटीको दीपायल, कञ्चनपुरको भीमदत्तनगर र बेलौरी, डडेलधुरा सदरमुकाम र बैतडीको पाटनमा सुपथ मूल्य पसल सञ्चालनमा ल्याइएको जनाइएको छ । सुपथ मूल्य पसलबाट चिनी प्रति किलो रू ७७५० र नून प्रतिकिलो रू १८ मा बिक्री बितरण गर्न थालिएको हो । पसलबाट प्रति व्यक्तिले बढीमा चिनी छ किलोसम्म र नून पनि छ किलोसम्म मात्र खरिद गर्न सक्ने बताइएको छ ।

### एयर पेस्तोलसहित पक्राउ

बाँके । सुर्खेत भेरीगंगा नगरपालिका-९ जहरे बस्ने २९ बर्षीय लालसिहं रानालाई प्रहरीले एयर पेस्तोल १ थान र सोमा लाग्ने साइलेन्सर १ थान तथा १ प्याकेट छर्रा सहित पक्राउ गरेको छ । रानालाई शनिबार इलाका प्रहरी कार्यालय जमुनाहाबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा झोलामा लुकाई राखेको अवस्थामा उक्त पेस्तोल बरामद भएको थियो ।

### हतियारसहित एक जना पक्राउ

मोरङ । हतियारसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ । लेटाङ्ग नगरपालिका-८ स्थित मङ्गलबारे बजार बस्ने ४९ वर्षीय मंगलप्रसाद साव्देन लिम्बुलाई प्रहरीले पक्राउ गरेको हो । सोही ठाउँस्थित मन्दिर छेउबाट १ थान भरूवा बन्दुक सहित शुक्रबार प्रहरीले उनलाई पक्राउ गरेको छ । यस सम्बन्धमा स्थानिय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### कुटपिटबाट घाइते भएका वृद्धको मृत्यु

रौतहट । दुर्गाभगवती गाउँपालिका-४ पचरूखी बस्ने ७० वर्षीय सुरज साह सोनारको कुटपिटबाट शुक्रबार मृत्यु भएको छ । गत भदौ ८ गते सोही ठाउँ बस्ने उनका भाई ६० वर्षीय कपिलदेब साह सोनार र कपिलदेबका छोरा समेतले जग्गाको बिषयलाई लिएर कुटपिट गरेका थिए । कुटपिट गर्दा गम्भीर घाइते भएका सुरजलाई प्राथामिक स्वास्थ्य केन्द्र गंगापिपरामा सामान्य उपचार पश्चात् घरमा ल्याई राखिएकोमा शुक्रबार मृत्यु भएको हो । कुटपिटमा संलग्न दुबै जना फरार भएकाले प्रहरीले उनीहरूको खोजी गर्नुका साथै थप अनुसन्धान गरिरहेको छ ।

### खोलामा बगेर बालिका बेपत्ता

कैलाली । खोलामा बगेर एक बालिका बेपत्ता भएकी छन् । चुरे गाउँपालिका-६ गजार बस्ने केहरी नेपालीको ११ वर्षीया छोरी दिस्मा नेपाली खोलामा बगेर बेपत्ता भएकी हुन् । सोही ठाउँमा रहेको पुतली खोला तर्ने क्रममा बिहीबार खोलाले बगाई बेपत्ता भएकी प्रहरीले जनाएको छ । प्रहरीले उनको खोजी गरिरहेको छ ।

### एक जना मृत फेला

बाँके । कोहलपुर नगरपालिका-११ बसपार्क नजिक सब्जीमण्डी जाने बाटोको नालीमा करीव ४५ वर्षीय पुरूष शुक्रबार मृत अवस्थामा फेला परेका छन् । उनको साथबाट कोहलपुर नगरपालिका-२ ठेगाना भएका ४५ वर्षीय रोशन थापाको कागजात फेला परेको छ । घटनाका सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### सवारी दुर्घटनामा मृत्यु

कपिलवस्तु । जीपको ठक्करबाट एक जनाको मृत्यु भएको छ । कपिलवस्तु नगरपालिका-६ थुमुवास्थित सडकमा लु.१ च ४५०१ नम्बरको जिपले सोही ठाउँ बस्ने साईकल यात्री ५६ वर्षीय यमलाल चुडालीलाई ठक्कर दिएको थियो । ठक्करबाट गम्भीर घाइते भएकाले जिल्ला अस्पताल तौलिहवा लैजाने क्रममा सोमबार बाटोमै मृत्यु भएको छ । जिप र चालकलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको छ ।

### ईट्टा प्रहारबाट मृत्यु, अभियुक्त पक्राउ

रूपन्देही । घरायसी विवादमा ईट्टा प्रहार गर्दा सम्मरीमाई गाउँपालीका(३ पिपरहवा बस्ने ४५ बर्षीय हसन राज जोगीको मृत्यु भएको छ । जोगीलाई सोमबार घरायसी बिबादमा ४२ बर्षीया श्रीमती सहबुन जोगी र १६ बर्षीय छोरा अलाउदिन जोगीले ईट्टाले हान्दा गम्भीर घाइते भएकोले उपचारको लागि मेडीकल कलेज भैरहवा लगिएकोमा उपचारको क्रममा मृत्यु भएको थियो । ईट्टा प्रहार गर्ने सहबुन र अलाउदिन जोगीलाई प्रहरीले पक्राउ गरी यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### नदीमा डुबेर बालकको मृत्यु

धनुषा । शहिदनगर नगरपालिका(५ बस्ने १० बर्षीय बृजमोहन साहको सिमरापट्टि नदीमा डुबेर मृत्यु भएको छ । मंगलबार बोलबमको जल भर्न नदीमा गएको अवस्थामा डुबेका साहको उपचारको लागि जनकपुर अंचल अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### लागूऔषधसहित पक्राउ

मोरङ । सुनवर्षी नगरपालिका-८ हर्षनगढीमा जाँच गर्नेक्रममा को.३१ प ३२३४ नम्बरको मोटरसाइकल चालक पथरी शनिश्चरे नगरपालिका-६ बस्ने २१ वर्षीय मणि लिम्बु र मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २१ वर्षीय उत्तम राईलाई साथमा अवैध रूपमा ल्याएको लागूऔषध कोरेक्स १ बोतल र नेट्राभेट ७५ ट्याब्लेट सहित बुधबार प्रहरीले पक्राउ गरेको छ ।

### २० केजी चरेससहित पक्राउ

बाँके । डुडुवा गाउँपालिका-२ नौरीगढीबाट सोही ठाउँ बस्ने ५४ वर्षीय फेरन ऐर र ७० वर्षीय मुरली ऐरलाई उनीहरूको साथमा रहेको करीव २० केजी लागूऔषध चरेस सहित बुधबार प्रहरीले पक्राउ गरेको छ । घटनाका सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### स्कारपियो दुर्घटनामा दुईको मृत्यु

मोरङ । सुन्दरहरैचा नगरपालिका(७ गोठगाउँ नजिक पुर्ब(पश्चिम राजमार्गमा बा.१६ च ४७५७ नम्बरको स्कारपियो गाडी आइतबार आफै अनियन्त्रित भई मसलाको रूखमा ठोकिन जाँदा भएको दुर्घटनामा स्कारपियोमा सवार पथरी(२ बस्ने ३० वर्षीय रामबहादुर राई र झापाको केरखा(२ बस्ने १९ वर्षीया बिमला राईको घटनास्थलमै मृत्यु भएको छ । घाइते भएकी झापाको पृथ्वीनगर(५ बस्ने १८ वर्षीया बिनु राईलाई उपचारको लागि घोपा धरान पठाइएको छ । स्कारपियो चालक फरार भएकोले खोजी कार्य भइरहेको छ ।

राष्ट्रिय अखण्डता, सामाजिक मर्यादा, भेदभावरहित सत्य-तथ्य सूचनाको सम्प्रेषण, शान्ति प्रवर्द्धनमा अग्रसर हुनु हामी सबैको कर्तव्य हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## एमालेको खोक्रो राष्ट्रवाद छताछुल्ल

यदुनाथ बञ्जारा, पोखरा । स्थानीय तहको सम्पन्न दुई चरणको निर्वाचनमा बढि सिट जितेपछि नेकपा एमालेको उन्माद बेहत्तर ढंगले बढेको छ । त्यसैले पनि एमालेले आफुलाई राष्ट्रवादी घोषणा गर्न अन्य पार्टीलाई सत्तो सराप काटेर फुर्सद पाएको छैन । अझ एमालेका अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रियताको कित्तामा आफूलाई सुप्रिमो दावी गर्दै एमालेका इतरका दलहरूलाई उछितो नकाटी उनको राजनीति नै नचल्ने शैली अपनाउदै आएका छन् । सिल्टुङको कसौडीमा बसालेको दुध जस्तै छिनभरमै उम्लने प्रवृत्तिका पात्र ओलीले आफ्नो साइज बढाउन अरूलाई होच्याउने नीति लिएको कुरा पछिल्लो समयमै धेरैले बुझ्दै गएका छन् । एनजिओ, आइएनजिओ र व्यापारीको जगमा पार्टी सञ्चालन गर्दै आएको आरोप खेपेको एमालेले बेला बेलामा आरोपलाई पुष्टि गराउन पनि सहयोगी भूमिका निर्वाह गर्दै आएको छ । व्यापारिक घराना गोल्छा ग्रुपकी राज्यलक्ष्मी गोल्छालाई समानुपातिक सभासद् बनाउँदा लिएको सात करोड रूपैयाँ पार्टीका विभिन्न नेताले बुझेका कुरा गोल्छा स्वयम्ले खुलासा गरिन् । पछिल्लो पटक यस्तै अर्को पात्रलाई एमालेले अंगालो हालेको छ । प्रदेश नं. २ को राजधानी शहर वीरगञ्ज महानगरपालिकाको मेयरमा वसुरूद्धिन अन्सारीलाई उम्मेदवारी दिएपछि एमालेको कमाउ नीति छर्लङ भएको छ । मेडिकल माफिया उपमाले परिचित अन्सारीले वीरगञ्ज मेडिकल कलेज सञ्चालन गर्दै आएका छन् । उनले वीरगञ्ज उपमहानगरपालिकालाई घर जग्गा कर वापत करिव ९ करोड रूपैयाँ कर तिर्न बाँकी रहेको विवरण सार्वजनिक भएको छ । नगरपालिकाले पटक-पटक ताकेता गर्दा पनि कर नतिरेका अन्सारीलाई एमालेले सोही महानगरमा मेयरको उम्मेदवार बनाउनुलाई सर्वत्र आलोचनात्मक रूपमा हेरिरहेको छ । कर नतिर्ने व्यक्तिलाई नै उम्मेदवारी बनाएर त्यहि पैसा खर्चेर चुनाव लड्ने र आफु मेयर भएपछि कर डिसमिसको गुप्त योजना रहेको खुल्न आएको छ । राजस्वमारालाई उम्मेदवार बनाएपछि वीरगञ्जमा एमाले बृतमै असन्तुष्टि पोखिएको छ । दर्जनौं त्यागी र पार्टी समर्पित योग्य उम्मेदवार हुँदाहुँदै विवादित व्यक्तिलाई उम्मेदवार बनाएपछि वीरगञ्ज महानगरपालिका एमालेको लागि फलामको च्यूरा हुने निश्चित भएको छ । युनाइटेड पोष्ट साप्ताहिक

## चित्रगुप्त समाजको नयाँ कार्यसमिति



चित्रगुप्त समाजको साधारणसभामा उपस्थित पदाधिकारी तथा

काठमाडौं । नेपाल चित्रगुप्त समाजको सातौं साधारण सभा तिनकुनेको ग्रीन क्याफेमा सम्पन्न भएको छ । सभाको प्रथम सत्रमा शुभकामना आदान-प्रदान र सम्मान कार्यक्रम भएको थियो । उक्त सत्रमा प्रमुख अतिथि छानबिन आयोगका अध्यक्ष लोकेन्द्र लाल मल्लिक र विशिष्ट अतिथि पूर्वन्यायाधीश गिरीशचन्द्र लालले आ-आफ्नो मन्तव्य राखेका थिए । कार्यक्रममा पाँच जना उल्लेखनीय कार्य गर्ने चित्रांशहरूलाई प्रमुख अथितिले सम्मान गरेका थिए । द्वितीय सत्र अर्थात बन्द सत्रमा महासचिव र कोषाध्यक्षको वार्षिक प्रतिवेदन पारित भएपछि नयाँ कार्यसमितिको सर्वसम्मत चयन भएको थियो । जसमा अध्यक्ष पदमा ई. शिवभूषण लाल कर्ण, वरिष्ठ उपाध्यक्षमा ई. रतिशचन्द्र लाल सुमन, उपाध्यक्षमा देवचन्द्र लाल कर्ण, महासचिवमा बबिता लाभ कायस्थ, सचिव अशोक कुमार लाल कर्ण, कोषाध्यक्षमा सन्तोष किशोर लाभ, सहकोषाध्यक्षमा सुनिल कुमार लाल कर्ण तथा सदस्यहरूमा ई रामकुमार लाल कर्ण, सबिता मल्लिक कर्ण, धिरेन्द्रकुमार मल्लिक, राम दिनेश लाल कर्ण, वीणा सिन्हा, रन्जना कर्ण रहेका थिए ।

# विश्व परिवेश

## म्यानमारको अत्याचारमा आइएसआइएसको संलग्नता

म्यानमारमा रोहिंग्या मुसलमानमाथि भइरहेको अत्याचारमा पाकिस्तानको आइएसआइएसको संलग्नता रहेको पाइएको छ । म्यानमारको एक समाचार पत्र मिज्जिमाले पाकिस्तानी कट्टरपन्थी समूह आइएसआइएस र राकिने राज्यमा भएको हिंसाको सबैभन्दा ठूलो लहरबीचको सम्बन्ध उजागर गरेको छ । जसका कारण रोहिंग्या मुसलमान बाध्यभएर छिमेकी देश बंगलादेशमा शरण लिएका छन् ।

भारतीय र बंगलादेशी जासुसी संयन्त्रको भनाइ उद्धृत गर्दै म्यानमारको उक्त समाचार पत्रले अराकन रोहिंग्या मुक्ति सेना (एआरएसए)का सैन्य विभाग प्रमुख हफिज तहरको अक्टोबर २४ र २४मा भएको तीन पटक लामो कल डिटेल्सको आधारमा पाकिस्तानी आतंकवादी संगठन आइएसआइएसले रोहिंग्या मुसलमानलाई सैन्य तालिम दिएको दाबी गरेको छ। उत्तर पश्चिम रकाइन राज्यमा बौद्ध बहुमत रहेको रोहिंग्या विरूद्ध सेनाको आक्रमणका कारण अहिलेसम्म करिब १ लाख २५ हजार शरणार्थीको रूपमा बंगलादेश प्रवेश गरिसकेका छन् ।




मिज्जिमाका अनुसार म्यानमारको समस्याको दिगो समाधानका लागि राष्ट्र संघका पूर्व महासचिव कोफी अन्नानको रिपोर्ट कार्यान्वयन गर्न नेतृ आङसाङ सुकीले चालेको कदमलाई असफल बनाउन एआरएसए लागि परेको छ ।

## भण्डारण गृहमाथि आक्रमण गर्ने योजनाको खुलासा

-मञ्जुर अहमद

अमेरिकाका निर्वतमान राष्ट्रपति बाराक ओबामाले विगतका वर्षहरूमा सयौँ कैदीहरूलाई मुक्त गरेको भए पनि बढ्दो आतंकवादमा पाकिस्तानको भूमिका ज्यादै महत्वपूर्ण र उल्लेख्य रहनुका साथै सयौँ अफगान तालिवानलाई आश्रय दिएर अफगानिस्तानमा आतंकवादी गतिविधिहरू सञ्चालित गर्दै आएकाले त्यस शिविरलाई बन्द गर्ने बताए पनि ५५ जना प्रख्यात र खतरनाक कैदीहरू त्यस शिविरमा रहेकाले त्यसलाई बन्द गर्न सकिएको छैन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सामान्यतया मुशलमानहरू प्रति कडा भाव राख्ने तथा उग्रवादी क्रियाकलापमा लाग्ने समुदायप्रति समेत कडा कारवाही गर्ने व्यक्तित्वका रूपमा प्रख्यात रहेका छन् ।

उनले ट्वीटरमार्फत् ग्वान्टानामोबाट मुक्त गर्ने अभिव्यक्ति यसप्रकार दिएका छन्- 'त्यहाँ अत्यन्तै खतरनाक व्यक्तिहरू रहेकाले तिनीहरूलाई युद्धक्षेत्रमा जान दिने स्वीकृति दिइने छैन ।' उनले ह्वाइट हाउसमा बसुञ्जेल बरू झन् कडा रूप अपनाउने शपथ लिएका छन् । खालिद मोहम्मद शेख युद्ध अपराधी घोषित गरिएका छन्, त्यस्तै पाकिस्तानका अजिद खान युद्ध अपराधका दोषि रहेकाले उनलाई मिलिटरी कमीशन्स सिस्टममा अपराधीका रूपमा राखिएको थियो । मजिद खान मार्च ५, २००३ मा कराँचीबाट समातिएका थिए भने उनका पाकिस्तानी नातेदारहरू अलकायदाको तालिधी मिशनसँग मिलेर, खालिद मोहमद शेखसँग मिलेर, उग्रजिहाद सञ्चालन गर्दै आएका थिए । अमेरिकी दस्तावेजको दावीअनुसार खालिद शेख मोहम्मदले मनिद खानलाई अमेरिका फर्केर ग्याँस स्टेशन र पानी भण्डारण गृहहरू माथि आक्रमण गर्ने योजनामा लागि पठाएको थियो ।

मजिद खानले अमेरिकाद्धारा प्रताडना दिएको विस्तृत विवरणको खुलासा गरेको छ भने आफ्ना क्रियाकलापहरूका लागि क्षमायाचनासमेत गरेको छ । ग्वान्टानामोमा थुनामा रहेका तीन अन्य पाकिस्तानीहरू मध्ये सबभन्दा जेठो ६९ वर्षीय कराँचीका व्यापारी सैफुल्लाह पराचाले बिन लादेनसँग भेटेका खुदै बताए पनि उग्रजिहादमा उनको संलग्नतालाई अस्वीकार गरेको भए पनि उनलाई १२ वर्ष ३ महिना कैदमा राखिएको थियो । अप्रिल २०१६ मा अमेरिकाले उसले अझसम्म पनि चुनौती दिँदै आएको आधारमा उसलाई मुक्त गर्न अस्वीकार गरिसकेको छ । अमेरिकाको दावीअनुसार बाँकी दुईजना थुनामा रहेका पाकिस्तानी अब्दुल रहिम गुलाम रब्बानी दाजुभाइहरूले १९९७ मा ओसामाविन लादेनसँग भेटेका थिए र अलकायदाका सहकर्मी भएर प्रत्यक्षरूपले खालिद शेख मोहम्मदका लागि काम गर्दै आएका थिए । रब्बानीका अधिवक्ताहरूले उसलाई टैक्सी ड्राइभर भएर काम गरिराखेको दावी गरेका छन् । १२ वर्षसम्म थुनामा रहेका रब्बानीलाई थुनेको पुष्टि अगस्ट २०१६ मा गरिएको थियो ।

पाकिस्तानी उग्रवादीहरूको अफगानिस्तानमा रहेको आइएसआइसँग साँठगाँठ रहेको थियो भने तिनीहरूलाई अफगानिस्तानमा नै प्रशिक्षण दिइएको थियो । खालिद मोहम्मद शेख तथा अन्य पाकिस्तानी नागरिकहरूलाई मुक्त गर्ने सम्भावना रहेको छैन । (राष्ट्रवाणी साप्ताहिकबाट साभार)

# पत्रपत्रिकाबाट...

## नेपाल-भारत सम्बन्धमा यथार्थ र भ्रमको निवारण गर्नुपर्छ

**-इन्द्रबहादुर बराल**

नेपाल र भारतबीचको सम्बन्ध सदियौं पुरानो छ भन्नेमा खासै विवाद छैन । तथापि, पछिल्ला वर्षमा जनस्तरबाट भारतलाई हेर्ने दृष्टिकोण भने त्यति सकारात्मक देखिदैन, यो एउटा कटुसत्य हो । यो अवस्था किन आयो या आइरहेछ त भन्ने प्रश्न उठ्छ । यसर्थ, नेपाल-भारत सम्बन्धमा व्यापक बहस, छलफलको माध्यमबाट उत्पन्न भ्रमहरूको निराकरण गर्न आवश्यक छ । एउटा छिमेकीले अर्को छिमेकीमाथि सधैं सशङ्कित हुने स्थिति रहँदासम्म दुई छिमेकीबीचको सम्बन्ध सुमधुर र विश्वसनीय हुन सक्तैन । भारतबारे नेपालमा जसरी नकारात्मक भावना भाइरल बनेर फैलिरहेको अवस्थालाई स्वयम् भारतले पनि विचार गर्नुपर्ने बेला आइसकेको छ । अहिलेको दुनियाँ एउटै गाउँजस्तो भइसकेकोले अब भारतको सहयोगबिना नुन-तेलजस्ता बस्तुको अभावमा नेपाल तड्पिराख्नुपर्ने स्थिति पनि छैन, भलै केही असहज होला नै । कुनै यस्तो कालखण्ड थियो जहाँ भारतबिना नेपाल फिटिक्कै चल्न नसक्ने अवस्था थियो । त्यो कालखण्डको अनुभूति गर्ने पुस्ता अब नेपालमा विरलै बन्न पुगेको छ ।



त्यसकारण छिमेकी भारतले अब नेपाललाई हेर्ने र व्यवहार गर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन जरूरी छ । अब नेपाली विश्वको कुनै पनि स्थानमा बसेर आफ्नो घरपरिवारको जीवीकोपार्जन मात्र होइन राष्ट्रियताको संरक्षण र सम्बर्द्धन गर्न पनि सक्षम भइसकेको अवस्था छ । हुन त भारतबाहेकका अन्य छिमेकीले पनि नेपाललाई अझै भारतकै आँखाबाट हेर्ने गर्छन् भन्ने पनि पाइन्छ । यतिसम्म कि उत्तरको छिमेकी चीनले समेत भारतीय आँखाबाट नेपालप्रतिको दृष्टिकोण बनाउँछ भन्ने चर्चा बौद्धिक समाजबाटै सुन्नमा आउँछ । अहिलेको नेपाली युवापुस्ताले गहिरोसँग नेपाल-भारत सम्बन्ध बुझ्न सकेको छैन भने भारतले पनि नेपालप्रति अलिक दाइगिरी दर्शाउने कारण दुई छिमेकीबीच जनताले शासक-शासकलाई हेर्ने सम्बन्धमा कही तिक्तता बढेको पक्कै छ ।

जनआन्दोलन ०४६ सफल तुल्याइदिन भारतले लगाएको नाकाबन्दीले परिवर्तनकारी तप्कालाई राहतको अनुभूति गराए पनि ०७२ सालको अघोषित नाकाबन्दीलाई नेपालीले पचाउन नसकेको कटु यथार्थ हो । मानिस यस्तो प्राणी हो जसलाई सयौं गुन लगाए पनि एउटा बैगुनले ती सबै गुन बिर्सन्छ । नेपालीले भारतलाई हेर्ने धारणा पछिल्लो चरणमा केही नकारात्मक हुनुमा यही फ्याक्टरले पनि काम गरेको छ ।

एउटा यस्तो कालखण्ड थियो जहाँ नेपाली भारतबिना फिटिक्कै चल्नै सक्दैनथे । भारतसँगको सम्बन्धमा आर्थिक रूपमा मात्र होइन सामाजिक, धार्मिक, शैक्षिक, सांस्कृतिकलगायत यावत् क्षेत्रसँगको प्रगाढता थियो । यस्तो कालखण्ड पनि थियो कि नेपालीलाई जीवन जिउन गाह्रो भयो भने वनारस जाने, त्यहाँ सजिलैसँग शिक्षा हासिल गरी शिक्षाको उज्यालोबाट जीवनका सारा अन्धकारलाई पन्छाउने काम हुन्थ्यो । तर, समयले नेटो काटिसकेको छ, अब ति अतितलाई सम्झेर बस्न नेपाली चेतनाले दिँदैन ।

त्यसकारण इतिहासका पाना सम्झनामा राख्दै २१ औं शताब्दीका प्रगति, सम्बन्ध र उपलब्धीको उपभोग गर्न नेपाली सक्षम भइसकेका छन् । यो चेतनाका कारण कसैसँग घुँडा टेकेर बाँच्नुपर्छ भन्ने मान्यताबाट माथि उठिसकेका छन् नेपाली । यो यर्थाथबाट भारत अनभिज्ञ छैन, यदि अनभिज्ञता प्रकट गर्छ भने त्यो उसको कमजोरी हो । यता नेपाली पनि भारतको चर्को विरोध गरेपछि महान् क्रान्तिकारी र राष्ट्रवादी भइन्छ भन्ने भ्रम पाल्छन् । तत्क्षणका लागि कर्णप्रिय लागे पनि यस्तो धारणा आत्मघाति छ । यहाँनेर छिमेकीपन जोगाउनु श्रेयस्कर हुन्छ भनी भन्नैपर्छ । आ-आफ्नो स्वार्थअनुकूल एउटै सन्धि-सम्झौता कहिले राष्ट्रघाती त कहिले राष्ट्रिय हितमा देख्ने आँखालाई के भन्ने ? यो प्रश्न पनि यहाँनेर उठाउनैपर्ने हुन्छ । उदाहरणको लागि जनआन्दोलन ०४६ पछि प्रथम जननिर्वाचित सरकारका प्रधानमन्त्रीले भारतसँग महाकाली सन्धि गरे । त्यसलाई तत्कालिन प्रमुख प्रतिपक्षि एमालेले राष्ट्रघाति देख्यो र देशव्यापी उपद्रो मच्चायो । तर, फेरि त्यहि सन्धीलाई राष्ट्रहितमा देखेर नेपालको संसद्बाट दुईतिहाइ बहुमतले पारित गराइदियो । यस्तो किन ? यसको चित्तबुझ्दो जवाफ अझै पाइएको छैन ।

नेपालमा जब राष्ट्रियतामा विषयमा बहस र छलफलको सन्दर्भ आउँछ तब महाकाली, गण्डकी र कोसी सम्झौताको प्रसङ्ग जोडतोडले आउने गर्छ । मानौं राष्ट्रियताको भ्रम र स्वार्थपूर्ण कोलाहलले नेपालीलाई यदाकदा दिग्भ्रमित बनाएको पाइन्छ । नदीनाला, खोलानालाको पानीको उपयोग र उपभोग गर्दा सधै त्यसको अपजस नेपाली कांग्रेसलाई पर्न गएको छ । यस विषयमा नेपाली कांग्रेस अझै गम्भिर हुन आवश्यक छ । राष्ट्रियताजस्तो संवेदनशील विषयलाई सधैं भारतसँग जोडिएर मात्र हेर्ने गरिन्छ र नेपालको राष्ट्रियता त्यतैबाट खतरा छ भन्ने भान पर्न गएको छ । यस सन्दर्भमा छिमेकी भारत पनि संवेदनशील हुन जरूरी छ ।

नेपालमा एउटा भ्रम पर्न के गएको छ भने तराई-मधेशका नेपाली नागरिकलाई कतै दोस्रो दर्जाको बनाइएको त होइन ? तराई-मधेशमा बसोबास गर्ने मधेशी जनताको उद्गमका कारणले पनि केही भ्रम पर्न गएको हुन सक्छ । तर, कुन मानिस कुन ठाउँ बसेको छ उसको पहिचान त्यही हुन्छ । हिमाली भेकमा बस्ने हिमाली, पहाडमा बस्ने पहाडीजस्तै तराई मधेशमा बस्नेलाई मधेशी भनिएको हो । कुन जात कुन उत्पत्तिको भनेर हेर्दै जाँदा अधिकांश नेपालीको उद्गम नेपालको सिमाना नाघेर अझै टाढा पुग्नुपर्ने पनि हुन्छ । हाम्रा वैवाहिक सम्बन्धमा जातका कुरा त छाडौं अलग-अलग राष्ट्रियतासँग रक्तसम्बन्ध जोडिएको छ । त्यसैले तराई-मधेशका अधिकांश जनताको वैवाहिक सम्बन्ध भारतसँग जोडिएको छ, अर्थात तराई-मधेश र भारतको सम्बन्ध रोटीबेटीको छ । यसो हुँदैमा तराई-मधेशका मुद्दाहरू सधैं नकारात्मक टिप्पणी वा भ्रमपूर्ण प्रचार गरिहाल्नुपर्छ भन्ने गलत संस्कारको द्योतक हो ।

यस्ता गलत सोच र चिन्तनले नेपाली राष्ट्रियता कमजोर बन्न सक्छ । अर्कोतर्फ मधेशवादी नेपालीले पनि नेपाली राष्ट्रियताको हित विपरीतका छिटफुट गतिविधिमा सचेत र सजग हुनुपर्छ, ता कि भ्रमको खेती गर्नेहरूको खेलो हराउन सकोस् । यथार्थमा मधेशीहरू पनि कोहीभन्दा कम राष्ट्रवादी छैनन । उत्तरको हिमाली भेकमा बस्ने हिमालीले देशको माटोको रक्षा कति गरेका छन् थाहा छैन किन कि त्यहाँको भूगोलमा जो-कोही नेपाली पुग्नै सकेको छैन, पुगिहाले पनि दुई देशबीचको साँध-सिमाना थाहा पनि छैन । तर, दक्षिण तराई-मधेशका जनता भने आफ्नो माटोप्रति अत्यन्तै सचेत छन् । मातृभूमिप्रतिको कर्तव्य पूरा गर्ने-गराउने काममा मधेशी जनताको विशेष योगदान छ । तसर्थ, नेपाल-भारत सम्बन्धमा केही यथार्थ केही भ्रमको निवारण गर्दै सधैंको कचकच निमिट्यान्न पार्नु दुवै पक्षको हितमा छ ।

*घटना र विचार साप्ताहिकबाट*

# जिल्ला समाचार

## बाढीपीडितलाई अमेरिकाबाट नगद सहयोग

सप्तरी । जिल्लाका चार जना बाढीपीडितलाई अमेरिकामा बस्ने नेपालीहरूले नगद सहयोग गरेका छन् । अमेरिकामा बस्ने इसान ढकाल र उनका साथीहरूले बाढीपीडितका लागि संकलन गरेको ४८ हजार रूपैयाँ चार जना पीडित परिवारलाई वितरण गरिएको छ । युवा नेता प्रवीण लाभमार्फत सो रकम वितरण गरिएको हो । कोइलाडीका कमल सादा, डाक्नेश्वरी नगरपालिकाका नथुनी राम, बेलाही गाउँपालिकाका कमल मुखिया र राजविराज नगरपालिकाका डोमी यादवका परिवारलाई १२ हजारका दरले नगद सहयोग प्रदान गरिएको लाभले जानकारी दिएका छन् ।

## तौलिहवाको अस्पतालमा जैसवाल

इमरान खान, कपिलपस्तु । कपिलवस्तु जिल्लाको तौलिहवा अस्पतालको व्यवस्थापन समितिको अध्यक्ष पदमा विजयप्रकाश जैसवाल नियुक्त भएका छन् । नेपाल सरकारको मन्त्रिस्तरीय निर्णयबाट जैसवाललाई मनोनित गरेको छ । जैसवाललाई आदेश २०६० को दफा ३,२ (क) अस्पताल बिकास समिति गठन बामोजिम दुई वर्षको कार्यकाल रहने गरि जैसवाललाई अध्यक्ष पदमा मनोनयन गरिएको छ । कपिलवस्तु जिल्लाको महाराजगंजन गरपालिका वार्ड न. ३ बर्गदी स्थायी निवासी रहेका जैसवाल नेकपा माओवादी केन्द्रका केन्द्रियस्तरका नेता पनि हुन् ।

## कार्यकर्ता भेला

वीरगंज । नेपाल कम्युनिष्ट पार्टी एमालेको वीरगंज महानगरपालिकाको वडा नं. १८ मा वडा कार्यकर्ता भेला सम्पन्न भएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि नेकपा एमालेका जिल्ला संयोजक प्रभु हजराले नेकपा एमाले मधेशी जनताको भलो गर्ने पार्टी भएकोले सबैले असोज २ गते हुन लागेको स्थानिय तहको निर्वाचनमा नेकपा एमालेको सूर्य चिन्हमा मतदान गर्न आग्रह गरे । नेकपा एमाले विरूद्ध समय समयमा केहि पार्टी तथा व्यक्तिहरूले भ्रम फैलाउदै आए पनि नेकपा एमाले तराई, पहाड, हिमाल सबैकोलागि समान रहेको बताए । नेकपा एमालेबाट वीरगंज महानगरपालिकाको मेयरको उम्मेदवार बसरूदिन अंसारीले 'हाम्रो एक मात्र उद्देश्य वीरगंज महानगरको विकास रहेको' जोड दिए ।

## सयौं कार्यकर्ता एमालेमा प्रवेश

राकेश यादव, रौतहट । जिल्लाको राजदेवी नगरपालिका र गौर नगरपालिकाका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र संघीय समाजवादी फोरम नेपालका सयौ कार्यकर्ताहरू नेकपा एमालेमा प्रवेश गरेका छन् । राजदेवी नगरपालिका वार्ड नंबर १ पथरा टोलमा एमाले केंद्रीय सदस्य एवं पूर्ब सभासद शारला यादवको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कान्तलाल राय यादव, जवाहर यादव, प्रमोद साह, उमेश साह, मुन्ना देवी, श्री नारायण साह, लालबाबू राय यादव, हरिंद्र पंडित, संगीता पासवान, प्रमिला देवी, प्रयाग बैठा, वीरेंदर यादव, शंकर राय, शम्भू राय, राम असीस बैठा, नथुनी महतो, वीरेंदर महतो, ईश्वरवती पंडित, जुगुल राय, दिलीप कुमार यादव, नन्दलाल महतो सहितका कार्यकर्ताहरू पार्टी प्रवेश गरेका हुन् । नवप्रवेशीहरूलाई पूर्व सभासद शारला यादव अबीर लगाएर पार्टी प्रवेश गराएकी थिइन् । पनीलाल साहको अध्यक्षतामा भएको कार्यक्रमलाइ सम्वोधन गर्दै केंद्रीय सदस्य यादव एमाले प्रदेश नंबर २ को स्थानीय निर्वाचनमा पहिलो स्थान हासिल गर्ने दावी गरेकी छिन् ।

## निर्वाचन आचार संहिता उल्लंघन

वीरगंज । संघीय समाजवादी फोरम नेपालबाट मेयरका उम्मेदवार विजय सरावगीले प्रचार प्रसारको नाउँमा तडक भडक गरी व्यापक रूपमा निर्वाचन आचार संहिता उल्लंघन गरिरहेको आरोप लागेको छ । सरकारी कार्यालय, धार्मिक स्थल, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थलमा कार्यक्रम वा पर्चा, पम्पलेट, व्यानर झुण्डयाउन नमिल्ने प्रावधान रहे पनि फोरम नेपालबाट वीरगंज महानगरको मेयरको उम्मेदवार सरावगीले वीरगंज २६ सुगौली बिर्तामा रहेको स्वास्थ्य चौकी लगायतका स्थानमा ठुलो आकारको पर्चा टाँसी खुलेयाम रूपले आचार संहिता उल्लंघन गरिरहेको पाइएको छ । फोरम नेपालका उम्मेदवार सरावगीले पर्चा टाँसनुका साथै व्यानर र झण्डा पनि निर्वाचन कार्यालयले तोकेको भन्दा ठुलो आकारमा छापि प्रचार प्रसार रहिरहे पनि निर्वाचन कार्यालयबाट कुनै कारवाहि नभएको प्रति अन्य राजनीतिक दलका नेताहरूको गुनासो छ ।

## कपिलवस्तुमा चोरीडकैतीको घटना बढ्यो

मणि प्रसाद गैह्रे, कपिलवस्तु । केही दिन यता तौलिहवा क्षेत्र आसपासमा लुटपाट तथा चोरीका घटना बढ्न थालेका छन् । लुटेराहरूले कपिलवस्तु नगरपालिका-६ गोबरी चौराहामा रहेको तिलौराकोट हार्डबेयरमा साढे चार लाख लुटपाट गरी फरार भएका छन् । मुखमा पट्टी बाँधेर आएका पाँच जनाको संख्यामा रहेका लुटेराहरूले हार्डवेयर संचालक राजु तेलीलाई मरणासन्न हुने गरी कुटपिट गरी सो रकम लुटेर फरार भएको प्रहरीले जनाएको छ । राति १ बजेतिर पसलमा प्रवेश गरी तेलीलाई निर्घात कुटपीट गरी रकम लुटेर भागेका थिए । लुटेराहरू भागेपछि गाउँमा होहल्ला भएको थियो । घटनास्थल सशस्त्र प्रहरीको बीटदेखि करिब २ सय मिटर भित्र रहेको छ । रकम दिन नमान्दा ज्यानै मार्ने धम्की दिँदै निर्घात कुटपिट गरेपछि बाध्य भएर लुटेराहरूलाई दिनुपरेको तेलीले भने ।

## टिकट नपाएपछि यादवद्वारा फोरम परित्याग

सिरहा । आसन्न स्थानीय तहको निर्वाचनमा मिर्चैया नगरपालिकाको मेयरमा टिकट नदिएको भन्दै संघीय समाजवादी फोरम नेपाल सिरहाका प्रभावशाली नेता राम दयाल यादवले पार्टी परित्यागको घोषणा गरेका छन् । मिर्चैयामा मंगलवार संचारकर्मीहरूसँग कुराकानी गर्दै मिर्चैया नगरपालिकाका नगर प्रतिनिधि समेत रहेका यादवले पार्टीले आफ्नो बलिदानी र योगदानको बाइपास गरी मिर्चैया नगरपालिकाको मेयरको टिकट वितरण गरेकोले पार्टीमा बस्ने औचित्य नरहेकोले साधारण सदस्य समेत नरहने गरी फोरम नेपाल परित्याग गरेको बताए । आसन्न स्थानीय तहको निर्वाचनमा मिर्चैया नगरपालिकाको मेयरका लागि फोरम नेपाल जिल्ला कार्य समिति सिरहाले आफ्नो नाम केन्द्रीय कार्य समितिमा सिफारिस गरेको थियो । तर, पार्टीका केन्द्रीय नेतृत्वले संघर्षको अबमुल्यन गरी योगदानको लत्याउँदै आफूलाई टिकट नदिएपछि बाध्य भएर पार्टी परित्याग गर्नु परेको नेता यादवले बताए ।




संविधान जारी हुँदा पहाडमा दीपावली र मधेशमा ब्ल्याकआउट गर्नेहरू अहिले २ नम्बर प्रदेशको चुनावमा लाजै पचाएर घाँटी जोड्दैछन् । सचेत मधेशी युवाले सोचुन् । **डा. बाबुराम भट्टराई**


प्रदेश नम्बर २ को चुनावमा ३ ठूला दलको मौसमी प्रेमको नखरा, अहो । मौकामा सानो प्रश्न संविधान बन्दै गर्दा मधेशमा रगतको खोलो बगाउने को हो मान्यवर ? **खगेन्द्र संग्रौला**


संविधान संशोधन विधेयक असफल भएको सन्दर्भमा यति मात्र भन्नु उपयुक्त हुन्छ कि संघीयता र गणतन्त्रले पुरानो किल्लामा चिराहरू मात्र पारेको छ , किल्ला भत्किनु बाँकी छ । **सरिता गिरी**


भारत जस्तो विशाल लोकतान्त्रिक देशमा एउटा पेशागत महिला पत्रकारको हत्या हुनु लोकतान्त्रिक व्यवस्थाको उपहास हो । अनि पत्रकारको सुरक्षा दिन नसक्नु सरकारको कमजोरी हो । मृतक पत्रकारलाई हार्दिक श्रद्धाञ्जली । **सुनिल रंजन सिंह**


पहिला पहिला पहाडी जमिन्दारहरू बाली भित्र्याउन र कुत असुल उपर गर्न मंसिरमा मधेश झर्ने गद्थ्ये । आजभोलि पनि सबै पहाडी राजनीतिक जमिन्दारहरू भोट असुल गर्न मधेश छिरेका छन् । स्थानीय दलालहरू मधेश माथि मालिकको शासन अक्षुण राख्न मतको बन्दोबस्त र खरिदफरोख्त गर्नमा इमान्दारीले दिनरात लागि परेका छन् । परिस्थिति उहि स्थित उराठ लाग्दो । लाग्दछ कि हामी स्वयम् नै शाषित हुन शासकको लागि राजपथ तयार गर्दैछौ । **काशिन्द्र यादव**


मधेश आन्दोलनमा महिलाको भुमिका अतुलनीय थियो । खास गरेर विरगन्जमा । तर, आज ती महिलाहरूलाई पाखा लगाईएको छ । यो मधेशको लागि दुर्भाग्यपूर्ण अवस्था हो । रिता साह


हिजोसम्म आफूभन्दा ठुलो 'कोहि क्रान्तिकारी नै छैन' जस्तो गफ दिने केहि राजपा नेताहरू आज टिकट नपाएपछि धमाँधम पार्टीलाई गाली गर्दे, परित्याग गर्दे । **विरेन्द्र के.एम**


एमाले, कांग्रेस, माओवादीले मधेशीको अधिकार खोसेर पनि सयौं मधेशी बृद्ध, बच्चा लगायत महिलाको हत्या गराएर पुनः भोट पनि मधेशकै चाहिने ? भवन चौधरी


जनताको हक र अधिकारको लागि "लडेका" नेताहरू स्थानीय तहको टिकट नपाउँदा हिजोसम्म गाली गर्ने दलको टीका थापेर टिकट लिइरहेका छन् । **भुषण यादव**


कुनै वाद र दलीय शक्तिले प्रताडित अल्पमतहरूलाई कुनै पनि प्रकारको विभेदले सदाबहार दमित गर्ने नियत लिइरहनुले राजनीतिक कमजोरी निम्त्याएको हो कि जस्तो लाग्छ । राजनीतिका लागि राजनीतिभन्दा जनताको पीरमर्का र आवश्यकता समाधानको राजनीति उत्तम हो । **डि.बी इलामे**

## प्रदेश नं. २ मा...

'कोर' मतदाता अन्यत्र नगएको दाबी गरिरहँदा उसको आधार यसपटक कमजोर बनेको छ । एमाले पहिलो स्थानबाट तल झर्ने सम्भावना बढी छ । एमालेकै केही नेताको अशिष्ट अभिव्यक्तिका कारण एमालेप्रति मधेशमा आक्रोश बढ्ने क्रम थामिएको छैन । यसबाट प्रदेश २ का आठ जिल्लामा एमालेको जनाधार नराम्ररी प्रभावित हुनेछ । भ्रम सिर्जना गर्ने शब्द प्रयोग गर्दै चर्को भाषणबाजी नरोकिए त्यसले थप नोक्सानी दिलाउने छ । एमालेलाई अन्य प्रदेशमा जस्तो दुई नं प्रदेशमा चुनाव जित्न सहज भने छैन । चुनावको मुखमा नेताहरूले एमाले मधेश विरोधी नभएको स्पष्टीकरण दिइरहँदा पनि आम मधेशी जनता विश्वास गर्न सकिरहेका छन् । एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री हुँदा मधेशमा आन्दोलनरत मधेशी दलहरू वार्ताका लागि कहिले सिंहदरबार त कहिले बालुवाटार गए । प्रधानमन्त्री ओलीले बालुवाटारको वार्तामा समथर भूमि जति मधेश हुने भए विहार र यूपि पनि समथर छ त्यहि जानुहोस् भन्ने शब्दले मधेशी नेताहरू झस्किएका थिए । यस्तै, ओलीलेले २०७२ असोज १७ गते अर्को अभिव्यक्ति दिए माखे साङ्लो । मधेशीले पूर्वपश्चिम राजमार्गमा मानवसाङ्लो बनाएर प्रर्दशन गरेपछि यसलाई ओलीले माखे साङ्लोको संज्ञा दिएका थिए । एमाले नेता शंकर पोखरेलले पनि ट्वीट गर्दै लेखेका थिए-जस्ता काला मान्छे, त्यस्तै कालो दिवस मनाउदै छन् । जसको देशभरी आलोचना भएको थियो । ओली र पोखरेललेमात्रै होइन, वरिष्ठ नेता झलनाथ खनालले पनि 'आफुले लगाउने धोती जस्तै प्रदेश मागेको' भन्ने अभिव्यक्ति दिएका थिए । यहि र यस्तै अभिव्यक्तिका कारण आज एमालेका अध्यक्ष ओली र नेताहरू आज स्पष्टिकरण दिँदै हिँड्न बाध्य भएका छन् । एमालेका नेताहरूले अहिले जति स्पष्टिकरण दिएपनि दुई नं प्रदेशका जनताले भने आफूमाथि एमाले नेताहरूले गरेका टिप्पणी नभुल्ने र यसले निर्वाचनमा एमालेलाई ठूलो नोक्सान हुने निश्चित छ । रोचक पक्ष त के छ भने अध्यक्ष ओली आफूलाई अहिले मधेशको पक्षधर बताउँछन् । तर, उनको मुखबाट मधेश भन्ने शब्द सुनिदैन । उनी अहिले पनि दुई नं प्रदेशलाई तराई नै भन्छन् । ओली अहिलेसम्म तराई अथवा मधेशमा प्रचार प्रसारमा पनि गएका छैनन । देशभरी साना ठूला कार्यक्रममा सहभागी हुने ओली मधेशको चुनाव प्रचारका लागि गएका छैनन् ।

## १६औं राष्ट्रिय हिन्दी सम्मेलन सम्पन्न

जनकपुरधाम । नेपाल हिन्दी प्रतिष्ठानद्वारा जनकपुरधाममा आयोजना गरिएको दुई दिवसीय सोरहौं नेपाल राष्ट्रिय हिन्दी सम्मेलन नौं सूत्रीय घोषणापत्र २०७४ जारी गर्दै सम्मेलन सम्पन्न भएको छ । १६औं नेपाल राष्ट्रिय हिन्दी सम्मेलनको पहिलो दिन हिन्दी भाषा र साहित्य र समृद्धिमा विशिष्ट योगदान पुर्याउनु भएका , रामविलास यादव (सिरहा),चन्द्रशेखर राय चमन (महोत्तरी), अजय झा (महोत्तरी), सूर्यदेव साह (धनुषा), देशवन्धु यादव (नवलपरासी),प्रकाश राय (विराटनगर), सुदर्शन लाल (जनकपुर),रामवावु निरव (सितामढी,भारत), प्रा.डा.कमलकान्त झा (जयनगर,भारत) लाई सम्मानित गरिएको छ । दोश्रो दिन आयोजित गणतन्त्र नेपाल की भाषा नीति और हिन्दी विषयक राष्ट्रिय विचार गोष्ठीमा प्रतिठानको अध्यक्ष राजेश्वर नेपालीले राष्ट्रिय विभूति जनक र जानकीको पुण्यभुमि जनकपुरधामलाई धार्मिक पर्यटन केन्द्रको रूपमा विकास गर्नु पर्ने मांग गर्दे मधेशको पहिचान तथा सम्पूर्ण देशलाई जोडने हिन्दीलाई दोश्रो सरकारी कामकाजको भाषा बनाउनेमा जोड दिए ।

## "महिला सशक्तिकरणमा समाजको अहम् भूमिका"


*नेपाल-भारत महिला मैत्री समाजद्वारा आयोजित कार्यक्रममा अतिथिगण ।*

काठमाडौं । उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले महिला सशक्तिकरणका लागि नेपाल-भारत महिला मैत्री समाजको अहम् भूमिका रहँदै आएको भन्दै प्रशंसा गरेका छन् । उनले महिला मैत्री समाजले गर्दै आएको कार्य प्रशंसनीय रहेको बताए । राजधानीमा समाजका अध्यक्ष चन्दा चौधरीको अध्यक्षतामा आयोजना भएको एक कार्यक्रममा परराष्ट्रमन्त्री महराले सम्बोधन गर्दै नेपाल-भारत सम्बन्धमा प्रगाढ बनाउन समेत समाजको भूमिका रहेको जिकिर गरे । साथै उनले नेपाल-भारत महिला मैत्री समाजको उत्तरोत्तर प्रगतिसमेत कामना गर्दै महिलाको क्षमता अभिवृद्धि र उत्थानका लागि सराहनीय कार्य गरेको बताए ।

सोही कार्यक्रमम भारतीय राजदूतावासक डा.अजय कुमारको समेत उपस्थिति रहेको थियो । उनले नेपाल-भारतको सम्बन्धबारे प्रकाश पार्दै सदियौंदेखि रहेको दुई देशबीचको सम्बन्धलाई प्रगाढ बनाउन महिला मैत्री समाजले अहम् भूमिका खेलेको बताए । महिलाको उत्थान र क्षमता अभिवृद्धिका लागि भारतीय राजदूतावासले सक्दो सहयोग गर्ने प्रतिबद्धतासमेत जनाए । साथै, उनले नेपालमा गएको महाभूकम्पका बेला भारतले पीडितहरूका लागि पुनर्निर्माणमा अहम् भूमिका खेलेको स्मरण गराए । गोरखा जिल्लामा भूकम्पबाट बढी क्षति भएको भन्दै उनले सो जिल्लामा एकीकृत बस्ती निर्माणका लागि दूतावासले पहल गरिरहेको जिकिर गरे । उनले नेपालमा हरेक किसिमको विकासका लागि सधैं अग्रसर रहने जानकारी दिए ।

कार्यक्रममा सम्बोधन गर्दै महिला मैत्री समाजकी अध्यक्ष चन्दा चौधरीले समाजलाई सबैको सुझाव र सहयोगको आवश्यकता रहेको बताइन् । उनले सशक्त महिलाबाट नै सशक्त समाज निर्माण हुने धारणा राखिन् ।

## कबिलासीलाई उदाहरणीय बनाउने उपमेयरकी प्रत्यासी ठाकुरको लक्ष्य


*माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग हात मिलाउँदै कबिलासी नगरपालिकाकी उपमेयर प्रत्यासी रेणु ठाकुर ।*

काठमाडौं । सर्लाही कबिलासी नगरपालिकाको उप मेयरमा नेकपा माओवादी केन्द्रकी प्रत्यासी रेणु ठाकुर युवा लक्षित कार्यक्रमका साथ चुनावी मैदानमा होमिएकी छिन् । युवालाई सशक्त नबनाई नगरको विकास गर्न नसकिने धारणा राख्दै उनी युवा वर्गका लागि विशेष प्राथमिकता दिने बताएकी छिन् । यसका साथै आफू उपमेयरमा जिते नगरलाई स्वच्छ र हराभरा बनाउनुका साथै कबिलासीलाई उदाहरणीय बनाउने उनको लक्ष्य छ । समाजसेवीको रूपमा काम गरेर चर्चा बटुलेकी ठाकुरसँग राजनीतिक अनुभव पनि छ । उनले आफूसँग नगरलाई सहि नेतृत्व दिन सक्ने खुबी भएको दाबी गर्दै नगरपालिकाको समुन्नत विकास, युवालाई रोजगारी, भ्रष्टाचारमुक्त समाजको निर्माणको लागि आफूले उम्मेदवारी दिएको प्रष्ट पारिन ।

महिला हकको लागि लड्ने प्रतिवद्धता उनको छ । आउने एक वर्षभित्र आफनो नगरपालिकामा सडक, विजुली, अस्पताल र विद्यालयको व्यवस्था गरी आम नागरिकलाई आधारभूत विकासको अनुभूति दिने पनि उनको योजना छ ।

ईन्टरनेट सुविधा हरेक गाउँ सम्म पुऱ्याउने लक्ष्य पनि उनको छ ।

हरेक गाउँमा सोलार लाईट जडान गर्ने, गाउँको विद्यालयहरूमा पुस्तकालयको व्यवस्था गर्ने, फ्रि वाईफाईको व्यवस्था मिलाउने आफनो योजना रहेको उनले सुनाइन । आफूमा केही गर्ने क्षमता रहेको र नगरको विकासको लागि सबै सम्भावनालाई आफूले सुक्ष्म ढंगले न्यालिरहेको बताउँदै उप मेयरकी प्रत्यासी ठाकुरले आफनो जीत सुनिश्चित भएको पनि दाबी गरिन् । उनीसँगै सो पार्टीबाट मेयरमा देवेन्द्र यादवले उम्मेदवारी दिएका छन् ।

## "दुलारी बेटी"को शुभ मुहुर्त




जनकपुरधाम । मैथिली फिल्म दुलारी बेटीको जनकपुरधाममा शुभ मुहुर्त गरिएको छ । जानकी मन्दिरमा पुजापाठ गरी एक समारोहका बीच समाजसेवी एवं पत्रकार रामअशिष यादवले शुभ मुहुर्त गरेका छन् । निर्माता मनोज मैथिलद्वारा निर्माण हुन लागेको फिल्ममा दाइजो विरूद्धको अभियान चलाइने जानकारी दिए । भारतको मोडलको विशेष सहभागिता रहने फिल्ममा कमल मण्डल, अनिता यादव, मंजु यादव, करिशमा रावल, माया मन्दिर मगर, श्रुति भण्डारी लगायतको मुख्य भूमिका रहने जनाइएको छ । फिल्मको निर्देशन शम्भु सिंह र दीपक मण्डलले गर्नेछन् भने सँगीत कमल मण्डलको रहनेछ । साथै, सोही कार्यक्रममा "जुलुम भेलई रे भाई" मैथिली टेलिसिरियलको समेत शुभमुहुर्त गरिएको थियो ।

## पश्चिम बंगाल पर्यटन तथा व्यापार मेला सम्पन्न



काठमाडौं । नेपाल-भारत दौत्य सम्बन्ध स्थापना भएको ७०औं वर्ष पुगेको उपलक्ष्यमा काठमाडौंमा भारतको पश्चिम बंगाल पर्यटन तथा व्यापार मेला सम्पन्न भएको छ । नेपाल पर्यटन बोर्ड, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपालस्थित भारतीय दूतावास र पश्चिम बंगाल उद्योग वाणिज्य सङ्घको संयुक्त आयोजनामा सोल्टी होटलमा मेला भएको छ । मेलामा प्रख्यात बंगाली खानाका परिकार तथा सांस्कृतिक प्रस्तुति रहेको थियो । मेलालाई एशिएन पेन्ट्स र नेस्ले पनि सहयोग गरेको थियो । यसै अवसरमा बंगाली चलचित्र मेस्सीको पनि प्रदर्शन गरिएको छ । भेलाको उदघाटन गर्दै प्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकमा रहेका प्राकृतिक स्रोत साधनलाई समुचित उपयोग गरी आर्थिक समृद्धि प्राप्त गर्न सकिने बताए । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष भवानी राणाले मुलुकमा राजनीतिक स्थायित्व भई संविधान कार्यान्वयनको चरणमा रहेकाले आर्थिक लगानीको वातावरण बनेको उल्लेख गरे । नेपालका लागि भारतीय राजदूतावासका कार्यवाहक राजदूत डा. अजय कुमारले नेपाल-भारत दौत्य सम्बन्धको ७०औं वर्ष पुगेको अवसरमा दुवै देशको आर्थिक, सामाजिक, धार्मिक, पर्यटकीय, सांस्कृतिक सम्बन्धलाई मजबुत बनाउन मेला उपयोगी हुने बताए ।

## पेन्सन कार्यालयको शिलान्यास




काठमाडौं । नेपालका लागि भारतीय राजदूत मन्जिभसिंह पुरीले बुटबलमा प्रस्तावित पेन्सन पेइङ कार्यालयको शिलान्यास गरेका छन् । त्यस अवसरमा कर्नेल मान राज सिंहले स्वागत मन्तव्य राख्दै यस्ता प्रकारको प्रयासले नेपाल भारतबीचको सम्बन्धमा थप योगदान प्रदान गर्ने उल्लेख गरे । प्रस्तावित पेन्सन कार्यालय यसअघि सन् १९६५मा जिल्ला सैनिक बोर्डको रूपमा स्थापित भएको थियो । यस कार्यालयले करिब ४५ हजार पूर्व भारतीय गोरखा सैनिक र उसका परिवारलाई पेन्सन प्रदान गर्नेछ ।







मिथिला दर्शन टी.भी.
कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं